# महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. का कामी जातिको अन्य जातजातिसँगको सम्बन्ध

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाजशास्त्र केन्द्रिय विभागको स्नातकोत्तर तह द्वितिय वर्षको समाजशास्त्र विषयको आंशिक आवश्यता परिपूर्तिको लागि प्रस्तुत

**शोधपत्र**

शोध प्रस्ताव


ललिता कुमारी पराजुली
रोल नं : २२१
रेजिष्ट्रेशन नं.



त्रिभुवन विश्वविद्यालय
समाजशास्त्र केन्द्रिय विभाग
कीर्तिपुर, काठमाडौं
२०७३

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं

सिफारिस पत्र

प्रस्तुत शोधपत्र **महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. का कामी जातिको अन्य जातजाति संगको सम्बन्ध**शीर्षकमा ललिता कुमारी पराजुली त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकताको परिपूर्तिको लागि मेरो निर्देशन र सुपरिवेक्षणअनुसार तयार पार्नु भएकोले यस शोधपत्रको अन्तिम मूल्याङ्कन र स्वीकृतिको लागि सिफारिस गर्दछु ।

.................................

डा.कृष्ण भट्टचन

शोधनिर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं ।

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा सामाजिकशास्त्र संकाय**

**समाजशास्त्रकेन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौं, नेपाल**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र तहको उपाधि प्राप्तिको निम्ति ललिता कुमारी पराजुली द्वारा तयार पारिएको "कामी जातिको अन्य जातजाति सँगको सम्बन्ध" नामक शोधपत्र समाजशास्त्र विषयको स्नाकोत्तर तहको उपाधिको लागि उचित ठहरिएकोले उपाधिको लागि उचित ठहरिएकोले स्वीकृति प्रदान गरिएको छ ।

| शोधपत्र मूल्याङ्कन समिति | हस्ताक्षर |
|---|---|
| प्रा. डा. तुलसीराम पाण्डे<br>विभागिय प्रमुख | ........................... |
| डा. सुरेन्द्र मिश्र<br>बाह्य परिक्षक | ........................... |
| डा. कृष्ण बहादुर भट्टचन<br>आन्तरिक परिक्षक | ........................... |

# कृतज्ञता ज्ञापन

नेपाल एक बहुभाषिक बहुसांस्कृतिक र बहुजाति तथा जनजाति बसोबास गर्ने देश हो । जहाँ समानता र असमानताका बीच बाचेका विभिन्न जातजाति तथ जनजातिको मूल्य र मान्यतालाई उजागर गर्ने साझा फूलबारीका रुपमा लिन पनि सकिन्छ । नेपाली समाजे केही जातिलाई दलित रुपमा त केही उच्च जातको रुपमा परिभाषिक गरेको पाइन्छ । समयको विकासको क्रममा जयस्थिति मल्लले कामको आधारमा जातको विभाजन गरेको पाइन्छ । जातको आधारमा गरिएका कार्य विभाजनले विस्तारै समयक्रममा समाजमा केही जातिहरुलाई दलित परिभाषित गर्दै अछुतको व्यवहार गरेको पाइन्छ । समाजको संरचना हेर्दा र समाजशास्त्रीय रुपमा व्यख्या गर्दा दलितका रुपमा रहेका जतिहरु आर्थिक, सामाजिक, शैक्षिक राजनितीक रुपमा अन्य जाति भन्दा पछाडि परेका छन् ।

यसरी नै विभिन्न जात जातिहरु बिच समाजमा रहेका विभिन्न सहयोग हेर्नको लागि पनि कामी जाति र अन्य जातजातिहरुको सामाजिक सांस्कृतिक, आर्थिक, शैक्षिक, राजनितिकसम्बन्धको समाजशास्त्रीय अध्ययन अनुसन्धान गर्नु आवश्यक ठानी मैले यो अध्ययन गरेकी छु ।

यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो व्यस्त समयको कुनै ख्याल नगरी अध्ययनमा अमुल्य समय दिई आवश्यक सुझाव दिनु भै शोधपत्रलाई पूर्णता दिनुहुने श्रद्धेय गुरु डा. कृष्ण बहादुर भट्टचन ज्यू साथै मलाई यस विषयमा शोध गर्न अनुमति दिनुहुने विभागिय प्रमुख प्रा. डा. तुलसीराम पाण्डे ज्यू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु  साथै मलाई यो शोध कार्यको छिटो सिध्याउनु पर्छ भनि सल्लाह दिनु हुने यस विभाग अन्तर्गतका सम्पूर्ण गुरु गुरुआमा साथै मेरा प्रिय मित्रहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यस्तै शोधप्रस्ताव देखि शोधपत्र त्यार पार्दासम्म निरन्तर सहायोग गर्नु हुने मेरा प्रिय अंकल अर्ण बलम्पाकी र आन्टी पुजा बलम्पाकी (बस्नेत) को सहयोग, योगदान बिना यो शोधकार्यले पूर्णता पाउन नसक्ने भएकाले उहाँहरुप्रति हार्दिक कृतज्ञ छु । यो शोधकार्य पूर्ण गर्न निरन्तर सल्लाह सुझाव र प्रेरणा दिने सबै मामाहरु माइजुहरुप्रति कृतज्ञता व्यक्त गर्दछु ।यसरी नै सधै अध्ययनका लागि वातावरण तयार गरिदिनुहुने बुबा, आमा, बहिनीहरुप्रति ऋणी छु । यो शोधपत्र मेरो लामो समयको अध्ययन छलफल चिन्तन दौडधुप गरेर संकलन तथ लेखनको प्रतिफ हो शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने हाथिलेट गा. वि. स म बसोबास गर्ने सम्पूर्ण जातिका दाजुभाई तथा दिदीबहिनीहरु प्रति आभार व्यक्त गर्न चाहान्छु ।

अन्त्यमा यो शोधपत्र सफा र शुद्ध रुपमा कम्प्युटर टाइप सेटिङ्ग गरि सहयोग गर्ने युनिभर्सिटी कम्पयुटर का दाइ सुरेश प्रधान तथा बहिनी बर्षा महर्जन लाई धन्यवाद दिन चाहन्छु ।


ललिता कुमारी पराजुली

समाजशास्त्र केन्द्रिय विभाग

कीर्तिपुर, काठमाडौं २०७३

विषयसुची


| | |
|---|---|
| अध्याय -एक : परिचय | १-८ |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ४ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययन महत्व | ६ |
| १.५ अध्ययनको संगठनात्मक स्वरुप | ७ |
| अध्याय-दुई : पूर्व साहित्यको पुनरावलोकन | ९-१९ |
| अध्याय-तिन : अनुसन्धान विधि | २०-२४ |
| ३.१ अध्ययन क्षेत्रको छनौट | २० |
| ३.२ अनुसन्धानको ढाँचा | २१ |
| ३.३ नमुना छनौट | २१ |
| ३.४ तथ्याङ्कको स्रोत र प्रकृति | २१ |
| ३.५ तथ्यांक संकलनमा विधि वा तरिकाहरु | २२ |
| ३.५.१ घरधुरी सर्वेक्षण | २२ |
| ३.५.२ अवलोकन विधि | २२ |
| ३.५.३द्वितीय स्रोतको तथ्यांक अध्ययन | २३ |

३.६ तथ्याङ्कको वर्गीकरण र सम्पादन २३

३.७ तथ्याङ्कको प्रस्तुतीकरण २३

३.८ अध्ययनको सिमा २३

३.९ अनुसन्धानको क्रममा अनुभव गरिका समस्याहरु २४

अध्याय-चार : अध्ययन क्षेत्रको सामान्य परिचय २५-३७

४.१ भौगोलिक स्थिति २५

४.१.१ जनसङ्ख्या २६

४.१.२ अध्ययन क्षेत्र २६

४.१.३ प्राकृतिक सम्पदा २९

४.१.४ जातजातिगत विवरण २९

४.२ सामाजिक सांस्कृतिक सम्बन्ध ३१

४.३ आर्थिक सम्बन्ध ३२

४.४ राजनितिक सम्बन्ध ३४

४.५ शैक्षिकसम्बन्ध ३५

अध्याय-पाँच : कामी जातिको सामाजिक-सांस्कृतिक, शैक्षिक तथा राजनितिक सम्बन्ध३८-७३

५.१ सामाजिक सांस्कृतिक सम्बन्ध ३८

५.१.१ पारिवारिक सम्बन्ध ३८

५.१.२ भाषिक सम्बन्ध ४०

५.१.३ वैवाहिक सम्बन्ध ४२

५.१.४ धार्मिक सम्बन्ध ४८

५.१.५ चाडपर्वकोसम्बन्ध ५२

५.१.६ आर्थिक सम्बन्ध ५७

५.२ शैक्षिकसम्बन्ध ६३

५.३ राजनितिक स्थिति सम्बन्ध ६७

अध्याय-६ : सारांश, निष्कर्ष ७३-८१

६.१ सारांश ७३

६.२ निष्कर्ष ७९

सन्दर्भसामग्री ७२

अनुसूची

# तालिका सूची


तालिका नं. १ : हाथिलेट गा. वि.स को वडागत जनसंख्या विवरण २८

तालिका नं. २ : हाथिलेट गा. वि. स. के वडा नं. २ का जातिगत जनसंख्यको विवरण ३०

तालिका नं. ३ : उत्तरदाताको पारिवारीक विवरण ३९

तालिका नं. ४ : जातियताको सङ्ख्याको आधारमा उत्तरदाताको पारिवारिक विवरण ४०

तालिका नं. ५ : जातजातिको संलग्नताको आधारमा भाषिक विवरण ४१

तालिका नं. ६ :जातियताको आधारमा विवाहको उपयुक्त उमेर ४३

तालिका नं. ७ : विवाहको आधारमा जातजातिको विवरण ४४

तालिका नं. ८ : अन्तरजातिय विवाहलाई जातजातिले मान्यता दिइएको विवरण ४६

तालिका नं. ९ : जातजाति बिच बैवाहिक विवरण ४७

तालिका नं. १० :महोत्तरी जिल्लाका धार्मिक विवरण ४९

तालिका नं. ११ : धर्मको आधारमा जातजातिको पारिवारिक विवरण ५०

तालिका नं. १२ : जातियताको आधारमा धार्मिक कार्यमा जातजातिको उपस्थितिको विवरण ५२

तालिका नं. १३ :चाडपर्वको आधारमा अन्य जातिको उपस्थिति ५३

तालिका नं. १४ :जातिय संस्कारको अवलम्बन ५४

तालिका नं. १५ :जातजातिको आधारमा सामाजिक सांस्कृतिक सहयोगको विवरण ५५

तालिका नं. १६ :पेशाको आधारमा जातजातिको पारिवारिक संलग्नताको विवरण ५८

तालिका नं. १७ :जातजाति बिच ऋण लेनदेनको विवरण ६०

तालिका नं. १८ :जातजातिको आधारमा ऋण सापटी लिएको विवरण ६१

तालिका नं. १९ :शिक्षाको आधारमा जातजातिको पारिवारिक विवरण ६४

तालिका नं. २० :जातजातिको शैक्षिक आधारमा विद्यालयको विवरण ६६

तालिका नं. २१ :जातजातिको आधारमा राजनितिक पार्टीमा संलग्नताको विवरण ६८

तालिका नं. २२ :जातजातिको आधारमा राजनितिक पार्टीमा आबद्ध जातिगत सहयोग ६९

तालिका नं. : २३ राजनितिक रुपमा जातिगत व्यवहारको भेदभाव विवरण ७१

## संक्षेपीकरण

आ.ज : आदिवासी जनजाति

गा. वि. स. : गाउँ विकास समिति

नेकपा एमाले : नेपाल कम्युनिष्ट पार्टी एकीकृत माओवादी लेलिनवाद

म : महिला

पु : पुरुष

% : प्रतिशत

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

विभिन्न जात, जनजातिको साझा चौतारीको रुपमा आफ्नो अलग्गै धार्मिक, सामाजिक सांस्कृतिक वा प्राकृतिक विशेषता बोकेको एसियामा अवस्थित हाम्रो देश नेपाल विश्वका दुई ठुला राष्ट्रहरु चीन र भारतको बीचमा रही भौगोलिक विश्वमान चित्रमा पृथ्वीको कुल क्षेत्रफलको ०.०३% भू भाग एसिया महादेशको कूल क्षेत्रफलको ०.३% अर्थात् अत्यन्तै सानो ठाउँ ओगटेको भएता पनि यसको आफ्नो छुट्टैपहिचान आदिकाल देखि रहि आएको छ । नेपाल एउटा सानो राष्ट्र भएतापनि यहाँ बहुभाषा बहुजाती बहुधार्मिक बहुसांस्कृतिक र बहु सामाजिक मूल्य मान्यता तथा रितिरिवाजको अनुपम विशेषता बोकेको आफ्नै विशिष्ट सुगम थलो हो । यस्ता बहुविशेषता जाति तथा जातजातिहरुको सामुहिक विशेषताहरुको समिश्रणबाट नै बृहत नेपाली राष्ट्रिय संस्कृतिको निर्माण भएको छ । यस्ता विशेषताहरुले भरिपूर्ण महोत्तरी जिल्ला, हाथिलट गा.वि.स. र विजयवस्ती (नयाँ गाउ) मा रहेको कामी जातिको अन्य जाति संगको सामाजिक तथा आर्थिक, शैक्षीक, राजनैतिक सम्बन्धको विश्लेषण गर्नु शोधप्रस्तावको छनोटमा रहेको छ ।

नेपाल एक बहुजातिय, बहुसांस्कृतिक, बहुभाषिक र बहुधार्मिक मानिसहरुको बसोबास रहदै आएको देश हो । जहाँ समानता र असमानतामका बीच बाचेको विभिन्न जातजातिको तथा जनजातिको मुख्य मुल्य र मान्यतालाई उजागर गर्ने साझा फुलबारी हो (विष्ट वि. सं. २०५५) । यहाँ जात जाति तथा जनजातिको संख्या १२५ रहेको छ । नेपाली समाजमा कानुनी रुपमा नभएता पनि सामाजिक रुपमा केहि असमानताहरु अझै विद्यामान रहेका छन् । सबै जातजातिले आफ्नो परम्परागत वंशका आधारमा जातिय व्यवस्था मान्दै आएको पाइन्छ । ती जातजातिहरु मध्ये दलित कामी जाति पनि एक हो । नेपालको कुल जनसंख्या मध्ये पुरुष ४८.५०% (१,२८,४९०४१( र

महिला ५१.५०% (१,३६,१४५,४६३) रहेका छन् जसमध्ये कामी जातिको जनसंख्या १२,५८,५५४ रहेको छ (जनगणना २०६८) ।

प्राचीन समयमाकामी जातिको उच्च स्थान रहेको पाइन्छ तर समाजको विकाससंगै यो जातिको अवस्था त्यति किास भएको पाइँदैन । समयको परिवर्तन सँगै यो जातिले फलाम, तामा र सुनका विभिन्न किसिमका सर-सामानहरु र गहना बनाउने पेशा अँगाल्दै वर्तमान समयसम्म आएको पाइन्छ । समाजको विकास सँगसँगै विभिन्न किसिमका सरसामानहरु विशेषत? कृषि पेशामा प्रयोग हुने औजारहरु बनाउन थाले भने केहिले विभिन्न किसिमका भाँडावर्तनहरु बनाउने र केहिले विभिन्न किसिमका गरगहनाहरु बनाउने पेशामा लागेको देख्न सकिन्छ । तर वर्तमान समयमा आएर कामी जातिले उच्च जातिको सिको गरेर आफ्नो परम्परात पेशालाई विर्सेर व्यापार गर्ने, विदेश जाने, मजदुरी गर्ने जस्ता कामलाई अवलम्बन गर्न थालेको पाइन्छ । त्यस्तै अन्य पेशामा संलग्न हुँदै जाँदा थरहरु बढ्ल्ने, ढाँट्दै जाने प्रचलन बनेको पाइन्छ । ‘कामी’ वा विश्वकर्मा लेख्दा अन्य जातिको सामाजिक अपमान सहनु परेकाले पनि थर बढलेको पाइन्छ । ताकी तिनीहरु समाजमा सम्मानित रुपमा बस्न र विभिन्न किसिमका पेशा गर्न सहज वातावरण मिल्न सक्दछ ।

मानव जातिको विकासको क्रममा समाजमा बस्ने मानिसले गर्ने कामको आधारमा मानिसलाई ४ वर्ण ब्राह्मण, क्षेत्री, वैश्य र सुद्रका रुपमा विभाजन गरिएको वेद, उपनिषद र पुराणमा उल्लेख छ । कामी वा विश्वकर्मा पनि चौथो वर्ण संग सम्बन्धित छ । यिनीहरुको काम समाजमा तल्लो स्तरको मानिएकोले माथिल्लो जातका मानिसहरुले कामीलाई अछुत जातिको रुपमा व्यवहार गरेको पायन्छ । उपल्लो तथा अन्य जातिहरुले कामी जातिहरुलाई हेर्ने दृष्टिकोण फरक रहेको पाइन्छ । जस्तै कामी जातिलाई अछुत छोइछिटो हाल्नुपर्ने, पिछिडिएको दलित जाति जस्ता उपमा दिएर उनीहरुलाई हेप्ने गर्ने गरेको पाइन्छ । (शर्मा, सन् १९७७) ।

धार्मिक मान्यता अनुसार ऋग्वेदलाई जाति प्रथाको श्रेय मानिएको छ । ऋग्वेदमा ब्राहमणहरु परमात्माको मुखबाट, क्षेत्रीहरु, बाहुवाट, वैश्यहरु तिघ्राबाट

सुद्रहरुको उत्पत्ति पैतालाबाट भएो हो भन्ने उल्लेख छ (बराल, २०४४ : १३-५८) । यसरी कामी जातिको उत्पत्ति धार्मिक मान्यता अनुसार परमात्माको पैंतालाबाट भएको पाइन्छ ।

मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजनबारे वर्णन गरेकाछन् । जस अनुसार ब्राहमणले वेद पढ्नु पढाउनु, दान लिनुदिनु यज्ञ गर्नु, क्षेत्रीले प्रजाको रक्षा गर्ने देशलाई विपत्तीबाट संरक्षण गर्ने, दान गर्नु, गज्ञ गराउनु, वैश्यले वाणिज्य व्यवसाय तथा कृषी कार्य गर्नु र सुद्रले आफूभन्दा माथिका तीनै वटा वर्णको सेवा गर्नु (बराल, २०४४) । कामी जातिले आफूभन्दा माथिल्लो जातिको सेवा गर्नुपर्ने कुरा मनुस्मृतिमा उल्लेख गरेको पाइन्छ ।

कामी जाति र अन्य जातिको सम्बन्ध मनस्मृतिले प्रस्टाएको पाइन्छ । जसले गर्दा कामी जातिहरु उनीहरुको हेलाको दृष्टि बनेको पाइन्छ । कामी जातिमा महिला र पुरुषको भुमिका विशेष किसिमको भएको पाइन्छ । किनकी नारी वा महिलालाई विशेष रुपमा हेर्ने गरिन्छ । कामी जातिमा महिला र पुरुषलाई हेर्दा लैङ्गिक विभेद भएको पाउन सकिन्छ । किनभने घरको सबै काम महिलाहरुले नै गर्नुपर्ने र पुरुषहरुले भने घर बाहिरको काम गर्ने, ज्यालादारी, मजदुरी पनि गर्ने गरेको पाइन्छ । भने महिलाहरुको विहान उठ्ने पानि लिने देखि खाना गाईवस्तु भाउँको हेरचाह गर्ने, मेलापात जाने काम इत्यादि गर्ने गर्दछन् ।

कामी जातिको मुख्य गरी पहाडी क्षेत्रमा कास्की स्याङ्जा गुल्मी, तनहुँ गोर्खा, वाग्लुङ त्यस्तै मध्ये पश्चिमी  भेगमा सुदूर पश्चिमी भेग त्यस्तै मध्य पश्चिमी भेगमा बसोबास गरेको पाइन्छ । त्यस्तै धेरै थोरै कामी जातिहरु हाल नेपालको ७५ वटै जिल्लामा पनि बसोबास गर्ने गरेको भेटिएको पाइन्छ ।

त्यस्तै कामी जातिको बसोबास पहाडी भेगमा धेरै भएका कारणले उच्च जाति ब्राहमण क्षेत्रीहरुले यस जातिप्रति हेपाइको प्रवृत्ति पाइएको छ । धेरै कुराहरुमा आफ्नै मौलिकता हुदाँहुदै पनि कामी जातिलाई अछुत जाति भनि सामाजिक विभेद गरेको पाइन्छ । सामाजिक विभेद छोइछिटो जस्ता कु-संसकार अझै कायमै भएकोले दलित

कामी लगायत अन्य अछुत जातिले छुवाछुत, विभेद तथा उच्च जातिको दमन विरुद्ध पश्चिम नेपालमा दलित अछुत भनिएकाहरुले जातिय आन्दोलन शुरुवात गरे । यस आन्दोलनको सुरुवात पनि वाग्लुङ्ग जिल्लाबाट सर्वेजित विश्वकर्माले गरेका थिए ।

त्यस्तै महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. मा जम्मा घर संख्या ११३१६ रहेको छ भने कूल जनसंख्या ६२७५८० रहेको पाइन्छ । त्यसै मध्ये पुरुष ३११०६ र महिला ३१६५६४  रहेको छ । (CBS 2011)त्यसैगरी कामी जातिको संख्या ३९४ रहेको पाइन्छ भने महिला १९१ र पुरुष २०५ रहेको छ भने घर सङ्ख्या जम्मा ६८ रहेको छ (हरियो नेपाल, २०७१) । यस गा.वि.स. मा सबै जातजातिहरुको जमात रहेको पाइन्छ । जसमा मगर, तामाङ्ग, राई मधेसी, क्षेत्री, ब्राहम्ण र कामी (दलित) हरु रहेको पाइन्छ । हाथिलेट गा.वि.स मा रहेको विजयवस्ती (नयाँ गाउँ) मा बसोबास गर्ने कामी जातिहरुको आफै संस्कृति, सामाजिक परिवेशर उनीहरुको आर्थिक पक्ष अन्य जातिको भन्दा केहि फरक रहेको पाइन्छ । त्यस्तै यस जातिहरुको अन्य जातिहरुसंगको सम्बन्ध, सामाजिक क्रियाकलाप सहकार्य तथा साँस्कृतिक सम्बन्ध, आर्थिक, राजनितक, शैक्षिक तथा अन्य दलितसंगको सम्बन्धहरुको खोज तथा अनुसन्धान गरी सत्य तथा यर्थाथता साथै जातिगत सम्बन्ध र व्यवहारले कामी जातिलाई पारेको प्रभाव वारे भन्ने कुरा अध्ययनको लागि त्यस क्षेत्रकाम कामी जातिहरुलाई मैले अध्ययन क्षेत्र बनाएकी छु ।

## १.२ समस्याको कथन

नेपाल एक बहुभाषिक, सांस्कृतिक, धार्मिक भएका विविध जाति तथा जनजातिले बसोबास गरेको विशेषताले भरिएको  देश हो । जुनसुकै जाति जनजातिहरुको आ-आफ्नै मौलिक भाषा धर्म संस्कृति तथा परम्परा रहेको छ । यी विविध परम्पराहरु, सँस्कृतिहरु, धर्महरु, भाषाहरु बोकेका जाति जनजाति एक अर्कोमा समुधर सम्बन्ध राख्दै सहिष्णुताको भावनाबाट एकीकृति भएका भएता पनि समानुपातिक विकासको अभावले केहि जातिहरु बीच समानुपातिक सुविधाको सम्बन्धमा आएको केहि असमानताले गर्दा यदाकदा द्वन्द्वको शुरुवात पनि भएको पाइन्छ । सबै जाति तथा जनजातिहरुको समानुपातिक रुपले पाइन्छ । सबै जाति तथा

जनजातिहरुको समानुपातिक रुपले उनीहरुको परम्परागत भाषा, संस्कृति, धर्म, रितिरिवाज जस्ता कुराहरुको संरक्षण गर्दै विकास समेत हुनु आवश्यक देखिन्छ ।

देशमा रहेका महत्वपूर्ण जातजातिहरु मध्ये कामी जाति पनि एक हो । जसले अरुको सेवा, कृषी लगायत विभिन्न कामहरुमा संलग्न रहेका छ । आजको विकसित र सभ्य समुन्नत समाजको परिकल्पना गरिरहेको अवस्थामा कीन कामी जातिहरु सामाजिक-सास्कृतिक, आर्थिक, राजनैतिक, शैक्षिक रुपले पछि परिरहेका छन् ? के र कति कारणले समाजले तिनिहरुलाई अगाडी बढ्नलाई व्यवधान निर्माण गरिरहेका छन् र के कस्ता किसिमका अवसर प्राप्त भएमा कामी जातिहरु पनि अन्य जाति सरह विकास र सभ्यतको मार्गमा उत्प्रेरित हुन सक्छन भन्ने प्रश्न पनि सामाजशास्त्रको विद्यार्थीलाई कौतुहलता लाग्नु स्वभाविकै मानिन्छ ।

लगातारको युद्धको कारण भारतबाट लखेटिएर आएका उपल्लो जाति साथै शुद्रहरु कामी जाति किन अरु जाति जसले केहि सम्पत्ति लिएर आएमा थिएनन् । आज के कति कारणले यिनीहरु अरु जात (उपल्लोजाति) भन्दा कमजोर रहे ? कामी जातिहरुलाई के कस्ता कारण र के कस्तो अवस्थाले उनीहरुको सामाजिक सास्कृतिक आर्थिक, राजनैतिक, शैक्षिक तथा विभिन्न कार्यमा विकास हुन सकेन ? नेपालका विभिन्न काल खण्डमा कामी जातिलाइई अगाडि बढाउन र राज्यको मूल प्रवाहमा ल्याउनलाई सहयोग गरे ? अर्थात गरेनन् ? अर्थात् राज्यद्वारा गरिएका कामहरु तिनिहरु प्रति लक्षित थिएनन् ? विभिन्न ऐन कानुन र राज्यद्वारा निषेध घोषणा गरिएका छुवाछुत जातिय विभेद जस्ता कु प्रथाको प्रभाव वर्तमान समयमा के कस्तो रहको छ ? वर्तमान समयमा प्रमुखता साथ उठेका समानता समावेशी जातिय अग्राधीकार जस्ता विषयहरुको प्रभाव कामी जातिमा के कस्तो पर्न गएको छ ? जस्ता विविध विषयहरुको उत्सुकता र उनीहरुको एक अर्को जातिगत सम्बन्ध र समस्यासंग सम्बन्धित भएर यो शोधकार्य तयार गरिएको छ ।

त्यसै हाथिलेट गा.वि.स. मा कामीजातिको अन्य जातिहरु सँगको सम्बन्ध र त्यसले पारेको प्रभाव वा समस्याहरुसँग सम्बन्धित भएर अध्ययन गरिएको छ ।

क. वर्तमान समग्रमा कामीसमाजको र अन्य जातिको सम्बन्ध के कस्तो रहेछ ?

ख. अन्य जातिको तुलनामा कामी जातिहरु पछाडी पर्नुको कारण के रहेको छ ?

ग. कामी जातिको सामाजिक अवस्था, शिक्षा, स्वास्थ्य परम्परागत मूल्यमान्यता सामाजिक रहन सहन, राजनीतिक तथा आर्थिक, शैक्षिक अवस्थामा अन्य जाति सँगको सम्बन्ध कस्तो रहेको छ ।

घ. कामीजातिलाई अन्य जातिले के कस्तो व्यवहार गर्ने गरेको छ त्यसबाट उनीहरुको जीवनमा कस्तो प्रभाव परेको छ ?

## १.३ अध्ययनको उद्देश्य

हरेक अध्ययन र अनुसन्धानका आफ्नै प्रकारका मौलिक उद्देश्य रहेका हुन्छन् । यस शोधपत्रको उद्देश्य हथिलेट गा.वि.स. वडा ३ विजयवस्तीका कामी जातिको वर्तमान अवस्थाको अन्य जाति सँगको सम्बन्धको बारेमा समाजशास्त्रीय अध्ययन गर्नु हो ।

निम्न विशिष्ट उद्देश्यलाई ध्यानमा राखेर यो शोधकार्य पुरा गरिएको छः

१. कामी जातिको अन्य जातजातिसँग भएका सामाजिक-सांस्कृतिक, राजनितिक तथा शैक्षिक विश्लेषण गर्ने

२. कामी र अन्य जातजाति बीचको सम्बन्धमा एक अर्कोलाई पारेको प्रभाव विश्लेषण गर्ने

३. कामी र अन्य जातजाति बीच भएको सहयोग र द्वन्द्वको विश्लेषण गर्ने

## १.४ अध्ययनको महत्व

नेपाललाई विभिन्न जातजातिको संगमस्थलको रुपमा लिन सकिन्छ । किनकी यहाँ विभिन्न जातजातिको महत्व मान्यता रही आएको पाइन्छ । नेपालको वर्तमान समावेश परिप्रेक्ष्यमा विभिन्न जातजातिको रहेक क्षेत्रहरुमा समान हक र अधिकारको अपेक्षा गरेको हुन्छ । यसको निमित्त विभिन्न विकास निर्माणका कार्यहरुमा कामी जातिको सहभागिता बढाउनु पर्न हुन्छ । यसरी कामी जातिको सहभागिता वृद्धि गर्ने र यस जातिलाई विविध दृष्टिकोणबाट सक्षम बनाउनको लागि सर्वे प्रथम उनीहरु

हालसम्म कस्तो अवस्थामा छन् भन्ने कराको ज्ञान हुनु आवश्यक छ । हाथिलेट गा.वि.स. २ विजयवस्तीका कामी जातिको सामाजिक साँस्कृतिक, आर्थिक, राजनीतिक, शैक्षिक तथा अन्य जाति संगको सम्बन्धको अवस्थामा सुधार ल्याउन यस अध्ययनले खोज गर्ने भएकोले यसको महत्व रहेको छ ।

कामी जातिको सामाजिक-सास्कृतिक, आर्थिक, राजनितिक शैक्षिक वर्तमान अवस्थाले बारेमा अध्ययन गरिएको हुदाँ यो कामी जातिको वर्तमान अवस्थाको बारेमा विस्तृत अध्ययन गरिएको छ साथै यो जातिहरु हरेक क्षेत्रमा के कारणले गर्दा पछाडी परेको छ भन्ने व्यवहारिक रुपमा खोजी गर्ने काम यसले गरेको छ ।

यस अनुसन्धानका क्रममा व्यवहारिक महत्व बढी सवल र सक्षम भएको पाइएको छ । कुनै पनि जातिको अध्ययन गरेपछि राष्ट्रले भोलीको दिनमा लागु हुने विकास निर्माणका निति तय गर्न केहि हदसम्म यस शोधपत्रको टेवा पुऱ्याउँदछ ।

नेपाल समाज बहुजातिय भएको हुनाले सामाजिक सन्तुलन कामय राख्न प्रत्येक जाति वा जनजातिको भाषा कला र संस्कृतिको संरक्षण गर्नुपर्ने हुन्छ । त्यसकारण पिछडिएका प्रत्येक जातिको अध्ययन हुनुपर्ने देखिन्छ । यस अनुसन्धानले समाजशास्त्रीय दृष्टिकोणले सामाजिक-साँस्कृतिक, राजनितिकतथा शैक्षिक पक्षका बारेमा अध्ययन गरिएका हुदा अन्य अनुसन्धानकर्तालाई सहयोग पुऱ्याउने छ भन्ने आशा गरेको छु । यस क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी संघसंगठनलाई त्यहाँका कामी र अन्य जातिहरुको सम्बन्ध, सहयोग जस्ता यथार्थलाई बुझी योजना तर्जुमा गर्न तथा कार्यन्वयन गर्न सहयोग गर्नुका साथै पिछिडिएका जातिको संस्कृति र उनीहरको सम्बन्धको तुलनात्मक अध्ययन गर्न सजिलो हुन्छ । अरु अनुसन्धानकर्तालाई कामी जातिको बारेमा अध्ययन गर्नमा सहयोग कामी जातिको विविधपक्षको अध्ययन गर्नुमा व्यवहारिक महत्व राख्ने छ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरुप

यस शोधपत्रलाई ६ वटा अध्यायमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अध्ययनमा पृष्ठमूमि समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनका महत्वलाई

समावेश गरिएको छ । दोस्रो अध्यायमा सम्बन्धित साहित्यको पूर्नरावलोकनको समीक्षालाई राखिएको छ ।अध्याय तीनमा अनुसन्धान विधी राखिएको छ । अध्याय चार मा अध्ययन क्षेत्र महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. को सामान्य परिचय दिने कार्य गरिएको छ । पाँचौ अध्यायमा कामी जातिको र अन्य जातजातिसँगको सामाजिक सांस्कृतिक, धार्मिक शैक्षिक, सम्बन्धको व्याख्या गरिएको छ । छैठौं अध्यायमा अध्ययनबाट प्राप्त जानकारीको सारांश र निष्कर्षलाई प्रस्तुत गरिएको छ । अन्त्यमा सन्दर्भ सामाग्रीको सूचि शोधपत्रका लागि प्रयोग गरिएको प्रश्नावलीहरु समावेश गरिएको छ ।

# अध्याय दुई

# पूर्व सहित्यको पुनरावलोकन

## २.१ जातजातीको उत्पत्ति र परिभाषा

नेपाल एक बहुजातिय देश हो । यहाँ विविधतामा एकता कायम भएको पाइन्छ । यहाँ विभिन्न जातजजातिले आफ्नै प्रकारको संस्कार बोकेर बसेकाछन् । नेपालमा बसोबास गर्ने विविध जातजाति मध्ये दलित जातहरु पनि एक हुन् । नेपालमा वर्ण व्यवस्था कसरी विकास भयो भन्ने सम्बन्धमा आहुती (२०६७) भन्नु हुन्छ "भारतमा ब्राहमण धर्मको थालनी भएको बेला नेपालमा मंगोल मुलका मानिसको किरात राज्य थियो । त्यस बेला वर्ण व्यवस्थाको चलन थिएन । इशाको प्रथम शताब्दी तिर बाट बौद्धिक र ब्राहमण धर्म मान्ने शास्त्र विभेद, कोलिय, लिच्छवी र मल्ल वंशीय शासकहरु नेपाल प्रवेश गरे । वर्ण व्यवस्थामा आधारित सामन्तवादी मुल्य मान्यता सहित हिन्दु धार्मिक शासकले नेपालमा जातिय व्यवस्था र जातिय छुवाछुत पनि भि□याए पछि मल्लकालिन राजा जयस्थिति मल्लले विभिन्न ब्राहमणहरुलाई बोलाई बाग्मती उपत्यामा ४ वर्ण ६४ जातमा विभाजन गरे । भारतमा भएको पटक - पटकको मुसलमान आक्रमण सहन नसकेर केहि हिन्दु शासकह नेपालको पशिचम तिरबाट नेपाल प्रवेश गरे त्यसै गरी गोर्खाका राजा राम शाहले पनि नेपाललाई ४ जात ३६ वर्णको व्यवस्था गरेपछि खस राज्य सम्म यसको विशेषता देखियो (आहुती, २०६७) ।

नेपालमा दलित समस्या र दलितहरुको अन्य जात संगको सम्बन्धमा विषयमा डा. चैतन्य मिश्र (२०६७) वताउनु हुन्छ "दलित समस्या र दलित दल्ने समुदाय बीचको समस्याको वृहत र सामाजिक चरित्रको छ । यो संस्कृतिको क्षेत्र भित्र मात्र खुम्चेर बसेको छैन । यसले धेरै फाराकिलो प्रणालीगत हिसाबले राजनितिक, आर्थिक क्षेत्र समेत ओगटेको छ । यो अह्राउने र श्रम गर्ने विचका राजनितिक सम्बन्ध हो । तत र हजुर भन्ने विचको सम्बन्ध हो" दलित र दलित विचको सम्बन्ध हो । एक आपसमा छुन समेत नहुने सम्बन्ध हो । (डा. चैतन्य मिश्र, २०६७) ।

दलित कुनै जात थरमा मात्र सिमित नभएर दलित भनेको विभिन्न जात बिचको आपसी सम्बन्ध पाइन्छ । दलित भने उपल्लो जातिहरुले देख्ने वा काम अह्राउने सम्बन्ध हो । गरिबीका कारण विभिन्न जात जातिहरुलाई उपल्ला जात भनाउदा व्यक्तिहरुले हेपाईको दृष्टिले विकास भएको सम्बन्ध हो । यसरी दलित कुनै जात नभएर सामाजिक सम्बन्ध हो ।

धार्मिक मान्यता अनुसार ऋग्वेदलाई जाति पथाको श्रेय मानिउको छ । ऋग्वदमा ब्राहम्णहरु परमात्माको मुखबाट, क्षेत्रीहरु बाहु बाट, वैश्यहरु तिघ्राबाट र सुद्रहरुको उत्पत्ती पैतलाबाट भएको हो भन्ने उल्लेख छ (बराल २०४४ : १३ - ५८) । यसरी कामी जातिको उत्पत्ती धार्मिक मान्यता अनुसार परमात्माको पैतलाबाट भएको पाइन्छ ।

मनुस्मृतिमा मनुले ४ वर्णको कार्य विभाजन बारे वर्णन गरेकाछन् । जसअनुसार ब्राहम्णले वेद पढ्नु पढाउनु, दान लिनुदिनु, यज्ञ गर्नु, वैश्यले वाणिज्य, व्यवसाय तथा कृषी कार्य गर्नु सुद्रले आफुभन्दा माथिका तीनैवटा वर्णको सेवा गर्नु (बराल, २०४४) । कामी जातिले आफुभन्दा माथिल्ला जातिको सेवन गर्नुपर्ने कुरा मनुस्मृतिमा उल्लेख गरेको पाइन्छ ।

यसरी हेर्दा प्राचीन समयदेखि नै जातिगत विविधता भएको पाइन्छ ।

नेपालमा विभिन्न जातजातिको अध्ययन गर्ने मध्य सन् १८११ मा Krick Patrickको पुस्तक "An Account of the Kingdom of Nepal"लाई लिन सकिन्छ । त्यसै गरी नेपाली विद्वानहरुमा गोपाल सिंह नेपालीले 'The newars' (सन् १९६५)नामक पुस्तकमा काठमाडौं किर्तिपुरको पाँगामा बसोबास गर्ने नेवार जातिको नेवारी संस्कृति र परम्पराको बारेमा Structural functional दृष्टिकोणबाट प्रकाश पारेका छन् । C. Caplan, (1970) land in social change in East Nepal: A Study of Hindu Tribal Relations मा उनले पूर्वी नेपालको किपट जग्गाको स्वामित्वको लागि हिन्दु, ब्राहम्ण, क्षेत्री र लिम्बु जाति विच चलेको द्वन्दलाई व्याख्या गरेका छन् । त्यसैगरी A.P. Caplan (1972) ले Priest and Cobbler's: A Study of Social Change in a HinduVillage in

Western Nepal नामक पुस्तकमा पश्चिम नेपालमा ब्राहम्ण र अछुत जातिको बीचमा विगतको २ दशकदेखि देखा परेको परिवर्तनलाई क्षेत्रगत अध्ययनको आधारमा उल्लेख गरेकी छिन् । उच्च हिन्दु जातिहरु बाहम्ण, क्षेत्री, जैसीमा अतिरिक्त मगर, गुरुङ र अछुत वर्ग (दमाई, कामी, सार्की) को बीचमा परेको द्वन्द्वलाई प्रष्ट पारेकी छिन् ।

P. Caplan(1972) ले पश्चिम नेपालको हिन्दु समाजमा अस्तित्वमा रहेको बाहुन र दलित (सार्की) बीचको अन्तर सम्बन्ध द्वन्द्वको यथार्थलाई आफ्नो अध्ययनको विषयवस्तु बनाएर नेपाली समाजको अध्ययन गरेका छन् ।

नेपालका विद्वानहरुमा डोर बहादुर विष्टको योगदानलाई जातिय अध्ययनको रुपमा विशिष्ट स्थानमा राख्न सकिन्छ । नेपालका विभिन्न जाति तथा जनजातिहरुको सामान्य सामाजिक साँस्कृतिक एवम् आर्थिक अवस्थाको रुपरेखा प्रस्तुत गरेकाछन् । सम्भवत : धेरै जाती तथा जनजातिहरुको विविध अवस्थाको वर्णन गर्ने क्रममा कामी जातिको आर्थिक तथा सामाजिक अवस्था निकै तल्लो स्तरमा रहेको छ भन्ने कुरा दर्शाएका छन् साथै यी जातिहरुमा पनि हिन्दुकरण प्रक्रिया देखा परेको तथ्याकले प्रकाश पारेकाछन् ।

डोर बहादुर विष्ट (२०३०) मा 'सबै जातको फुलवारी' भन्ने पुस्तकमा नेपाल विभिन्न जातजातिहरुको संगम थलो अर्थात फुलवारी हो । सिंगो नेपाल भित्र एउटा जात, एउटा भाषा, एउटा धर्म मात्र छैन, यहाँ फरक-फरक मुल्यमान्यता र संस्कृति लिएका मानिसहरु बस्दछन् । नेपाल विभिन्न जातिय फुलहरुको मनमोहक फुलवारी बन्न पुगेको कुरालाई औल्याएका छन् । यी सम्पूर्ण जातीहरुको संगमद्वारा नै समाज निमार्ण भएको कुरा उल्लेख गरेकाछन् ।

उनले 'People of Nepal' (1976) मा देशका धेरै जातजातिहरुलाई समेटेका छन् । उनले दलित जाति अन्तर्गत दमाई, कामी, सार्की आदिको छुट्टै अध्ययन गरेका छैनन् ।

प्रयागराज शार्म (१९७७) ले संस्कृतिकरण प्रक्रियाको अध्ययन गरी दलितहरु तागाधारी र उच्च मतवाली (ब्राहम्ण, क्षेत्री आदि) को संस्कृतिमा ऐक्यवद्धता जनाई

उच्च जातले अपनाउने संसृति अनुसरण गरेकाछन् भनी संस्कृतिकरण प्रक्रियामा उनले स्पष्टता जनाएका छन् ।संस्कृतिकरणको ज्वलन्त उदाहरण यस प्रकार लिनसकिन्छ :

- नेपालको पश्चिमी क्षेत्रमा कुनै कुनै गाउँमा त्यहाँका कथित तल्ला जातिहरुले विहान उठी, पुजापाठ गरी खाना खानु,
- नेवार, मगर, गुरुङ्ग आदिले सत्यनारायणको पूजा गर्नु, विवाह, जन्म, मुत्यु संस्कारमा व्राहम्ण पूजारी राख्नु, इत्यादि

गणेशमान गुरुङ्ग र विष्णु भण्डारी, (१९९३) ले नेपाल अधिराज्यमा विभिन्न मानव समुदाय बसोबास गर्दछन्  । जहाँ अनेकता भित्र एकताले विजय पाएको छ भन्ने कुरा उल्लेख गरेका छन् । नेपालमा विभिन्न जातका मानिसहरु एक आपसमा मिलिजुली बसेका पाइन्छ । यहाँ एक जातिले अर्को जातिलाई सहयोग गरी सुमधुर सम्बन्ध स्थापित गरेको अनेकतामा एकताको ज्वलन्त उदाहरण बनेको छ ।

कामी जातिको अन्य क्रियाकलाप, विभिन्न संस्कारले गर्दा क्षेत्री बाहुन जस्तै गर्ने गरेको पाइन्छ । त्यस्तै यस जातिले सामाजिक-साँस्कृतिक सम्बन्धमा सुधार उन्मुख भएको पाइन्छ भने त्यस्तै हाल आएर परम्परागत पेशालाई छाडेर अन्य पेशा, व्यापार व्यवसाय, वैदेशिक रोजगार गर्ने गरेको पाइन्छ । उनीहरुको अन्य जातीसंग सम्बन्ध राजनितिक र शैक्षिक तवरले केहि कमी पाएको छ । पहिले यो जातिलाई उच्च जातिले हेप्ने, दवाउने, तुच्छ व्यवहार गर्ने गरे तापनि हाल आएर यो जाति र अन्य जाति विचको सम्बन्धमा धेरै समधुरता छाएको पाइन्छ । भने उच र निचको भावनामा क्रमशः घट्दै गएको पाइन्छ । यो जातिले पनि अन्य जाति सँगको सम्बन्धमा क्रमश सुमधुर र नजिक सम्बन्ध स्थापना गरी अन्य जाति सरह यो जातिकाले  विभिन्न सामाजिक-आर्थिक, राजनितिक भुमिका वहन गर्नमा अग्रसर हुन थालेको पाइएको छ । यसरी यो जाति र अन्यजाति बीच विविध कुराहरुमा समानतामा आधारित जातिय पहिचान सहितको समाज निर्माण उन्मुख भएको पाइन्छ ।

## २.२ कामी जातिको उत्पत्ति र आगमन

मानव जातिको विकासका क्रममा समाजमा बस्ने मानिसले गर्ने कामको आधारमा मानिसलाई चार वर्ण- ब्राहम्ण, क्षेत्री, वैश्य र सुद्रको रुपमा विभाजन गरिएको वेद, उपनिषद र पुराणमा उल्लेख गरिएको छ । धार्मिक मान्यता अनुसार ऋग्वेदलाई जाति प्रथाको श्रेय मानिएको छ । ऋग्वेदमा ब्राहम्णहरु परमात्माको मुखबाट, क्षेत्रीहरु वाहुबाट, वैश्यहरु तिघ्राबाट र शुद्रको उत्पत्ति पैतालाबाट भएको उल्लेख छ (बराल २०४४ : ५३-५८) । धार्मिक मान्यता अनुसार शुद्र (कामी जातिका उत्पत्ति पैतालाबाट भएको देखिन्छ ।

मान्छेलाई किन सुनार भनियो भन्ने सम्बन्धमा मनुस्मृतिमा यस्तो भनिएको छ :

“जुन मानिस लोभले मणि, मोति, मुगा र अन्य किसिमका रत्नहरुको अपहरण गर्दछ ऊ सुनार हुन्छ” (मनुस्मृति, अध्याय १२)

मानव जातिको विकासका क्रममा समाजमा बस्ने मानिसहरुले गर्ने कामको आधारमा विभाजित चौथो वर्ण शुद्र अन्तर्गत कामी जाति पर्दछ । सन् १२९४ मा भारतका मुस्लिम शासक (सुल्तान) ले हिन्दु धर्मावलम्वीहरुका राज्यमा लगातार आक्रमण गरिरहँदा सन् १३०५ मा हिन्दुहरुको शक्ति क्षीण भए पछि केहि व्यक्ति मुस्लिम अधिपत्य स्वीकार गरेर त्यहि बसे भने केहि व्यक्तिहरु पंजावमा गएर त्यहाँका शिखहरुसँग समन्वय गरेर बसे भने केहि पश्चिम नेपालमा आएर बसोबास गर्न थाले । यसरी आउनेहरुमा ब्राहम्ण, क्षेत्री र शुद्रहरु थिए ।यिनै शुद्र अन्तर्गत कामी एक महत्वपूर्ण जातिको रुपमा रहेको पाइन्छ ।

यसरी आर्यन सम्प्रदायमा पर्ने कामी जाति भारतमा भएको युद्धका कारण पश्चिम नेपाल हुदै भित्रिएका र यो जाति नेपालका पहाडी जिल्लाहरुलाई आफ्नो मुख्य वास स्थान बनाएर बसेको पाइन्छ । (आहुती, २००५ : ४८९ - ९२)

## २.३ जाति प्रथा उन्मुलन सम्बन्धी निति नियमहरु

मुलुकी ऐन वि.सं. १९१० कानुनी रुपमा पहिलो दस्तावेज भए तापनि दलित र त्यसमा पनि महिलाहरुको बारेमा समानताको कुनै व्यवस्था थिएन । कानुनी रुपमा नेपालमा सबैभन्दा महत्वपूर्ण अभियान वि.सं. १९७७को 'सतिप्रथा' र 'दासप्रथा' को उन्मुलन चन्द्र शमशेर बाट भएको कार्य सहारनीय मानिन्छ । "नेपाल सरकार वैधानि कानुन २००४" र "नेपाल अन्तरिम शासन विधान २००७" ले पनि कामि तथा महिलाको अवस्थाको बारेमा कुनै वास्ता गरेन । सामान्यतया वि.सं. २०१५ को सविधानपछि महिलाहरुले मौलिक हकको उपभोग गर्न पाएकाछन् (शर्मा, ९७७)

२००७ सालभन्दा अगाडी देशमा प्रजातन्त्र नभएका कारण र विदेशी विद्वानहरुलाई नेपालमा जातजातिका बारेमा अध्ययन एवम् अनुसन्धान गर्ने अनुमति नदिइएका कारणले गर्दा त्यति अनुसन्धान भएको पाइँदैन । यसभन्दा अडाडि यस्तो अनुमति र सरकारी सुविधान नभएतापनि कतिपय व्यापारी, यात्री, धर्मप्रचारक, ब्रिटिस सैनिक तथा निजामती सेवाका कर्मचारीहरुले आफ्ना विभिन्न प्रकारका लेख रचना एवम् विभिन्न पुस्तकहरु प्रकाशित गरेकाछन् । जब २००७ सालपछि देशमा प्रजातन्त्रको उदय भयो । तत्पश्चात् विदेशी विद्वानहरुले यहाँको जातजाति तथा जनजातिबारे अध्ययन अनुसन्धान गर्न थालेका पाइन्छ ।

नयाँ मुलकी ऐन (२०२०) ले छुवाछुत हटाएको छ र जातजातीको आधारमा सजाय घटीबढी नगर्ने व्यवस्था गरेको छ । यसरी सबै जातजाति कानुनको नजरमा समान रहने छन् तर व्यवहारिक रुपमा यस्तो भएको कमै मात्र भएको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा ४ मा छुवाछुटको बारेमा व्यवस्था गरेको छ "कुनै पनि व्यक्तिलाई जातपातको आधारमा छुवाछुतको भेदभाव गरिने वा सार्वजनिक स्थलमा उपस्थित हुन वा सार्वजनिक उपयोगका कुराहरुको प्रयोग गर्नबाट बञ्चित गरिने छैन । यस्तो कार्य कानुन बमोजिम दण्डनिय हुनेछ । यसरी यो संविधानले पनि छुवाछुत तथा जातिय विभेद विरुद्ध व्यवस्था गरेको पाइन्छ ।

नेपालको अन्तरिम संविधान (२०६३) ले छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हकको निम्नानुसार व्यवस्था गरेको छ :

१. कुनै पनि व्यक्तिलाई जात, वंश, समुदाय वा पेशाका आधारमा कुनै किसिमको छुवाछुत तथा जातिय भेदभाव गरिने छैन । त्यस्तो भेदभावपूर्ण व्यवहार दण्डनिय हुनेछ र पिडित व्यक्तिले कानुन द्वारा निर्धारित भए बमोजिम क्षतिपूर्ति पाउने छ ।
२. कुनै पनि व्यक्तिलाई जात जातिको आधारमा सार्वजनिक स्थलमा रहेको सेवा सुविधा वा उपयोगका कुराहरु गर्नबाट वा सार्वजनिक स्थल वा सार्वजनिक धार्मिक स्थलमा प्रवेश गर्न वा धार्मिक कार्यबाट बञ्चित गरिने छैन ।
३. कुनै वस्तु, सेवा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो सेवा सुविधा वा वस्तु कुनै खास जात जातिको व्यक्तिलाई खरिद वा प्राप्त गर्नबाट रोक लगाउन वा त्यस्तो वस्तु ुसेवा वा सुविधा कुनै खास जात जातिको व्यक्तिलाई मात्र विक्रि वितरण गरिने छैन ।
४. कुनै जातजाति वा उत्पत्तिका व्यक्ति वा व्यक्तिहरुको समुहको उच निच दर्शाउने जातजातिको आधारमा सामाजिक विभेदलाई न्यायोचित गराउने वा जातिय सर्वोच्चता वा घृणामा आधारित, विचारको प्रचार-प्रसार गर्ने वा जातिय विभेदलाई कुनै किसिमले प्रोत्साहन गर्न पाइने छैन ।
५. उपधारा २,३,४ विपरितको कार्य कानुन बमोजिम दण्डनिय हुनेछ ।

त्यस्तै नेपालको संविधान (२०७२) ले छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हकको  निम्नानुसार व्यवस्था गरेको पाइन्छ ।

१. कुनै पनि व्यक्तिलाई निजको उत्पत्ती, जात, जाति समुदाय, पेशा व्यवसाय वा शरिरीक अवस्थाको आधारमा कुनैपनि निजी तथा सार्वजनिक स्थानमा कुनै प्रारकको छुवाछुत वा भेदभाव गरिने छैन ।
२. कुनै वस्तु सेवा वा सुविधा उत्पादन वा वितरण गर्दा त्यस्तो वस्तु सेवा वा सुविधा कुनै खास जात जा जातिको व्यक्तिलाई खरिद वा प्रापत गर्नबाट रोक

लगाइने वा त्यस्तो वस्तु, सेवा वा सुविधा कुनै खास जात वा जातिको व्यक्तिलाई मात्र विक्रि वितरण वा प्रदान गरिने छैन ।

३. उत्पत्ति, जात जाति वा शारीरीक अवस्थाको आधारमा कुनै व्यक्ति वा सुमुदायलाई उच्च वा निच दर्शाउने जात जाति वा छुवाछुतको आधारमा सामाजिक भेदभावलाई न्यायोचित ठान्ने वा छुवाछुत तथा जातिय उच्चता वा घृणामा आधारित विचारको प्रचार-प्रसारर गर्न वा जातिय विभेदलाई कुनै पनि किसिमले प्रोत्साहन गर्न पाइने छैन ।

४. जातिय आधारमा छुवाछुत गरी वा नगरी कार्यस्थलमा कुनै प्रकारको भेदभाव गर्न पाइने छैन ।

५. यस धाराको प्रतिकुल हुने गरी भएका सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराधका रुपमा कानून बमोजिम दण्डनिय हुनेछन् र त्यस्तो कार्यबाट पिडित व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति पाउनेहरु हुनेछ ।

त्यस्तै यस संविधान (२०७२) ले दलितहरुको लागि आफ्नै राष्ट्रिय दलित आयोग बनाएको र विभिन्न पद, पदभार तथा काम कर्तव्यलाई व्यवस्थित गरिदिएको पाइन्छ ।

## २.४ सामाजिक समावेशीकरण सम्बन्धी सरकारी प्रयास

सन् १९७० को दशकको पूर्वाधमा फ्रान्सबाट उत्पन्न भएको सामाजिक वहिस्करणमा परेका वर्गलाई राज्य संचालनका सबै संयन्त्रमा समानुपातिक रुपमा सहभागिताको अवसर प्राप्त हुने निति तर्जुमा नगरे सम्म वहिस्करणमा परेका वर्ग, लिङ्ग र क्षेत्रको अधिकार सुनिश्चित नहुने देखि सहभागिताका लागि समावेशी अवधारणालाई अघि सारिएको हो ।

विगत चार दशकमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था साथै सरकारी तवरबाट सामाजिक समाविशीकरणका लागि विभिन्न प्रयासहरु भएको पाइन्छ ।

नेपालमा प्रजातन्त्रको पुनस्थापना २०४६ सालमा भए पछि पनि समाजको माथिल्लो जातबाट दलितहरु, शोषिएका, हेपिएका र दबिएको महशुस गरी दलित जात तथा जनजातिहरु आर्थिक तथा सामाजिक सुधारका लागि संगठनमा आबद्ध भएकाछन् । आफ्नो आर्थिक तथा सामाजिक, राजनितिक, शैक्षिक, मनोवैज्ञानिक सुधारका लागि दलित सेवा संघ, दलित समाज संघ, उत्पीडित जातिय मुक्ति समाज, विपन्न समाज सेवा समिति, दलित सीप प्रवर्द्धन जनउत्थान प्रतिष्ठान, दलित महिला संघ जस्ता स.स्थाहरुमा आबद्ध रहेका छन् ।

दशौं योजनाको आधार पत्र (२०५९) मा दलित तथा अपेक्षीत समुहप्रतिको सामाजिक धारणामा अझै रुढीवादिता कायम रहनु यस समुहको मानवीय विकास तर्फ उचित ध्यान पुग्न नसक्नु यस वर्गमा, निहित क्षमता र क्षमताको सहि मूल्याङ्कन नहुनाले विकासका लागि सहयात्रीको रुपमा सहभागी गराउन नसकिने यस वर्गको उत्थानका लागि आवश्यक राजनितिक प्रतिवद्धताको कमी हुन प्रमुख चुनौतिको रुपमा रहनेछन् ।

एघारौं तीन वर्षिय अन्तरिम योजना (२०६४/ ६५- २०६७/६८) ले समृद्ध र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक, सामाजिक तथा राजनैतिक, शैक्षिक रुपान्तरणको आधार प्रयासरत गर्ने प्रमख लक्ष्य राखि समाजमा विद्यमान विभेदपूर्ण स्थिति र राज्य व्यवस्थाको संरचनागत कमजोरीले गर्दा पछाडी परेका वा पारिएका वर्ग, महिला आदिवासी जनजाति, दलित, मधेसी आदिलाई केन्द्रित गरी स्पष्ट निति संस्थागत संरचना तथा कार्यक्रम कार्यन्वयन उल्लेख छ । साथै यी जाति तथा वर्गलाई सोझै लक्षित गरी विकासको मूल धारमा ल्याउने कार्यक्रमहरु संञ्चालन गरिन पनि उल्लेख छ ।

## २.५ दलित आन्दोलन र सामाजिक समावेशीकरण

नेपाली वृहत शब्दकोषले कामीको अर्थ फलामको काम गर्ने एक जाति लोहार भनिएको छ । (वृहत नेपाली शब्दकोश) । कामी जातिको बसोबास पहाडी भेगमा धेरै भएका कारणले उच्च जाति ब्राहम्ण, क्षेत्रीहरुले यो जातिप्रति हेपाईको प्रवृत्ति पाइएको

छ । धेरै कुराहरुमा आफ्नो सँस्कृति तथा मौलिकता हुँदाहुँदै पनि कामी जातिलाई सानो जाति, अछुत जाति भनि सामाजिक विभेद गरेको पाइन्छ । यिनिहरुको हैसियत अन्य जातजातिको तुलनामा केहि न्यून रहेको पाइन्छ । सामाजिक विभेद, अछुत जातिको हेपाई जस्ता कु. संस्कारबाट अझै कायम भएकोले दलित कामी लगायत अन्य अछुत जातिले छुवाछुत, विभेद तथा उच्च जातिको दमन विरुद्ध जातिय आन्दोलन पश्चिम नेपालमा दलित अछुत भनिएकाहरुले जातिय आन्दोलन जारी गरे । यस आन्दोलनको उद्‌गम स्थल बाग्लुङ्ग जिल्लाको मुलपानी गाउँ विकास समिति रहेको थियो । यस आन्दोलनको सुरुवात पनि वाग्लुङ्ग जिल्लाबाट सर्वेजित विश्वकर्माले गरेका थिए ।

T.R. विश्वकर्मा (२०३०) ले दलित जनजातिको उद्धारको लागि नेपाल राष्ट्रिय जनविकास परिषद्‌का दुई विशेषता औल्याएका छन् । ती हुन :

१. दलित जातिहरुको विचमा पनि उच्च जातिको भावनाको प्रश्न जहाँ समान चाहिएकै छ ।
२. ठूला जातिका मानिसहरुबाट पहिल्यै पनि थिचिएका दलितबाट फाइदा उठाउन पल्केका क्षेत्रीहरुको परम्परालाई तोडी ठूला जातिका मानिसहरु सँग समानता र स्वतन्त्रताको लागि संघर्ष छ । (विश्वकर्मा, २०३०)

यस्तै गरी Save the Children US ले पनि दलित जातिको बारेम केहि हदसम्म भए पनि अध्ययन अनुसन्धान गर्दै आएको पाइन्छ । यस संस्थाले दलित वर्गका केटाकेटीलाई पढ्नका लागि छात्रवृत्तिको व्यवस्था गर्नुको साथै “नेपाल दलित सेवा संघ” मार्फत रेडियो नेपालबाट “दलित जनजागरण तगा चिन्तन चौतारी कार्यक्रमहरु” संचालन गर्न आर्थिक सहयोग समेत जुटाउँदै आएको छ (Save the Children US, 1994) ।

यसका साथै नेपालमा विद्यमान (दलित आयोग) राष्ट्रिय दलित आयोगल पनि वर्तमान परिप्रेक्ष्यमा समाजका हरेक सामाजिक साँस्कृतिक, आर्थिक, राजनितिक, शैक्षिक, क्षेत्रमा दलितलाई समानुपातिक हिसावले समावेश गरी अन्य जातिसरह माथि उठ्याउन प्रयास गरेको देखिन्छ । यसरी यो आयोग मार्फत् दलित पनि देशको मूल

प्रवाहमा अगाढी  बढ्न सक्ने, जिम्मेवारी भुमिका, निभाउन सक्छन् भन्ने आभास मिलेको छ ।

यसलाई संगठनात्मक प्रकार्यात्मक विकासको तरिकाबाट हेर्न सकिन्छ । जस अन्तर्गत संरचनात्मक प्रकार्यवादले संचरना नभइकन कार्य हुन सक्दैन भन्ने कुरालाई जोड दिएको छ । भने संरचना र प्रकार्य एक अर्कोमा अभिन्न अंग पनि हुन् भनेको छ । त्यस्तै यहाँ कामी जाति पनि एउटा सिङ्गो परम्परा बोकेको जाति हो । त्यसलाई एउटा संरचना मान्न सकिन्छ । कामी जाति भित्र पनि विभिन्न किसिमका मुल्य मान्यता रितिरिवाजहरु रहेका छन् । तिनीहरुले कामी जातिको संरचनालाई टिकाई राख्नको लागि प्रकार्यात्मक कार्य गर्न जरुरी हुन्छ । समाजमा कामी जाति अन्य जातिको सम्बन्धलाई एक जाटिलताको रुपमा नभइ्र एक रुपताको रुपमा हेर्न जरुरी देखिन्छ । एक अर्कोमा सम्बन्धलाई सुमुधुर बनाउन र अन्यजाति संग मिलेर समाजमा कामी जाति प्रकार्यात्मक रुपमा अगाडी बढेको पाइन्छ । त्यसकारण भन्न सकिन्छ, कामी जातिको विकास विना अन्य जाति वा समाज, गाउँ विकास सम्भव छैन भन्ने कुरालाई यहाँ प्रष्ट पार्न खोजिएको छ ।

कामी समुदायलाई समान अवसर प्रदान गरी देश विकासको कार्यमा समाहित गराइएको खण्डमा कामी जातिको सामाजिक-साँस्कृतिक, आर्थिक, राजनितिक, शैक्षिक अवस्थामा सुधार आउन सक्दछ । त्यसकारण परम्परागत रुढीवादी व्यवहारलाई माथिल्ला जातिहरुले हटाइएको खण्डमा दलित जाति र अन्य जातिको सम्बन्धलाई देशको विभिन्न आर्थिक, राजनितिक, शैक्षिक पक्षमा सुधारल्याई यो जातिलाई पनि हरेक पक्षमा समान अवसर प्रदान गर्न सकिन्छ ।

# अध्याय तीन

## अनुसन्धान विधि

कुनै पनि एउटा मात्र अध्ययन विधिले सम्पूर्ण सुचनाको स्रोत प्राप्त गर्न सकिदैन तसर्थ यहाँ विभिन्न प्रकारका अध्ययन विधिबाट तथ्य सङ्कलन गर्ने काम गरिएको छ । त्यसैले यस परिच्छेदमा अध्ययन क्षेत्र छनोट, अनुसन्धानको ढाँचा, तथ्य संकलनको प्रकृति र स्रोत, अध्ययनको जनसंख्या तथ्याङ्क संकलन विधि, अध्ययनको सिमा, तथ्याङ्कहरूको सम्पादन र वर्गीकरण, तथ्याङ्कको विश्लेषण एवम् अध्ययनको क्रममा देखा परेका समस्याहरू माथि अध्ययन गरिएको छ ।

### ३.१ अध्ययन क्षेत्र छनोट

महोत्तरी जिल्ला नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा पर्दछ । यहाँका ४ वटा गा.वि.स लाई जोडेर एउटा नगरपालिका (वर्दीवास) वि.सं २०७२ मा घोषाणा गरिएको हो । त्यस्तै देशको आधारमा २ प्रदेशमा रहेका पाइन्छ । यस अनुसन्धानको लागि अध्ययन क्षेत्र महोत्तरी जिल्ला हाथिलेट गा.वि.स. 'विजयवस्ती' गाउँ लाई छनौट गरिएको छ । यहाँका कामीहरुका मुख्य पेशा व्यापार, ज्याला मजदुरी, वैदेशिक रोजगार रहेको छ । यस क्षेत्रलाई अध्ययन क्षेत्रका रुपमा छनौट गर्नुको निम्नलिखित कारणहरु रेहेकाछन् :

(क) कामी जातिको अन्य जातिगत सम्बन्ध, जातिय विभेद तथा उनीहरुलाई गरिने व्यवहार, के कस्तो रहेको छ भनी यसको अध्ययन नभएको हुनाले

(ख) कामी जातिहरु अन्य जाति सरह अघि बढ्न नसक्नु तथा अति नै पिछडिएको आर्थिक अवस्थाले पिल्सिएका अन्य जातिको तुलनामा पछि परेका हुनाले अधिराज्य भर पहिचान गराउन यसको अध्ययन गरिएका हुनाले ।

(ग) शोधार्थी अध्ययन क्षेत्रको बासिन्दा भएकोले प्रत्यक्ष अवलोकनबाट तथ्याङ्क संकलन गर्न सजिलो हुने भएकोले ।

## ३.२ अनुसन्धानको ढाँचा

यस अध्ययनमा कामी जातिहरूको र अन्य जातिहरू सँगको सामाजिक सांस्कृतिक, राजनीतिक, शैक्षिक अवस्थाको बारेमा खोजी गर्ने हुँदा, सामाजिक-सांस्कृतिक अवस्थाको बारेमा वर्णनात्मक ढाचामा अनुसन्धान गरी प्राप्त तथ्यहरुको वर्णनात्मकरूपमा प्रस्तुत गरिएको छ । त्यस्तै गरि कामी जातिहरू र अन्य जातिहरू सँगको सम्बन्ध र त्यसबाट पर्ने प्रभाव र स्थितिको तथ्य उनीहरूको सम्बन्धमा आएको परिवर्तन, प्रभाव, व्यक्तिगत सामाजिक पेशा तथा अन्य विविध पक्षको व्याख्या र विश्लेषण गरिएको छ । संख्यात्मक र गुणात्मक रूपमा पनि विभिन्न तथ्याङ्कको प्रस्तुत गरिएको छ ।

## ३.३. अध्ययनको समग्रता र नमुना छनौट

यस अध्ययनको क्षेत्रमा जम्मा घरधुरी संख्या १५२  रहेको छ । अनुसन्धानको क्रममा जम्मा घरधुरी घरपरिवारलाई लिइएको छ । जसमा ४ जाति समुहलाई लिएको छ । जम्मा ४ जातजातिको प्रत्येक १० परिवार सँग उत्तर संकलन गरिएको छ । नमुना छनौट गर्ने क्रममा प्रत्येक जातजातिको बस्तीमा गई नमुना संकलन गरिएको छ जहाँ जम्मा जनसंख्या ८१२ रहेको छ ।

## ३.४ तथ्याङ्कको स्रोत र प्रकृति

कुनै पनि विषयमा अध्ययन तथा अनुसन्धान गर्नका लागि त्यससँग सम्बन्धित सामग्रीहरू नितान्त आवश्यक पर्दछ । जसलाई निम्न अनुसार प्रयोग गरिएको छ ।

कामी जातिको अन्य जातिहरू सँगको सामाजिक-सांस्कृतिक,राजनीतिक तथा शैक्षिक सम्बन्ध त्यसबाट पर्न गएको प्रभावको बारेमा अध्ययन गरिएको हुँदा तथ्याङ्कको स्रोत अध्ययन क्षेत्रलाई नै प्रमुख मानिएको छ । प्राथमिक स्रोतमा अध्ययन क्षेत्रमा गएर घरधुरी सर्वेक्षण, मुख्य सूचना दाताहरूसँगको अन्तरवार्ता, अवलोकन र अर्ध संरचित प्रश्नावली जस्ता विधिहरू प्रयोग गरिएको छ । त्यसैगरी द्धितिय स्रोतमा गा.वि.स. कार्यलयबाट प्राप्त अभिलेख, जि.वि.स. कार्यलयहरूबाट प्राप्त अभिलेख,

केन्द्रिय तथ्याङ्क  विभागबाट प्राप्त रेकर्ड, पुस्तक, लेख, रचना, सुचना, पत्रपत्रिका तथा विभिन्न जातजाति सम्बन्धि पुस्तक र प्रकाशहरू तथा यस अघि खोज तथा अनुसन्धान भएका आवश्यक र उपयोगी लेख तथा सामाग्रीहरूबाट पनि जानकारी लिइएको छ ।

## ३.५ तथ्याङ्क संकलन विधि

कुनै पनि विषयको अध्ययनमा तथ्याङ्क सङ्कलन विधिको ठूलो भूमिका रहन्छ । अध्ययनको आधारित परिणाम पनि तथ्याङ्क सङ्कलन प्रविधिमा निर्भर रहन्छ । अतः सहि तथ्याङ्क संकलन गर्ने क्रममा सम्बन्धित क्षेत्रमा गएर त्यहाँका बासिन्दाहरूसँग आत्मीयता र विश्वासपूर्ण सम्बन्ध कायम राखी अध्ययनलाई अगाडि बढाइएको छ । यहाँ  तथ्याङ्क सङ्कलन गर्ने क्रममा तथ्याङ्कको स्रोत अन्तर्गत रहेको विधिलाई नै प्रयोग गरिएको छ । जुन यस प्रकार छन्:

### ३.५.१ घरधुरी सर्वेक्षण

अध्ययन क्षेत्रको स्थलगत रूपमा भ्रमण गरी कूल ४० घरधुरीलाई नै सर्वेक्षण गरिएको छ । यस सर्वेक्षणको क्रममा प्रश्नावलीको माध्यमबाट घरमुलिलाई नै मुख्य उत्तर दाता माथि प्रश्न सोचिएको छ । प्रश्नावली अन्तर्गत तथा अन्तरवार्ता सम्बन्धी विभिन्न सामाजिक सम्बन्ध, आर्थिकगत, राजनीतिकगत, शैक्षिकगत अवस्था जस्ता विषयमा तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.२ अवलोकन विधि

यस अध्ययनका क्रममा सामान्य अवलोकन विधि पनि अपनाइएको छ । यस विधिको प्रयोगबाट उनीहरूको र अन्य जातिसँग को सम्बन्ध तथा उनीहरूको घरहरूको बनावट घर परिवारको वातावरण, उनीहरूको संस्कार, लवाईखवाई तथा अन्य जातजातिहरू सँगको सहयोग, लेनदेन, तथा द्वन्द्वात्मक पक्षहरूको समेत अवलोकन गरी अध्ययन गरिएको छ ।

## ३.६ तथ्याङ्कको वर्गीकरण र सम्पादन

यस अध्ययनमा सङ्कलित तथ्याङ्कलाई तिनीहरूको गुण र विशेषताका आधारमा विभिन्न समुहमा विभाजन गरी प्रस्तुत गरिएको छ । जस्तै : सामाजिक-संस्कृतिक, आर्थिक अवस्थालाई एक ठाउँमा राखेर अध्ययन गरिएको छ भने राजनीतिक, शैक्षिक पक्षलाई अर्को ठाउँमा प्रस्तुत गरिएको छ । संकलन गरिएको तथ्याङ्कलाई सम्पादन गरी अध्ययनलाई स्तरीय बनाउने प्रयास गरिएको छ ।

## ३.७ तथ्याङ्कको विश्लेषण र प्रस्तुतीकरण

संकलित तथ्याङ्कहरूलाई तथ्याङ्कको प्रकृति अनुसार विश्लेषण तथा प्रस्तुतिकरण गरिएको छ । कामी जातिहरूको अन्य जातिसँगको सामाजिक-सांस्कृतिक, राजनीतिक तथा शैक्षिक, विविध पक्षहरूको बारेमा अध्ययन बाट प्राप्त सूचनाहरू वर्गीकरण गरी व्याख्यात्मक रूपमा प्रस्तुत गरिएको छ । संख्यात्मक तथ्याङ्कहरूलाई तालिका र आवश्यकता अनुसार तालिकिकरण, प्रतिशत तुलनात्मक र बोधगाम्य बनाउन सङ्ख्यात्मक विधि प्रयोग गरी तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ ।

## ३.८ अध्ययनको सिमा

कुनैपनि समुदायको सर्वेक्षण गर्नु भनेको त्यस स्थानमा बसोवास गर्ने जनसमुदायको वास्तविक स्थिति थाहा पाउनु तथा उनीहरुसँग सम्बन्धित पक्षहरूको अध्ययन गर्नु हो । यस अनुसन्धानले आफ्नो कार्य महोत्तरी जिल्लाको हाथिलेट गा.वि.स. वडा नं. २ 'विजयवस्ती' गाउँलाई मात्र बनाई सिमिति क्षेत्र खोजगरी कामी जातिका अन्य जातिसँगको विविध पक्षको सम्बन्ध सामाजिक-साँस्कृतिक, राजनितिक, शैक्षिक स्थिति प्रकाश पार्ने कार्य स्नातकोत्तर तहको आंशिक आवश्यकता समाजशास्त्र विषयको परिपूर्तिको लागि अवलोकन, अन्तवार्ता, प्रश्नावली विधि अपनाई सिमित स्रोत र साधनमा सम्पन्न गरिएको हुँदा सम्पूर्ण कामी जातिहरुमा सामान्यीकरण गरेर हेर्न नसकिने पनि हुन सक्छ ।

## ३.९ अनुसन्धानको क्रममा अनुभव गरिएका समस्याहरु

यस अध्ययनको क्रममा अनुसन्धान गर्नको लागि अध्ययन क्षेत्रमा देखिएका समस्याहरुलाई प्रस्टाउदा मेरो अध्ययन विषय जातजातिहको एकअकृ विचको सम्बन्धलाई अध्ययन गर्नु पर्ने हुनाले  उनीहरु विचको सहयोग द्वन्द, भावनात्मक पक्ष, बैद्धिक पक्षहरुलाई अध्ययन गर्नु पर्ने हुनाले केहि समस्याहरु झल्नुपरेको थियो जस्तै तपाइ कुन राजनितिक पार्टीमा आवद्ध हुनुभएको छ भन्ने प्रश्नम प्राय आफूले भोट अगाएको पार्टी वा संलग्न रहेको पार्टी खुलाउन गाह्रो मान्ने राजनितिक सम्बन्ध सँग सम्बन्धित प्रश्नहरु सोधेको हुनाले यसरी सुचना संकलन गर्ने क्रममा प्राय धैरै समस्याहरु भोग्नु नपुर्नको करण यस अध्ययन क्षेत्र पूर्व परिचित क्षेत्र भएको र प्राय उत्तरदाताहरु पनि परिचित भएको कारणले गर्दा खासै समस्याहरु नभएता पनि मधेसी जातिको मा सुचना संकलन गर्दा प्राय महिलाहरु घरमा बस्ने पुरुष हरु बाहिर खेतवारीमा काम गर्न गएको बखतमा सुचना संकलन गर्दा मधेसी जातिका महिलाहरु धेरै खुलेर कुराकानी नगर्ने जसले गर्दा उनीहरुसँग धेरै समय लिनुपर्ने समस्याहरु झेल्नु परेको थियो ।

# अध्याय चार

## अध्ष्न क्षेत्रको सामान्य परिचय

### ४.१ भौगोलिक अवस्था

प्राचीन इतिहासलाई पल्टाउँदा नेपाल एकिकरण हुनुपूर्व हालको महोत्तरी जिल्ला मिथिला प्रदेशको एक स्वतन्त्र राज्यको रुपमा रहेको पाइन्छ । एक किम्बदन्ती अनुसार एकजना महोदरी नाम गरेको व्यक्तिले हालको महोत्तरी गाउँ विकास समितिमा करिब ५० रोपनी क्षेत्रफल भएको जग्गामा एक विशाल सुन्दर पोखरी निमार्ण गरे जुन पोखरीको नामाकरण आफ्नो नामबाट गराई महोदरी राखे । कालान्तरमा गएर महोदरी शब्दको अपभ्रंस हुन गई महोत्तरी हुन गएको जनश्रुति छ । परिणामत : उक्त पोखरी रहेको गाउँ विकास समितिको नाम महोत्तरी हुन गएको देखिन्छ ।

राजधानी काठमाडौबाट करिब १८८ कि.मी. पूर्व दक्षिण, अञ्चल सदरमुकामको सिमाना सँगै टाँसिएको तथा समुन्द्रि सतहबाट १६ मिटर देखि ८०८ मिटर सम्मको उचाइमा रहेको यो जिल्ला नेपाल अधिराज्यको मध्यमाञ्चल विकास क्षेत्रको जनकपुर अञ्चलमा पर्दछ । २६°३६’ दखि २८°१०’ अक्षांस र ८५°४५’ देखि ८५°४७’ देशान्तर भित्र १००२ वर्ग कि.मी क्षेत्रफल भित्र फैलिएर रहेको यस जिल्ला सदरमुकाम जलेश्वरबाट थोरै क्षेत्रफल दक्षिण भागमा र धेरै उत्तरी भागमा पर्दछ । उत्तर दक्षिण औसत लम्बाई ५८ कि.मी. र पूर्व पश्चिम औसत चौडाई १८ कि.मी. मा फैलिएको यस जिल्लाको उत्तरमा सिन्धुली, पूर्वमा धनुषा र भारतको विहार, पश्चिम सर्लाही र दक्षिणमा भारतको विहार राज्य रहेको छ ।

मध्य तराई भागमा अवस्थित यस महोत्तरी जिल्लाको हावापानी Tropical Sub Tropical र mid temperature गरी ३ प्रकारको रहेको छ । औसत अधिकतम तापक्रम ४० डि.से. र न्यूनतम तापक्रम ५.६ डि.से. रहने यस जिल्लामा औसत सापेक्षित आद्रता ८७% र औसत वर्ष १८४१.१ मि.लि. हुने गर्दछ । ठूला नदीहरु रातु र बाँके खोलाले सिमा निर्धारण गरिएको यस जिल्ला भित्र बहने प्रमुख नदीनालाहरुमा महरा,

जङ्गहा, भप्सी इत्यादि रहेकाछन् । यस जिल्लामा हाल ४१८४ हेक्टर कृत्रिम तथा प्राकृतिक जलाशयहरु छन् भने सिंचित क्षेत्र १८१०७ हेक्टर तथा अंसिचित क्षेत्र ४००८८ हेक्टर साथै पाखो क्षेत्र ३१८८ हेक्टर रहृको छ । ५५४२ हेक्टर भुमिमा नदी, पोखरी रहेको यो जिल्लामा सम्भाव्य जलाशय र उपयुक्त वातापरणको दृष्टिकोणले कृषि तथा मत्सयपालनका लागि एउटा प्रमुख जिल्लाको रुपमा सुपरिचित रहेको छ । ( स्रोत : पाहुर, २०६८)

### ४.१.१ जनसङ्ख्या

महोत्तरी जिल्लाको जम्मा जनसङ्ख्या २६७५८० जसमध्ये पुरुषको सङ्ख्या ३११०१६ र महिलाको सङ्ख्या ३१६५६४ रहेको पाइन्छ । यस जिल्लाको जनघनत्व ६४० प्रति वर्ग किलोमिटर र लैङ्गिक अनुपात १००.७ रहेको छ भने कुल क्षेत्रफल १,१८० कि.मी. रहेको छ (CBS, 2068) ।

यस अध्ययन क्षेत्र महोत्तरी जिल्लाको हथिलेट गाउँ विकास समितिमा जम्मा घरधुरी  ११४६ र कुल सङ्ख्या ६३५१ रहेको छ । जसमध्ये पुरुषको सङ्ख्या ३२७२( ५१.५१%) र महिलाको सङ्ख्या ३०८२ (४८.५२) रहेको छ । यहाँ कार्मि जातिको जनसंख्या ९.६८% रहेको पाइन्छ । यो सङ्ख्या यस गा.वि.स. का जातिगत आधारमा अध्ययन गर्दा मगर, क्षेत्री वाहुन, गिरी, मधेसी पछिल्लो पाँचौ ठूलो जाति रहको पाइन्छ । यस गा.वि.स. को वडा नं. २ मा पर्ने विजयवस्ती गाउँमा मुख्य गरी कामी जातिको बसोवास रहेको छ । (स्रोत : घरधुरी सर्वेक्षण, आधारवर्ष, २०७०)

### ४.१.२ अध्ययन क्षेत्र

जनकपुर अञ्चलमा पर्ने विभिन्न जिल्लाहरु मध्ये महोत्तरी जिल्ला एक तराई क्षेत्रमा पर्ने जिल्ला हो । यस जिल्लामा नगरपालिका र ७६ वटा गा.वि.स. मध्ये हाथिलेट पनि एक गा.वि.स रहेको छ । यस गा.वि.स. मा विभिन्न किसिमका जातजाति तथा जनजातिको बसोवास रहेको पाइन्छ । हिन्दु वर्णशास्त्रमा शुद जाति समावेशगरिएको विभिन्न जाति मध्ये कामी पनि जाति हो । हाथिलेट गा.वि.स. को

वडा नं २ विजयवस्तीमा विशेष गरेर यो जातिको बसोबास रहेको पाइन्छ । यसैगरी यस गा.वि.स का मानिसहरु आफ्नो व्यापारिक क्रियाकलाप गर्नको लागि छिमेकी वडा नं. २ मा पर्ने बेङ्गखाडी बजारमा जाने गरेका छ ।

यस क्षेत्रका कामी जातिहरु आफ्नो मुख्य पेशाको रुपमा रहेका परम्परागत पेशालाई केहिले सिमित रुपमा अपनाएको र केहिले छाडेर अन्य  पेशाहरु ज्याला, मजदुरी, वैदेशिक रोजगार अपनाएको पाइन्छ । भने यो जातिमा पनि उत्पादन सम्बन्धमा आएको परिवर्तन संगै पिंढीमा पुस्तान्तरण रहेको पाइन्छ । नयाँ पुस्ताहरु गैर कृषि र नयाँ नयाँ अवसरको खोजीमा रहेका पाइन्छन् ।

युवा पुस्ताहरुमा शिक्षाको प्रभाव र लहर आएको देखिए तापनि उचित अवसर र प्रेरणाको कमीले गर्दा स्थानिय स्तरका अनुत्पादक कृयाकलापमा संलग्न रहेको पाइन्छ । खानेपानीको रुपमा यस क्षेत्रका मानिसहरु प्राकृतिक इनार, धारा, वोरिङ्ग,कल साथै जलजला, खानेपानी आयोजनामा निर्भर रहेका छन् । कामी जातिको बसाई केहि सुख्खा ठाउँमा भएको हुनाले त्यहाँका कामी महिलाहरु पानीको लागि गर्मियाममा केहि समय खर्चिनु पर्ने देखिन्छ । विजयवस्ती गाउँमा अन्य जातजातिको बसोबास भएको हुनाले र उनीहरुको हरेक सामाजिक-साँस्कृतिक, आर्थिक, राजनितिक शैक्षिक परिवर्तनको कारणले गर्दा अन्य जातजातिको संगत, रहन सहन तथा नयाँ सोच, विचार, समयको परवर्तन। सञ्चारको प्रभावको कारणले आफ्नो परम्परागत पेशालाई छाडेको छाड्ने क्रम जारी रहेको साथै विभिन्न क्षेत्रमा आवद्ध हुने तथा वैदेशिक रोजगारको लागि विदशिएको पाइन्छ ।

महोत्तरी जिल्लाका ७६ गा.वि.स. मध्ये अध्ययन क्षेत्र रहेको हाथिलेट गा.वि.स. प्राकृतिक सौन्दर्यताले भरिपूर्ण रहेको छ । त्यसमध्ये पनि वडा नं. २ का  विजयवस्ती गाउँ विभिन्न जातजातिको वसोवास भएको कारण विभिन्न परम्परा मौलिकता संस्कारहरु, नयाँ धार, विचार समिश्रण रहेको पाइन्छ ।

यस गा.वि.स का जनसङ्ख्या ६३५२ रहेको छ जसमध्ये पुरुष ३२७२ (५१.५१) र महिलाको संङख्या ३०८२ (४८.५२%) रहेको छ । यस गा.वि.स. को प्रत्येक वडाको विवरण तलको तालिका नं. १ द्वारा स्पष्ट हुन्छ ।

**तालिका१**

**हथिलेट गा.वि.स. को वडागत जनसंख्या विवरण**

| वडा नं | घरधुरी | पुरुष | महिला | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | ९५ | २८० | २४८ | ५२८ | ८.२८% |
| २ | १५२ | ३६९ | ३४७ | ७१६ | १३.२६% |
| ३ | १२९ | ४०२ | ३९९ | ८०१ | ११.२५ |
| ४ | १२२ | ३७० | ३२९ | ६९९ | १०.६४ |
| ५ | १८० | ४९८ | ५२१ | १०१९ | १५.७० |
| ६ | ७५ | २३४ | २०१ | ४३५ | ६.५४ |
| ७ | १५८ | ४२४ | ४०४ | ८२५ | १३.७८ |
| ८ | ८९ | २५१ | २४५ | ४९६ | ७.७६ |
| ९ | १४६ | ४४४ | ३८८ | ८३२ | १२.७३ |
| जम्मा | ११४६ | ३२७२ | ३०८२ | ६३५१ | १००% |

स्रोत : घरधुरी सर्वेक्षण आधार वर्ष २०७०

माथिको प्रस्तुत तालिका नं. १सबै भन्दा बढी वडा नं ५ मा रहेको जुन कुल जनसङ्ख्याको १५.७० प्रतिशत हुन आउँदछ । त्यसैगरी सबभन्दा कम जनसङ्ख्या वडा नं. ६ मा ४३५ रहेको छ भने जुन कुल जनसङ्ख्याको ६.५४ प्रतिशत हुन आउँदछ । यस वडाको कम जनससङ्ख्या हुनेको मुख्य कारण बढी क्षेत्रफल खोला, खोल्सा, जंगलले ओगटेको कम वस्ती भएको साथै पातलो वस्ती वा जनघनत्व कमी हुनु हो । यस गा.वि.स. को जनसङ्ख्यालाई विश्लेषण गर्दा महिलाको जनसङ्ख्या पुरुषको तुलनामा केहि कम रहेको पाइन्छ । यसको प्रमुख कारणहरु सामाजिक, आर्थिक हुनुको

साथै शिक्षकको जनचेतना, परिवार नियोजनको बढी मात्रामा प्रयोग, पुरुषप्रधान समाज विस्तर रुपमा हट्ने क्रमजारी रहेका छन् ।

हाथिलेट गा.वि.स. मा ब्राहम्ण, क्षेत्री, वैश्य र शुद्र सबै जातजातिहरु समुदायमा वस्ने गरेकाछन् । यहाँको प्रत्येक वडामा मगर जातिको वाहुल्यता भएपनि सबै जातिको बसोबास गरेको पाइन्छ । यहाँ मुख्य गरी शुद्र जाति वा दलित तथा कामी जातिको तुलनात्मक रुपमा बढी जनसङ्ख्या भएको वडाहरुमा ७, ६, ५, २ रहेका छन् साथै कामी जाति सबै वडामा थोरै मात्रामा भएतापनि बसोबास गरिरहेको पाइन्छ । त्यस्तै विभिन्न जातजातिका मानिसहरुको बसोबास रहेको पाइन्छ ।

### ४.१.३ प्राकृतिक सम्पदा

हाथिलेट गा.वि.स.मा भएका विभिन्न प्राकृतिक सम्पदाहरुमा वन, जंगल, खोला, नाला, वनस्पति समथर फाटँ, पानीको मुहान, इनार, वोडिङ्ग, कल धारा आदि रहेको छ । यहाँका दलित तथा अन्य जातजातिले विशेष गरी वनसम्पदालाई प्रयोग गरी जिविकोपार्जन गरेका छन् । हाथिलेट २ विजयवस्तीमा रहेका कामी जातिका महिलाले विशेषगरी घरको काम, पशुपालन, कुखुरापालन गर्ने तथा घासँपात स्वाहार खोला तथा परजेट सामुदायिक वनबाट जुटाउने साथै दाउरा संकलन गर्ने र आफ्नो परिवारलाई आवश्यक पर्ने अन्य वनजन्य आवश्यकताको उपभोक्ता गर्ने तथा यस गा.वि.स. का पुरुषहरु वनजंगल गई काठ, दाउरा ल्याई बेची आवश्यकताका उपभोग गर्दछन् । वन सम्पदाको साथसाथै अर्को ठूलो सम्पदाको रुपमा रहेको जलसम्पदा पनि एक हो । इनार, धारा, वोडिङ्ग, कल कुवालाई जल सम्पदाको रुपमा लिन सकिन्छ । यसरी हेर्दा यस विजयवस्तीमा पानीको समस्या केहि हद सम्म नरहेको देखिन्छ ।

### ४.१.४ जातजातिगत विवरण

हाथिलेट गा.वि.स. मा विभिन्न किसिमका जातजातिका मानिसहरु बसोबास गर्दै आएका छन् । तिनिहरुमा मगर, राई, तामाङ्ग, क्षेत्री, बाहुन कामी दमई, नेवार,

लोहार, यादव धानुक, गिरी, भुजेल, आदि थरका मानिसहरुको बसोबास रहेको छ। यी जातिको जनसङ्ख्याय विरण तलको तालिकाद्वारा प्रष्ट पार्न खोजिएको छ।

**तालिका नं. २**

**हाथिलेट गा.वि.स को वडा नं. २ का जातिगत जनङ्ख्याको विवरण**

| क्र.सं. | जाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | व्राह्म्ण/क्षेत्री | २९५ | |
| १.१ | क्षेत्री | ८७ | २९.४९ |
| १.२ | बाहुन | ८७ | २९.४९ |
| १.३ | गिरी | १२१ | ४१.०१ |
| | | | १०० |
| २ | आदिवासी जनजाति | २७२ | |
| २.१ | मगर | १९५ | ७१.६९ |
| २.२ | नेवार | ५४ | १९.८५ |
| २.३ | भुजेल | २३ | ८.४५ |
| | | | १०० |
| ३. | दलित | १७ | |
| ३.१ | कामी | १० | ५८.८४ |
| ३.२ | दमै | ६ | ३५.५९ |
| | | | १०० |
| ४ | मधेसी | १३२ | |
| ४.१ | कोइरी | २९ | २१.९६ |
| ४.२ | लोहार | ४० | ३०.३ |
| ४.३ | यादव | २० | १५.१५ |
| ४.४ | चमार | २८ | २१.२१ |
| ४.५ | केवट/ धानुक | १५ | ११.३६ |

श्रोत : गा.वि.स. घरधुरी सर्वेक्षण, आधारवर्ष, २०७०

माथकिो प्रस्तुत तालिकाबाट के प्रस्ट हुन्छ भने वडा नं २ मा सबैभन्दा धेरै जनङ्ख्या रहेको जाति मगर २५.१९ प्रतिशत त्यसैगरी क्षेत्रीवाहुन २२.४८ प्रतिशत, गिरी १५.६३ प्रतिशत, मधेसी ११.४९ प्रतिशत रहेका छन् भने पाचौं जातिमा कामी जातिको

सङ्ख्या रहेको छ ९.६८% त्यसै गरी अन्य जातिहरु रहका छन् भने केवट/ धानुक जातिको संङ्ख्या अन्य जातिको तुलनामा एकदमै न्यून रहेको पाइन्छ ।

यसरी यस वडा मा हेर्दा सबै जातजातिको बसोबास रहेको पाइन्छ । जसले गर्दा उनीहरुको सम्बन्ध विस्तारीत रुपमा रहेको पाइन्छ । परम्परा, मौलिकता जस्ता एक अर्कोको रितिरिवाजले यस वडा ती जातिमा केहि प्रभाव परेको देखिन्छ ।

## ४.२ सामाजिक-सास्कृतिक सम्बन्ध

मानव सामाजिक प्राणी भएकोले समाजमा मानिस एक्लो बस्न सक्दैन । त्यसैले समाजलाई सामाजिक सम्बन्धको जालो पनि भनिन्छ । यसरी बनेको सम्बन्धले गर्दा समाजमा विभिन्न जातजातिहरुको बसोबासले गर्दा समाजमा विभिन्न जातजातिहरुको बसोवासले गर्दा समाजमा विभिन्न संस्कार संस्कृति अवलम्वन गर्ने व्यक्तिहरु रहेका हुन्छन् । ती संस्कारहरु पनि समाज पिच्छे फरक - फरकर रहने गर्दछ ।

यस अध्ययन क्षेत्र अन्तर्गत महोत्तरी जिल्ला हाथिलेट गा.वि.स वडा नं. २ का कामी जाति र अन्य जातजातिको सम्बन्धलाई हेर्दा यहाँ बसोवास गर्ने विभिन्न जातजातिहरुको सामाजिक साँस्कृतिक अवस्था फरक रहेको पाइन्छ । यस गा.वि.स. मा अधिक जनसङ्ख्या मगरहरुको रहेको छ भने मगर पछि ब्राहम्मणहरुको संख्या दोस्रो स्थानमा रहेको पाइन्छ अन्य जातजातिहरुको बसोबास सामाजिक - सांस्कृतिक अवस्थालाई हेर्दा यहाँका मगरहरु प्राय आफूलाई बौद्ध धर्मालम्बी भन्ने गरे तापनि मृत्यु संस्कार वाहेका संस्कारहरु हिन्दु दर्शन अनुरुप नै अवलम्बन गरेको पाइन्छ । त्यस्तै अन्य जातिहरु राई गुरुङ्ग, दलित आदिको कुलपूजा आफ्नै रितिरिवाज अनुरुप अवलम्बन गर्दछन् भने महोत्तरी तराई जिल्ला भएका कारणले गर्दा त्यहाँ मधेसीहरुको संङ्ख्याको पनि बाहुल्यता पाइन्छ जसले गर्दा मधेसीहरुको संस्कारहरुलाई अन्य जातिहरुलॆ पूर्ण रुपमा नअपनाएतापनि उनीहरुको संस्कारमा सामेल हुने तथा केहि संस्कारलाई अवलम्बन गरेका पाइन्छ । त्यस्तै यहाँ बस्ने ब्राहम्ण क्षेत्रीले हिन्दु संस्कार अनुरुप नै संस्कार अवलम्बन गरेको पाइन्छ । कामी जातिले क्षेत्री वाहुनको हरेक संस्कारलाई

मान्ने गरेको पाइन्छ । कामी जातिहरुको आफ्नै भाषा नहुने हुनाले उनीहरुले नेपाली भाषालाई बोल्ने गरेको पाइन्छ भने कथ्यको रुपमा फरक भएतापनि लेख्य रुप एउटै हुने गरेको पाइन्छ । कामी जातिले विभिन्न संसकार र रितितिथीमा आफ्नै पुरोहित लगाउने गरेको पाइन्छ ।

यसरी यस क्षेत्रमा सामाजिक-सांस्कृतिक पक्षहरुलाई अध्ययन गर्दा बसोवास गर्ने विभिन्न जातजातिहरुमा एक अर्को प्रति सहयोगात्मक धारणा हुनुका साथै अन्तरजातिय विवाहलाई मान्यता दिइएको र छुवाछुत जस्ता समाजमा जकिडिएर रहेका संस्कारहरु प्रतिलचकता हुनुका साथै फरक सोच, विचार रहेको पाइन्छ । समय सँगै आफूलाई पनि परिवर्तन गरिनुपर्छ भन्ने सोच त्यस क्षेत्रका मानिसहरुमा रहेको पाइन्छ । यहाँका जातजातिहरु एक अर्कोको विभिन्न पर्वहरुमा रमाउने, दिन दुःखमा एक अर्कोलाई सहयोग गरेका पाइन्छ । त्यस्तै गरी यहाँका जातजातिहरुमा आर्थिक रुपमा ऋण सापटी, लेनदेनहरु पनि एक अर्कोको धार्मिक सम्प्रदायलाई पनि स्वीकारेको पाइन्छ भने कसै कसैले आलोचना गरेता पनि वाहीरी रुपमा स्वीकारेको पाइन्छ । मानिस सामाजिक प्राणी भएकोले समाजमा एक्लो रहन सक्दैन त्यसैले एक अर्को प्रति कार्य-प्रकार्य गर्दा कहिले काहि द्वन्द्व पनि हुने गर्दछ । यसरी यस अध्ययन क्षेत्रका जातजातिहरुमा पनि सामान्य द्वन्दत्मक पक्षहरु पनि रहेको पाइन्छ । यसरी यस क्षेत्रका जातजातिहरु बीच सम्पूर्ण सामाजिक - साँस्कृतिक पक्षहरुमा एक अर्को बीच सहयोगात्मक भावना हुनुको साथै एक अर्को जातिलाई स्वीकारेको पाइन्छ ।

## ४.३ आर्थिक सम्बन्ध

कृषि नै हाथिलेट गा.वि.स. का मानिसहरुको परम्परागत पेशा हो । नेपालबाट विदेश निर्यात गरिने करिब ७०% सरसामानहरु कृषिजन्य वा कृषि उत्पादन संग सम्बन्धीत वस्तुहरु रहेकाछन् । नेपालको अर्थतन्त्र पनि कृषिमा आधारित वा निर्भर रहेका पाइन्छ । यहाँका जातजातिहरुको पनि प्रमुख पेशा कृषि नै हो । यहाँक ६५ प्रतिशत भन्दा बढी मानिसहरु कृषिमा संलग्न छन् भने बाँकी ३५ प्रतिशत मानिसहरु उद्योग, व्यापार, व्यवसाय, निजामति वा गैर सरकारी पेशा तथा वैदेशिक रोजगार

पेशामा लागेका छन् । कृषि क्षेत्र अन्तर्गत त्यहाँका मानिसहरु नगदेवाली, पशुपालन र वागवानी आदि पेशा गर्दछन् ।

हाथिलेट गाउँमा सबै जमिन लगभग समथर रहकाले त्यहाँ सिर्चाइको सुविधा नभएपनि मानिसहरुले प्रायजसो आफ्नो क्षेत्रमा अन्न वाली तथा नगदेवाली लगाएको पाइन्छ । यहाँ जातजातिहरुमा कृषिजन्य कार्यहरुमा पर्म, मदत लगाउंदा एक अर्कोले सहयोग गर्ने गर्दछन् भने विउविजनहरु पनि सापटिको रुपमा एक अर्को संग लिने गरेको पाइन्छ । कामी जातिका मानिसहरु परम्परागत पेशालाई त्यागेर केहिले अपनाएतापनि थोरै मात्रामा मात्र अपनाएको साथै धेरै अन्य पेशामा लागेको पाइन्छ भने ज्याला मजदुरी गर्ने गरेको पाइन्छ । त्यस्तै कुल जनसङ्ख्यामा आधा प्रतिशत जनसङ्ख्या कृषीमा संलग्न भएतापनि यहाँको बाकी प्रतिशत सङ्ख्याका व्यक्तिहरु अन्य पेशाहरु व्यापार-व्यवसाय, वैदेशिक रोजगार, जागिरमा संलग्न रहेको कारण मानिसहरुमा शिक्षा स्वास्थ्य सम्बन्धीत राम्रो धारणाको विकास भएको पाइन्छ । त्यस्तै यस क्षेत्रका मानिसहरुमा आफ्नो आयस्रोतबाट आएको रकम सामाजिक कार्यहरुमा सहयोग गर्ने गरेको पनि पाइन्छ । त्यस्तै विवाह, मुत्यु जस्ता संस्कारहरुमा सहयोग गर्ने जस्ता प्रवृत्ति रहेको पाइन्छ भने वैवाहिक कायृक्रममा नजिकका आफन्त तथा अन्य जातिका व्यक्तिहरुको समेत केहि आर्थिक तथा कार्य सम्पन्न गरिदिने सहयोगहरु गरेको पाइन्छ । त्यस्तै यस क्षेत्रमा जातजातिहरुले शिक्षालाई महत्वपूर्ण रुपमा लिएको कारण शैक्षिक संस्थामा आर्थिक सहयोग स्वरुप जग्गा, पैसा तथा सामुदायिक पोखरी, बजारबाट आएको रकमहरु सरकारी स्कुल भएता पनि त्यस्ता सामुहिक आयस्रोतबाट आएको रकमहरु स्कुललाई सहयोग गर्ने गरेको पाइन्छ ।

यस हाथिलेट गाउँमा विभिन्न जातजातिहरुको बसोबास समान रुपमा सङ्ख्याको आधारमा मगर बाहेक अन्य जातिहरु लगभग समान संङ्ख्यामा रहेको पाइन्छ । यसरी विभिन्न जातजातिहरु बसोबास गरेतापनि समाजका हरेक पक्षहरुमा एक अर्को सँग भावनात्मक रुपमा मात्र एक नभई आर्थिक क्रियाकलाप जस्ता कार्यहरुमा पनि एक मत भई सामाजिक कार्यहरुमा सबैको संलग्नता सहयोग पाइन्छ । यसरी यस्ता सहयोग र एक अर्कोको सत्भावका कारण यहाँका जातजातिहरुले एक

अर्कोको जातिलाई स्वीकार्य गरेको र हाथिलेट गाउँको समाजमा जातियता तथा छुवाछुत जस्ता सामाजिक कुप्रथालाई कठोरता पूर्ण रुपमा नलिएको पाइन्छ । सामुहिक रुपमा गाउँमा धेरै समूह (आमा समूह, फोरवार्ड) जस्ता समुहको कारण त्यस क्षेत्रमा मानिसहरुमा आर्थिक संकट नहुनलाई सहयोग गरेको छ । यसरी यस गाउँमा आर्थिक रुपमा सवल हुनु सम्पूर्ण जातजातिहरु बीच एकरुपता रहेको छ ।

## ४.४ राजनितिक सम्बन्ध

हाथिलेट गा.वि.स. का कामी जातिका पुरुषहरुमा राजनैतिक चेतना भएको पाइन्छ । यहाँ विभिन्न जातजातिका बसोबास भएकोले साथै विभिन्न राजनितिमा आवद्ध रहेकाले उनीहरु एक अर्काको पार्टीमा आवद्ध रहेको पाइन्छ । यस गा.वि.स मा धेरै मगर जातिको बसोबास गरेका कारण धेरै जनमोर्चा पार्टीका साथै अन्य पार्टीमा पनि धेरैथोर संलग्ता रहेको पाइन्छ । भने त्यस्तै ब्राहम्ण/क्षेत्रीहरु कांग्रेस पार्टीमा रहेकाछन् भने अन्य जातिहरुको वाहुल्यता जनसमाज फोरम पार्टीमा आवद्ध रहेको पाइन्छ । वर्तमान समयमा राजनैतिक पार्टीहरुको सक्रियता कार्यकर्ता भएर राजनितिमा लागेर हिड्ने गरेको असङ्ख्य रुपमा पाइन्छ । त्यस वडाका महिलाहरु आफ्नो परिवारको पुरुषप्रति आश्रित हुने भएकोले उनीहरुको आचारणलाई नै पछयाउँछन् । पुरुषहरुको विरुद्धमा गएर राजनैतिक क्रियाकलाप गर्न नसक्ने भए पनि त्यस क्षेत्रमा महिलाहरुमा राजनैतिक चेतनाको विकास भएको पाइन्छ । तर यहाँका अति गरिब वा निम्न स्तरका जाति तथा जनजातिहरु विभिन्न किसिमका प्रलोभन, सहयोग गरिदीने आश्वानका कारण राजनितिक पार्टीमा भोट हाल्नुको साथै सक्रिय रुपमा लागि पर्ने गरेको पाइन्छ । भने राजनितिक अधिकार प्रयोग गर्दा प्रभावित हुने गरेको पाइन्छ ।

जातियताको वाहुल्यताका कारण यहाँ यस गा.वि.स.मा धेरै पार्टीहरुको संघ, संगठन रहेको देखिन्छ । केहि नेता तथा केही नेतापन समेत रहेको पाइन्छ । यस क्षेत्रमा पार्टीगत हिसावले आ-आफ्नो गुटवन्दी, खिचातानी तथा पार्टीमा आवद्ध गराउन गर्ने गरेको देखिन्ँछ । हरेकले आफ्नो पार्टीमा आवद्ध गराउन विभिन्न रणनितिहरु बनाएको देखिन्छ । हरेक पार्टीको लागि छुट्टाछुट्टै भोटिङ्ग लाइनको प्रयोग गर्ने जस्ता

कुराहरु समेत रहेको पाइन्छ । यस क्षेत्रमा मानिसहरुको राजनितिक प्रभाव उच्च रहेको साथै जनचेतना भरिएको कारण विभिन्न राजनैतिक क्रियाकलापमा आवद्ध हुने कार्य, सहकार्यमा, मिटिङ्ग, गोष्ठी बस्ने जस्ता देखिन्छ भने कहि जातिहरु उनीहरुको बाटोलाई पछयाउने विभिन्न प्रलोभन र सहयोगको आशावादी बन्ने गरेको पाइन्छ । त्यस क्षेत्रमा राजनितिक पनि अन्य सामाजिक - आर्थिक, शैक्षिक पक्ष जस्तै महत्वपूर्ण बन्ने गरेको देखिन्छ । विभिन्न जाति तथा पार्टीहरुको वाहुल्यता रहेको साथै विभिन्न जातजातिले आफ्ना आफ्नै जातिलाई सर्मर्थन गर्ने गरेको पाइन्छ भने कामी जातिहरु आफ्नो सहयोग, प्रलोभन तथा जातिगत हावीको कारण राजनितिमा आवद्ध हुने गरेको पाइन्छ ।

अहिलेको समयमा हरेक मानिस जनचेतना तथा सञ्चार माध्यमको प्रयोगले हरेक विविध कुराहरुको जानकारी राख्ने गरेको पाइन्छ । जस्तै यस गा.वि.स मा पनि सञ्चारको पहुँचलाई सदुपयोग गर्ने गरेको पाइएको देखिन्छ । जसले गर्दा राजनैतिक गतिविधीको कुराहरुको जानकारी लिने गरेको पाइन्छ भने युवाहरुमा होडवाजी, रहर तथा कार्यकर्ताको रुपमा बढी हिड्ने गरेको देखिन्छ । विभिन्न जातिगत वाहुल्यता तथा राजनितिकगत भएतापनि एक अर्कोमा सहयोग, रेखदेख जस्ता भावनात्मक सम्बन्ध रहेने गरेका पाइन्छ ।

### ४.५ शैक्षिकसम्बन्ध

शिक्षा कुनै पनि जाति समुदाय तथा राष्ट्रको विकासका लागि नभई नहुने विकास निर्माणको पूर्वाधारको रुपमा लिइन्छ । आजको समाजमा भएका विकास निमार्ण तथा वैज्ञानिक चमत्कारहरु शिक्षाकै कारणले भएका हुन् । शिक्षालाई हरेक क्षेत्रका आधारभूत आवश्यकता भनिन्छ । शिक्षा विनाको समून्नत समाजको कल्पना समेत गर्न सकिदैन त्यसैले कुनै पनि समाजको वा त्यस समाजको कुनै वर्ग विशेषको सामाजिक अवस्थाको अध्ययन गर्दा शिक्षाको अध्ययनलाई पनि प्रमुख स्थान दिनु पर्दछ ।

हाथिलेट गा.वि.स. को साक्षरता तथा शिक्षाको स्तर हेर्दा क्षेत्री/ बाहुनहरु पढाईमा बढी अग्रसरता रहेको पाइन्छ भने त्यसपछि अरु जातिहरुमा पढाईको जनचेतनाका साथै शिक्षाको महत्व बुझेका कारण उनीहरुलाई पनि पढ्न पर्छ भन्ने धारणा जनसमाजमा उठेको पाइन्छ । शिक्षा विनाको समाज सभ्य र समून्नत हुन सक्दैन त्यसकारण प्रत्येक समुदायमा शिक्षालाई बढी महत्वपूर्ण स्थान दिइएको पाइन्छ । यस गा.वि.स. वडा नं. २ मा एउटा सरकारी प्रा.वि विद्यालय रहनाले यस विद्यालयमा यहाँका कामी लगायत अन्य जातजातिका बालबालिकालाई शिक्षा दिक्षा दिने गरेका छन् । सरकारी स्तरको विद्यालय वाहेक निजिस्तररमा वोडिङ्ग स्कुलहरुमा पनि केहि कामी जातिका वालवालिका पढाउने भएतापनि अन्य जातिहरुमा वालवालिका तुलना अत्यन्त न्यून संङ्ख्यामा पढ्छन् । पहिलेको तुलनामा अहिलेका समाज र मानव दुवैले शिक्षाको महत्व, हरेक कार्य गर्नुपर्दा शिक्षाको आवश्यक, जागिर, गैर सरकारी कार्यालय, तथा विभिन्न यावत् चिजहरुमा शिक्षा नभई नहुने तत्व र आवश्यकता बनेकाले यस गा.वि.स. मानिस जनचेतना बढेको, महत्वलाई स्वीकार्य गर्दै प्रत्येक सरकारी, निजि स्तरमा स्कुल, कलेज तथा उच्च शिक्षाको लागि गा.वि.स. बाहिरका स्कुलहरुमा पढाएको पाइन्छ भने आर्थिक स्तर कम आयस्रोतमा न्यूनतापन, ज्याला, ज्यामी, मजदुरी जस्ता काम गरेतापनि सरकारी स्कुल बाटै भएतापनि उच्च शिक्षा दिलाउने आशावादी, कोसिस गर्ने गरेको देखिन्छ । सरकारबाट प्राप्त आरक्षण तथा अन्य सुविधारुलाई बुझेका कारण कामी तथा अन्य पिछिडिएका जाति वर्ग, आदिवासी जनजातिमा केहि मात्रामा भएतापनि त्यस सुविधा बाट लाभम्वित भएको देखिन्छ । अन्य जातिहरुको पढाईको स्तरमा धेरै थोरै सबै पढेको देखिन्छ भने आदिवासी जनजाति त्यसमा पनि मगर समुदायमा शिक्षाको बलियो प्रभाव रहेको पाइन्छ । जसले शिक्षामा उच्चता हासिल गरेको केहि मात्रामा भएपनि देख्न सकिन्छ । त्यस क्षेत्रमा रहेक चमार/ धानुक जातिमा भने पढाईको महत्व बुझेका तर आर्थिक स्तरका कारण उनीहरुको पढाई एकदमै न्यूनता रहेको पाइन्छ । भने मधेसीहरुमा पढाईको विषयमा लिएर ज्ञानता बढेको साथै पढाईमा अग्रसरता रहेको पाइन्छ ।

यसरी हेर्दा त्यस क्षेत्रमा शिक्षालाई एउटा महत्व दिएको पाइन्छ । हरेकले पढाउनुपर्छ भन्ँने मान्यतालाई आत्मसाथ गरेको पाइन्छ । आर्थिक स्तर जे भएपनि, ज्याला मजदुरी गरेर भएतापनि त्यस क्षेत्रमा हरेक जातिहरुले पढाएको पाइन्छ भने एक अर्कोलाई पढ्नु पढाउनुपर्छ भन्ने प्रेरणा साथै सहयोग गर्ने गरेको पाइन्छ । शिक्षाको विस्तारको क्रमले हरेकमा जनचेतना बढेकाले छुवाछुत, रुदीवादी जस्ता उच, निच, जातियता विभेदता, जस्ता कुराहरुलाई हटाएको पाइन्छ । समयको परिवर्तन संगै आफ्नो सोच, विचार, धारणामा परिवर्तन ल्याएको देखिन्छ भने अहिलेका समयमा सबै वर्ग, जाति एक हुन् भन्ने मानवताको भावनाको पनि सिर्जना भएको देखिन्छ ।

# अध्याय पाँच

## मगर जातिको सामाजिक सांस्कृतिक, शैक्षिकतथा राजनितिक सम्बन्ध

### ५.१ सामाजिक-साँस्कृतिक सम्बन्ध

समाज मानवीय सम्बन्धहरुको जालो हो । जहाँ हरेक मानव एक अर्कामा केहि न केहिको माध्यमबाट सम्पर्कमा आएको पाइन्छ । सामाजिक साँस्कृतिक सम्बन्ध त्यो हो जहाँ समाज अनिवार्य रुपमा हुन्छ । हरेक क्रियाकलापमा एक जाति लाई अर्को जातिको आवश्यकता पर्ने गरेको पाइन्छ । चाहे सहयोग, उपकार किन नहोस् यस अध्ययन क्षेत्रमा रहेका कामी जाति र अन्य जाति विच रहेका सामाजिक-साँस्कृतिक सम्बन्धहरुको अध्ययन गर्दा तिनीहरुको पारिवारिक स्थिति, चाडपर्व, धर्म विवाह संस्कार तथा कामी जातिलाई अन्य जातिहरुले गर्ने व्यवहार आदिको बारेमाजानकारी लिइएको छ ।

### ५.१.१ पारिवारीकसम्बन्ध

हाथिलेट वडा नं. २ का गाउँ विकास समितिका कामीहरुको र अन्य जातिहरुको पारिवारिक स्थितिलाई अध्ययन गर्दा यहाँको जातजातिहरुको परिवारको पारिवारीक बनोट पितृसत्तात्मक छ । यस वर्तमान समयमा घरको जेठो पुरुष (बाबु) घरमुली हुन्छ भने त्यसपछि आमाको स्थान आउँछ । त्यपछि जेठो छोरा गरी क्रमशः स्थानान्तरण हुन्दै जान्छ भने जातिहरुमा महिला घरमुली भएर घर व्यवहार टारेको पनि पाइन्छ । सम्पत्ति पुरुष सदस्यहरुमा सर्दै जाने भएतापनि महिलाहरु पनि त्यसको संरक्षण, सम्हार तथा व्यवस्थापनमा उत्तिकै जुटेका हुन्छन् यस विजवस्तीका कामी र अन्य जातिको परिवारको संङ्ख्याको आधारमा एकल र संयुक्त गरी पारिवारिक स्थिति निम्नानुसार पाइयो ।

## तालिका ३

## उत्तरदाताको पारिवारीक विवरण

| जातजाति | सयुक्त | प्रतिशत | एकल | प्रतिशत | जम्मा | % |
|---|---|---|---|---|---|---|
| ब्राहम्ण/क्षेत्री | ३ | ३०% | ७ | ७०% | १० | १००% |
| आदिवासी जनजाति | २ | २०% | ८ | ८०% | १० | १००% |
| मधेसी | ४ | ४०% | ६ | ६०% | १० | १००% |
| कामी | २ | २०% | ८ | ८०% | १० | १००% |
| | | | | | ४० | |

श्रोत : स्थलगत सर्वेक्षण २०७३

तालिका नं. ३ का अनुसार धेरै परिवारको सङ्ख्या एकल रहेको पाइन्छ। एकल परिवारको सङ्ख्या बढी हुनुमा छोराहरु छिटो छुट्टिई सानोपरिवार हुन गएको पाइन्छ। विभिन्न जातिहरुको पारिवारिक स्थितिलाई नियाल्दा एकल परिवार हुने आदिवासी जनजाति ८०% र कामी जातिको ८०% बाहुल्यताका साथै बराबरी रहेको पाइन्छ। भने त्यसपछि ब्राहम्ण/क्षेत्री ७०% रहेको साथै मधेसी६०% रहेको पाइन्छ। त्यसैगरी संयुक्त परिवारको सङ्ख्या न्यून प्रतिशतमा रहेको पाइन्छ। भने सबैभन्दा धेरै मधेसी४०% संयुक्त रुपमा बस्ने गरेको पाइन्छ भने ब्राहम्ण/क्षेत्री ३०% आदिवासी जनजाति र कामी २०% ले संयूक्त परिवारमा रहेको देखिन्छ।

यसरी हेर्दा के स्पष्ट हुन्छ भने अहिलेको समयमा परिवारको संङ्ख्यामा कमी आई यस समाजको जातजातिको पारिवारको प्रकृति सानो हुदै गइरहेको देखिन्छ। यो समाजमा सानो परिवारलाई बढी मान्यता दिएको देखिन्छ। छोरा छोरी एक समान हो भन्ने र वर्तमान अवस्थालाई बढी एकल परिवार लाई बढी समर्थन गर्ने हुँदा संयुक्त भन्दा बढी एकल परिवारलाई पढी प्राथमिकता दिने गरेको पाइन्छ।

नोट : मधेसी जाति अन्तर्गत यादव, शाह (कानुन) र महासेठ जातिलाई राखिएको छ।

आदिवासी जनजाति अन्तर्गत मगर, राई, जाति राखिएको छ।

त्यस्तै यस क्षेत्रमा महिला पुरुषको संङ्ख्यालाई हेर्दा निम्न तालिकाबाट स्पष्ट हुन सकिन्छ :

**तालिका ४**

**जातियताको सङ्ख्याको आधारमा उत्तरदाताको परिवारीक विवरण**

| जातजाति | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | % |
|---|---|---|---|---|---|---|
| ब्राहम्ण/ क्षेत्री | २१ | ४३.७५% | २७ | ५६.२६% | ४८ | १००% |
| आ. जनजाति | २२ | ५२.३८% | २० | ४७.६1$% | ४२ | १००% |
| मधेसी | २३ | ५२.२७ | २१ | ४७.७२ | ४४ | १००% |
| कामी (दलित) | २२ | ४६.८० | २५ | ५३.१९ | ४७ | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४ का अनुसार ब्राहम्ण/ क्षेत्रीमा पुरुषको (४३.७५%) भन्दा बढी महिलाको (५६.२५%) संख्या बढी रहेको पाइन्छ भने आदिवासी जनजातिमा महिलाको भन्दा पुरुषको (५२.३८) संङ्ख्या बढी रहेको देखिन्छ भने महिला४७.६1% रहेको पाइन्छ । त्यस्तै मधेसीमा महिलाको (४७.७२%) भन्दा पुरुषको संङ्ख्या (५२.२७%) बढी रहेको पाइन्छ कामी जातिमा पुरुष (४६.८०%) भन्दा महिलाको (५३.१९%) ले बढी रहेको पाइन्छ ।

यसरी हेर्दा सबै जातिमा महिला र पुरुषको सङ्ख्या धेरै थोरै मात्रामा बराबरी रहेको पाइन्छ भने हरेक जातिमा महिला र पुरुष बीच हुने भेदभावमा कमी आउने क्रम जारी रहेको साथै दुवै एक समान हुन् भन्ने चेतनाको विकास हुनुका साथै वर्तमान समयमा आएर परिवारको सङ्ख्यामा कमी आउने गरेको पाइन्छ ।

**५.१.२ भाषिक सम्बन्ध**

कामी र अन्य जातिको भाषिक सम्बन्धको विवरणलाई हेर्दा उनीहरको भाषिक विवरणमा एक जातिको अर्को जातिको संलग्नता हुनको साथै, भाषा बोल्ने, बुझ्ने

गरेको पाइन्छ । भाषाले आफ्नो जातियताको पहिचान दिनुको साथै छुट्टै रहेको अनुभुति दिलाउने काम गर्छ । त्यस्तै यस क्षेत्रका भाषिक सम्बन्धलाई बुझ्न निम्न तालिका बाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका ५**

**जातजातिको संलग्नताको आधारमा विवरण**

| जातजाति | नेपाली | प्रतिशत | मैथली | प्रतिशत | आ. ज (मगर) | प्रतिशत | जम्मा | % |
|---|---|---|---|---|---|---|---|---|
| ब्राहम्ण / क्षेत्री | १० | ५८.८२ | ३६ | १७.६४ | ४ | २३.५२ | १७ | १००% |
| आ. जनजाति | १० | ४७.६२ | ३ | १४.२८ | ८ | ३८.०९ | २१ | १००% |
| मधेसी | ६ | ३३.३३ | १० | ५५.५ | २ | ११.१ | १८ | १००% |
| कामी ( दलित) | १० | ६२.५ | २ | १२.५ | ४ | २५ | १६ | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ५ का अनुसार हरेक जाति एक अर्कोको भाषामा केहि मात्रामा भएतापनि संलग्नता रहेको साथै बुझ्ने, बोल्ने, संवाद गर्ने गरेको पाइन्छ । यसरी हेर्दा जातिगत रुपले ब्राहम्ण क्षेत्रीले नेपाली भाषा बाहेक मैथली १७.६४ प्रतिशतले बोल्ने, बुझ्ने साथै अन्य (मगर) भाषा) २३.५२ प्रतिशत बोल्ने गरेको पाइयो भने आ. जनजातिले नेपाली (४७.६२) भाषा प्राय सबैले बोल्ने, बुझ्ने गरेको पाइन्छ । भने आफ्ने भाषा ३८.०९ प्रतिशले मात्र बोल्ने बुझ्ने तथा धेरै बोल्नु पदा नेपाली भाषाबाट नै बढी मात्रामा संवाद गर्ने गरेको पाइन्छ भने मैथली १४.२८% भाषा बोल्ने बुझ्ने र आफ्नै जातीगत भाषा धेरै नबोलेता पनि बुझ्ने गरेको पाइन्छ भने त्यस्तै मधेसीहरु आफ्नै जातिगत भाषा (५५.५%) प्राय सबै बोल्ने गरेको पाइन्छ भने आफ्नो जातिगत

भाषा बाहेक नेपली भाषा ३३.३३ प्रतिशतले बोल्ने साथै बुझ्ने र मगर भाषा (११.११%) पनि केहि ले बोल्ने गरेको पाइन्छ । यसरी नै कामी जाति नेपाली बाहेक अन्य (मगर भाषा) २५ प्रतिशतले बोल्नमा पनि धेरैले मगर भाषा बोल्ने र बुझ्ने गरेको पाइन्छ । यसरी धरै जातजातिको बसोबासको वाहुल्यता भएको कारण हरेक जातजाति एक अर्कोको भाषामा संलग्न हुने साथै बोल्ने एक अर्को सँग जातिय भाषामा संवाद गर्ने गरेको पाइन्छ भने धेरै मात्रामा  नेपाली, मैथली र मगर भाषा बोल्ने गरको र राई, तामाङ्ग, गुरुङ्ग, जातिहरुले आफ्नो जातिय भाषा धेरै नबोल्ने गरेको पाइयो । त्यस्तै हरेक जातिले अर्को जातिको भाषामा समेत भएको साथै उनीहरुको भाषालाई आत्मसाथ गर्ने सिक्ने, बोल्ने, उनीहरुकै भाषा अनुरुप, अनुवाद, संवाद गर्ने गरेको पाइन्छ । यसरी के बुझ्न सकिन्छ भने हरेक जातिलाई अर्को जातिको भाषिक रुपमा प्रभाव पारेको साथै आफ्नो भाषा भन्दा बढी नेपाली भाषा बढी बोल्ने गरेको पाउन सकिन्छ भने मधेसी जातिमा आफ्नै भाषालाई बढी प्राथमिकता दिएतापनि अहिले आएर अन्य भाषामा पनि उनीहरुको धेरै थोरै संलग्नता पाउन सकिन्छ ।

यसबाट थाहा पाउन सकिन्छ भने हरेक जाति बीच भाषिक समिश्रण हुनुका साथै एक अर्कोको भाषामा संलग्नता हुने भएकोले उनीहरुको सम्बन्ध एक जटिलताबाट सरलतामा बढ्ने गरेको देखिन्छ ।

### ५.१.३ वैवाहिक सम्बन्ध

यस हाथिलेट गाउँ विकास समिति वडा २ का जातजातिहरुको वैवाहिक विवरणलाई प्रस्ताउदाँ यहाँका जातजातिहरु बीच कस्तो प्रकारका एक अर्को जातजातिहरु बीच कस्तो प्रकारका एक - अर्को जातजातिहरु बीच के कस्तो बैवाहिक सम्बन्धहरु रहेको छ भन्ने आधारमा जातजातिहरु बीचको सम्बन्धको वैवाहिक अवस्थाले पारेको प्रभावलाई तालिका द्वारा प्रस्टाइएको छ । जुन निम्नानुसार रहेको छ ।

**तालिका६**

**जातियताको आधारमा विवाहको उपयुक्त उमेर**

| उमेर समूह | जातजाति | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण/ क्षेत्री | | आ.जनजाति | | मधेसी | | कामी | | प्रतिशत | |
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| १५-२० | ५ | १८.८५ | ७ | २५ | ८ | २८.५२% | ८ | २८.५७% | २८ | १००% |
| २०-२५ | ५ | ४१.६६ | ३ | २५ | २ | १६.६६% | २ | १६.६६% | १२ | १००% |
| २५-३० | - | - | - | - | - | - | - | - | - | - |
| ३०+ | - | - | - | - | - | - | - | - | - | - |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका नं. ६ का अनुसार उपयुक्त उमेरमा विवाह गर्न को साथै विवाहको उमेर समुह हेर्दा १५-२० उमेर समुहमा विवाह गर्नेको वढी मधेसी २८.५७ र कामी २८.५७ रहेको देखिन्छ । जसमा उनीहरु चाडो विवाह गर्नुमा उनीहरुमा शिक्षाको कमी जनचेतनाको कमी साथै वाल विवाह वढी हुने गरेको पाइन्छ भने अन्य ब्राहम्ण/क्षेत्री १७.८५ र आदिवासी जनजाति २५% मा केहि कम हुनुमा साथै जनचेतना र शिक्षामा सक्रिय रहेको देखिन्छ भने २०-२५ उमेर समुहमा वढी ब्राहम्ण क्षेत्री ४१.६६% र आदिवासी जनजाति २५% रहेको पाइनछ जसले वाल विवाहलाई तथ उपयुक्त उमेर विवाह गर्ने भन्ने कुरालाई आत्मसाथ गरेको देखिन्छ मधेसी र कामी माब भने चाडै विवाह सानै उमेर विवाह गर्ने गरेको पाइन्छ ।

यसरी हेर्दा विवाहको उपयुक्त उमेर विवाहको हरेक जातजातिमा १५-२० वर्ष रहेको पाइन्छ भने थोरै मात्रामा २०-२५ उमेरमा विवाह गर्ने गरेको देखिन्छ भने चाडै विवाहमा हुनुमा जनचेतनाको कमी हुनुका साथै धेरै प्रेम विवाह गरेको कारण पनि चाडै उमेर विवाह गर्ने गरेको पाइन्छ । अन्य जातिको तुलनामा मधेसी र कामी

जातिको समुदायमा १५-२० वर्षको उमेरमा विवाह गर्ने गरेको देखिन्छ भने मधेसी जातिमा जति चाडौं विाह गऱ्यो त्यति राम्रो देखिन्छ यसरी उनीहरुको विवाहलाई लिएर जनचेतनाको कमी रहेको साथै स्वास्थ्य सम्बन्धी ज्ञान कही रहेको देखिन्छ ।

यसैगरि त्यस क्षेत्रको विवाहको प्रकारको किसिमलाई निम्न जातीगत रुपमा तालिकाबाट स्पष्ट देखाउन सकिन्छ :

**तालिका७**

**विवाहको आधारमा जातजातिको विवरण**

| | प्रेम विवाह | | | | मागी विवाह | | | | अदालती विवाह | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जातजाति | म. | % | पु | % | म. | % | पु | % | म | पु | | |
| ब्राहम्ण/ क्षेत्री | – | – | २ | २०% | ३ | ३० | ५ | ५० | – | – | १० | १०० |
| मधेसी | – | – | – | – | २ | ५ | ८ | २० | – | – | १० | १०० |
| आ.जनजाति | २ | २०% | ६ | ६०% | – | – | २ | २०% | – | – | १० | १०० |
| दलित (कामी) | ३ | ३०% | ६ | ६०% | – | – | १ | १०% | – | – | १० | १०० |
| | | | | | | | | | | | ४० | |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. ७ लाई हेर्दा जातजातिहरको वैवाहिक विवाहका`किसिम बाट के देख्न सकिन्छ भने सबैभन्दा वढी प्रेम विवाह महिला र पुरुष दुवै दलितजाति रहेको देखिन्छ जसमा वर्तमान परिपेक्ष्यको पनि भुमिका देखिन्छ । जसमा छुवाछुत जन्य व्यवहार भेदभाव उचनिचमा भावनामा कमी रहेको साथै परम्परागत पुराना विचारहरुलपाई छाडी यो विचारधारा, जीवनशैली तथा विभिन्न कुरिति, कुप्रथा, कु संस्कार तथा अपमानविय जिवनपद्धतिलाई त्यागने गरेको देखिन्छ साथै सबै जाति एकै हुन् भन्ने भावनाको सिर्जना पनि केहि मात्रामा आउने गरेको पाइन्छ । यसरी दलित जाति प्रेम विवाह केहि आफ्नै जातिमा त केहि अन्य जाति सँग गरेको देखिन्छ भने प्रेम विवाह आदिवासी जनजातिमा पनि वढी हुने गरेकोपाइन्छ जसमा पुरुष ६०% र महिला

२०% ले प्रेम विवाह गरेको देखिन्छ जसबाट समाज जटिलता बाट सरलता साथै एक अर्को जाति, जातिय रिवाज तथा मुल्यमान्यता आत्मसाथ गरेको पाइन्छ भने मधेसी जातिमा प्रेम विवाह शुन्यता रहेको देखिन्छ जसमा उनीहरु जातिगत कठोरता रितिवाज, पुरातन सनातन, मुल्यमाान्यता जस्ता पक्षले पनि प्रेम विवाह गर्ने गरेको देखिदैन् भने केहिले जो न्यूनता मा पर्दछ प्रेम विवाह गरेको पनि देखिन्छ जो एक वा दुइ मा भएको छ भने बढी मात्रामा मधेसीमा मागी विवाह भएको पाइन्छ जसमा उनीहरु आफ्नो रजमानी भन्दा घरको रजमानी साथै दहेज लिने जस्ता परम्परा अहिले पनि मथैली समुदाय पाउन सकिन्छ जो समाजन उद्धार वन्नको लागि बाधक तत्व रहेको छ । व्राहम्ण र क्षेत्री समुदायमा दुवै प्रेम र मागी विवाहलाई आत्मसाथ गरेता पनि वढी मागि विवाह गर्ने गरेको देखिन्छ । हाथिलेट गा . वि. स मा अन्य विवाह सरह अदालति विवाह र विधवा विवाह भने गर्ने गरेको पाइएको छैन साथै कसै कसले विधवा विवाह गरेता पनि समाजले त्यसलाई खुलेर विरोध गर्ने नगरेता पनि खुलेर स्वीकार पनि गर्ने गरेको पाइदैन् ।

यसरी के बुझ्न सकिन्छ भने विवाहको किसिमबाट पनि त्यस क्षेत्रमा विवाह एक अर्को जाति तथा आ-आफ्नै जाति संग गर्ने गरेको साथै उनीहरुको वैवाहिक सम्बन्ध एक अर्को जातिमा छ भन्ने कुरा स्पष्ट रुपमा देखिन्छ भने अन्य विवाह भागी, विधवा विवाहलाई समाजमा विवाह गरेको देखिदैन भने विधवा विवाहलाई त्यति मान्यता दिने गरेको पाइदैन् ।

त्यस्तै हाथिलेट गा.वि.स. वडा नं. २ का विजयवस्ती कामी जाति अन्य जातिहरुले अन्तरजातिय विवाहलाई मान्यता दिएको वा नदिइएको भन्ने विवरणलाई स्पष्ट रुपमा बुझ्न तलको तालिका बाट हेर्न सकिन्छ ।

## तालिका ८

## अन्तरजातिय विवाहलाई जातजातिले मान्यता दिइएको विवरण

| जातजाति | मान्यता दिएको | मान्यता नदिइएको |
|---|---|---|
| ब्राहम्ण/ क्षेत्री | १० | - |
| मधेसी | १० | - |
| आ.जनजाति | १० | - |
| दलित (कामी) | १० | - |

श्रोतः स्थलगत सर्वेक्षण, २०७३

तलिका नं. ८ बाट के स्पष्ट हुन्छ भने समाजर समाजमा बस्ने हरेक जातजातिएक आपसमा उनीहरुको सम्बन्ध नजिक हुने क्रम जारी हुनुका साथै त्यस समाजमा हुने विवाह तथा विभिन्न संस्कारलाई केहि न केहि रुपमा आत्मसाथ गर्नुका साथै मान्यता दिने गरेको पाइन्छ । त्यस्तै हाथिलेट गाउँ विकास समितिका वडा नं. २ का विजयवस्ती का जातजातिहरुमा पनि एक अर्कोको धार्मिक, वैवाहिक। जातिय संस्कारलाई मान्यता दिएको पाइन्छ । मधेसी जाति बाहेक अन्य जातिहरुमा प्रेम, विवाह, मागी विवालाई स्वीकार्यको पाइन्छ भने अन्तरजातिय विवाहलाई पनि एक अर्को जातिले तत्कालै नस्वीकार्य पनि केहि पछि स्वीकार गर्ने गरेका देखिन्छ । जसले गर्दा एक अर्को जातिमा वैवाहिक सम्बन्ध बढ्नका साथै जातिगत भेदभाव पनि कम हुने गरेको पाइन्छ भने एक अर्को जातिमा सम्बन्धलाई सम्मान गर्ने गरेको पाइन्छ जसले गर्दा अन्तजातिय विवाहले उनीहरुको जातिगत सम्बन्धमा प्रभाव पार्नुका साथै त्यस प्रभावबाट जातिय भिन्नता, विभेद, द्वन्द्व, मनमुटाव, उचनिचको भावनामा क्रमश कमी आई जातिय सम्बन्धमा सुधार आउने गरेको पाइन्छ भने मधेसी जातिमा प्रेम विवाह न्यून हुने साथै अन्तरजातिय विवाहलाई पनि केहि हदसम्म मान्यता दिने गरेको पाइन्छ जसले एक अर्कोको जातिय संस्कारमा केहि परिवर्तन हुनुका साथै अवलम्बन

गर्ने गरेको देखिन्छ भने अन्य जाति संग वैवाहिक सम्बन्धलाई स्वीकार्य गरी मान्यता दिने गरेको पाइन्छ ।

यसरी अन्तजातिय विवाहलाई मान्यता दिनु नै एक-अर्को जातिमा जातिगत भावनालाई कदर गर्नु रहेको देखिन्छ । वर्तमान समयलाई बुझ्नुका साथै जातजाति छुवाछुत माथिल्लो जाति, तल्लो जाति बीच भेदभाव कम रहेकोले गर्दा पनि अन्तरजातिय विवाहलाई मान्यता दिइएको छ भने केहि जातिमा वा समाजमा मान्यता दिइएतापनि आफ्नो घरपरिवारमा अलिक मान्यता नदिई हालेको तरपनि ल्याएमा ढिलो चाडो स्वीकार्य गर्ने पनि पाइन्छ ।

त्यस्तै जातजाति बीच वैवाहिक सम्बन्धलाई निम्न तालिकाबाट देखाउन सकिन्छ -

**तालिका ९**

**जातजाति बीच वैवाहिक विवरण**

| जातजाति | | | | | | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ब्राहम्ण/ क्षेत्री | | आ.जनजाति | | मधेसी | | कामी | | जम्मा | |
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | % |
| ब्राहम्ण/ क्षेत्री | ५ | ५०% | ४ | ४०% | – | – | १ | १०% | १० | १००% |
| आ.जनजाति | १ | १०% | ५ | ५०% | – | – | ४ | ४०% | १० | १००% |
| मधेसी | – | – | – | – | १० | १००% | – | – | १० | १००% |
| कामी ( दलित) | १ | १०% | ७ | ७०% | – | – | २ | २०% | १० | १००% |

श्रोत : स्थलगत सर्वेषण, २०७३

माथीको तालिका नं. ९ बाट के स्पष्ट हन्छ भने हरेक जातजातिहरुले आफ्नो जाति सँगै अन्य जाति बीच वैवाहिक सम्बन्ध बाधेको पाइन्छ त्यस्तै ब्राहम्ण/ क्षेत्रीले आफ्नो जाति संगै आ. जनजाति ४०% र कामी जाति संग १०% वैवाहिक सम्बन्ध बाधेको पाइन्छ भने मधेसी जाति संग विवाहवारी गरेको देखिदैन भने त्यस्तै अन्य जातिको तुलनामा आ. जनजातिले पनि मधेसी बाहेक अन्य जाति क्षेत्री/ब्राहम्ण १०% र कामी जाति ४०% ले विवाहवारी गरेको देखिन्छ यसबाट कामी र आदिवासी जातजाति बीच बैवाहिक बन्धन बाधेको पाइन्छ भने कामी जातिले आफ्नो जाति संग अन्य जाति संग पनि वैवाहिक सम्बन्ध रहेको देखिन्छ भने व्राहम्ण/क्षेत्री १०% र आ.जनजाति ७०% र आफ्नै जाति २०% संग वैवाहिक सम्बन्ध रहेको देखिन्छ भने मधेसी जाति संग भने वैवाहिक सम्बन्ध बाधेको पाइदैन भने मधेसी जातिमा अन्य जाति संग भन्दा आफ्नै जाति संग  वैवाहि बन्धनमा बाधेको पाइन्छ भने कहि कतै केहि मात्रामा भने मधेसी जातिले पनि अन्य जाति संग विवाह गर्ने गरेको देखिन्छ भने अन्य जातिको तुलनामा आ.जनजाति र कामी जाति मा भने अन्य जाति संग विवाह गर्ने गरेको देखिन्छ ।

त्यसबाट पनि कामी जातिका साथै अन्य जाति संगको वैवाहिक सम्बन्ध रहेको देखिन्छ । जसमा अन्तरजातिय विवाहलाई पनि एक अर्को जातिमा जातिगत रुपमा मान्यता दिएको पाइन्छ भने विजयवस्तीमा एक जाति र अर्को जातिबीच वैवाहिक सम्बन्ध रहेको साथै आत्मसाथ गरेको देखिन्छ ।

### ५.१.४ धार्मिक सम्बन्ध

धर्म अलौकिक शक्ति माथिको विश्वास हो भन्न सकिन्छ । हरेक समाजमा, समुदायमा जातजातिहरुले आ-आफ्नो किसिमले धर्म मान्ने साथै पुरातन धर्मलाई छाडी अर्को धर्म मान्ने गरेको हुन्छन. । हिन्दु धर्म सनातन धर्म भएतापनि हाल आएर हरेक समाज साथै जातजातिमा बौद्ध, क्रिश्चियन, ओम शान्ति, आत्मज्ञान धर्म मान्ने गरेको पनि पाउन सकिन्छ । धर्मले पनि जातिगत रुपमा एक अर्को जातिलाई नजिक ल्याएको

पाइन्छ भने धर्मले पनि एक अर्को सहयोग गर्नुका साथै धार्मिक कार्यहरुमा एक अर्को जातिगत रुपमा सहयोग गर्ने गरेको देखिन्छ ।

त्यसैगरी धर्मको हिसाबले महोत्तरी जिल्लाको जातजातिको धार्मिक विवरण तालिकाबाट स्पष्ट पार्न सकिन्छ ।

**तालिका १०**

**महोत्तरी जिल्लाका धार्मिक विवरण**

| धर्म | प्रतिशत | जम्मा |
|---|---|---|
| हिन्दु | ८४.२३ | ५२८,६६३ |
| बौद्ध | २ | १२,६९९ |
| इस्लाम | १३.३३ | ८३६९६ |
| किराँत | ०.१ | ६६ |
| क्रिश्चियन | १.३ | ८८ |
| प्रकृति | ०.३ | ४१ |
| बोन | - | - |
| जैन | ०.२ | १९ |
| शिख | ०.० | २ |
| अन्य | ०.२४ | १५१६ |

श्रोत : केन्द्रिय तथ्याङ्क विभाग, २०६८

तालिकानं. १० बाट के थाहा पाउन सकिन्छ भने हिन्दु धर्म मान्नेको संख्या उच्च रहेको देखिन्छ भने हिन्दु धर्मका साथै इस्लाम, बौद्ध र क्रिश्चियन धर्म मान्नेको संख्या देखिन्छ भने अन्य धर्म केहि मात्रामा रहेको पाइन्छ । साथै महोत्तरी जिल्लाको जातिगत धर्मलाई हेर्दा हिन्दु धर्म मान्नेको साथै अन्य धर्म मान्नेहरुको वाहुल्यता पाउन सकिन्छ । यसरी हरेक धर्म वीच रहेको जातिहरुको जातिगत सम्बन्ध रहेको पाइन्छ ।

जहाँ सबै जातिहरु एक अर्का जातिलाई समर्थन गर्नुका साथै मान्यता दिने गरेको पाइन्छ भने हरेक धर्मालम्वीहरु अर्को धार्मिक संस्कार भएको ठाउँमा जाने उपस्थित हुने वा उपस्थितिलाई राम्रो मान्ने गरेको पाइन्छ भने एक अर्को धर्ममा द्वन्द्वात्मक सम्बन्ध नरहेको तर आलोचना गर्ने गरेको देखिन्छ ।

त्यसैगरी हाथिलेट गाविसमा रहेको वडा नं. २ का विजयवस्ती गाउँका धार्मिक विवरण लाई हेर्दा तलको तालिका स्पस्ट हुन सकिन्छ ।

## तालिका ११

## धर्मको आधारमा जातजातिको पारिवारिक विवरण

| जातजाति | हिन्दु | | बौद्ध | | क्रिश्चियन | | मुस्लिम | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % |
| ब्राह्म्ण/क्षेत्री | ८ | ८० % | - | - | २ | २० % | - | - | १० | १००% |
| मधेसी | १० | १०० % | _ | — | - | - | - | - | १० | १००% |
| आ. जनजाती | ५ | ५० % | २ | २० % | ३ | ३० % | - | - | १० | १००% |
| दलित (कामी) | ७ | ७० % | | | ३ | ३० % | - | - | १० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिकानं. ११ बाट के स्पस्ट हुन्छ भने मधेसी जाति बाहेक अरु जातजातिले हिन्दुका साथै बौद्ध र क्रिश्चियन धर्मलाई अपनाएको देखिन्छ भने ब्राहम्ण/क्षेत्री हिन्दु ८०% हुनुका साथै क्रिश्चियन २०% रहेको देखिन्छ भने बौद्ध र मुस्लिम धर्मलाई अवलम्वन गरेको देखिदैन भने एक अर्को धर्मलाई सम्मान गर्नुका साथै अन्य धर्मको धार्मिक कार्यहरुमा उपस्थित जनाउने गरेको पाइन्छ भन्ने आफ्नो धार्मिक कार्यहरुमा पनि अर्को धर्मावलम्वीको उपस्थितिलाई राम्रो मान्ने गरेको देखिन्छ साथै आ. जनजाति ले हिन्दु ४० % र बौद्ध २० % र क्रिश्चियन ३०% मा आवद्ध रहेको पाइन्छ भने मुस्लिम धर्मलाई अपनाएको देखिदैन यसरी हेर्दा हरेक जातिमा अर्को जातिको पानि संलग्नता

रहेको कारण उनीहरु धर्मको. माध्यम साथै धार्मिक कार्यहरु द्वारा पनि सम्पर्कमा आउनुका साथै धार्मिक रुपमा हरेक जाति वरावरी रहेको साथै हरेकमा भेदभाव नहुने हुदाँ एक-अर्को जाति वीच धार्मिक सम्बन्ध राम्रो रहेको देखिन्छ । कामी जाति हिन्दु ७०% का साथै क्रिश्चियन धर्म ३०% मा रहेको देखिन्छ भने बौद्ध र मुस्लिम धर्मलाई आत्मसाथ गरेको पाइदैन् । यसरी हेर्दा हरेक धर्ममा एक अर्को जातिको संलग्नता कारण उनीाहरु धार्मिक रुपमा एक अर्कोको सम्पर्कमा आउने हुदाँ उनीहरु वीच रहेको सामाजिक कुरिति, भेदभाव,छुवाछुत जस्ता धारणा हटेर जाने गरिन्छ जसले गर्दा एक अर्को जाति विच सम्बन्ध धार्मिक रुपमा सम्बन्ध रहेका देखिन्छ भने मधेसी जाति हिन्दु धर्म वाहेक अन्य धर्ममा आवद्ध नभएता पनि एक अर्काको धर्मलाई सम्मान गर्नुका साथै अन्य जाति संग सम्बन्ध राम्रो बनएको देखिन्छ ।

प्राचिन समयमा हिन्दु धर्ममा रहेको जातिय विभेद तथा गिता, वेदमा छुट्टाएका जातिगत भेदभाव, छुवाछुत, उचनिच को कारणले गर्दा एक अर्को जाति वीच असमनता पाइएको कारण वर्तमान समयमा मानिसहरु वीच जनचेतना बढ्नुका साथै अन्य धर्मको प्रभावको कारणले पनी जातिगत रुपमा रहेको विविध प्रभावलाई हटेर जाने क्रम जारी रहेको देखिन्छ भने एक अर्को जाति वीच धार्मिक सम्बन्ध पहिला भन्दा अहिले सुदृढ बन्ने गरेको देखिन्छ भने उच्च जातिबाट पनि हुने धर्ममा भेदभाव न्यून हुने गरेको पाइन्छ जसले गर्दा विभिन्न जाति विच धर्मको प्रभाव पर्नुका साथै धार्मिक संस्कार र जातिय विभेदमा असर पर्न गई जातजाति वीच धार्मिक सम्बन्ध सुधार हुँदै गइरहेको देखिन्छ ।

यसैगरी धार्मिक उपस्थितिलाई पनि निम्न तालिका बाट एक अर्को जातिगत सम्बन्धलाई धार्मिक रुपमा देखाउन निम्न तालिका बाट सकिन्छ ।

**तालिका १२**

**जातियताको आधारमा धार्मिक कार्यमा जातजातिहरुको उपस्थितिको विवरण**

| जातजाति | हिन्दु | | बौद्ध | | क्रिश्चियन | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | | |
| ब्राह्मण/क्षेत्री | ७ | ७०% | – | – | ३ | ३०% | – | १० | १००% |
| मधेसी | ७ | ९०% | – | – | १ | १०% | – | १० | १००% |
| आ. जनजाती | ५ | ५०% | २ | २०% | ३ | ३०% | – | १० | १००% |
| दलित ( कामी) | ७ | ७०% | १ | १०% | ५ | २०% | – | १० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १२ वाट हेर्दा वढी हिन्दु र क्रिश्चियन धर्ममा उपस्थिति रहेको देखिन्छ भने आ. जनजातिहरु धेरै हिन्दु धर्मालम्वीको धार्मिक कार्यमा सहभागी हुनुका साथै बौद्ध र क्रिश्चियन धर्मको मा पनि उपस्थिति जनाउने गरेको देखिन्छ भने आ. जनजाति बौद्ध भएतापनि सबै धार्मिक कार्यहरु हिन्दु अनुरुप नै मनाउने गरेको देखिन्छ । जसले गर्दा अन्य धार्मिक कार्यहरुमा पनि संलग्नता जनाउने देखिन्छ । जस अनुसार कामी जातिहरु हिन्दुका साथै जातिय रुपमा हिन्दु धार्मिक कार्यहरुमा अन्य जातिले उपस्थितिलाई सामान्य मान्नुका साथै कार्यहरुमा सहभागिता सामान्य रहेको पाइन्छ भने हिन्दु धर्मको तुलनामा बौद्ध र क्रिश्चियन धर्ममा लचिलो रहेको पाइन्छ भने जातिय विभेद पनि न्यून रहेन गरेको देखिन्छ । मधेसीहरु धेरै हिन्दु९०% को धार्मिक कार्यमा जाने गरेको तर कोहि कोही मधेसी जाति पनि अन्य धार्मिक कार्यमा सहभागिता हुने तथा हेर्न, बुझ्न जस्ता पनि गर्ने गरेको देखिन्छ । वर्तमान समयमा धर्म प्रति मानिसहरुको सोच, विचार, परिवर्तन भएको कारण मानिसहरु एक अर्को धार्मिक कार्यहरुमा सहभागिता जनाउने साथै जादै मा बुझदै केहि हुदैन भन्ने भावना का साथ जातजातिहरु एक अर्को धर्म र धार्मिक कार्यलार्य सम्मानपूर्वक जाने गरेको पाउन सकिन्छ । त्यस क्षेत्रको धेरै जसो जातिहरु हिन्दु भएको साथै क्रिशिकचयन र बौद्ध पनि भएकाले सवै धर्मलाई आत्मसाथ गरेको देखिन्छ भने एक जाति अर्को जातिको मा धार्मिक कार्यमा उपस्थिति जनाउने गरेको देखिन्छ भने पछिल्लो समय कामी जाति अन्य जातिको धार्मिक कार्यमा संलग्न हुनुका साथै धार्मिक कार्यमा सरिक हुने पाइन्छ भने जसको कारण कामी जाति र अन्य जातिको धार्मिकसम्बन्धमा सुधार आई प्रभाव पार्नुका साथै धार्मिक सम्बन्ध राम्रो हुने गरेको देखिन्छ ।

### ५.१.५ चाडपर्व विवरण कार्य सम्बन्ध

हाथिलेट गा.वि.स का सिमित परिवार (४०) संख्यालाई आधारमा हेर्दा चाडपर्वले एक अर्को जाति लाई जोड्नका साथै चाडपर्वले एक अर्को जातिको सम्बन्धमा प्रभाव पार्नुका साथै सम्बन्धलाई वलियो बनाउने गरेको पाइन्छ । एक अर्को जातिलाई विभिन्न चाडपर्वमा वोलाउनुका साथै सामाजिक रुपमा आफ्नोचाडपर्वमा अन्य जातीलाई बोलाई आफ्नो जातिय संस्कारको पहिचान हुने गरेको  साथै अन्य

जातिमा र आफ्नो जातिगत चाडपर्वलाई एक अर्को जातिले अवलम्वन गर्ने गरेको देखिन्छ । जसको माध्यमबाट जातजाति वीच सम्बन्ध समन्वयात्मक बन्न जाने देखिन्छ । जसलाई विभिन्न तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका१३**

**चाडपर्वको आधारमा अन्य जातिको उपस्थिति**

| जातजाति | बोलाउने | बोलाउदिन | जम्मा |
|---|---|---|---|
| ब्राह्मण/क्षेत्री | १० | - | १०० |
| आ. जनजाति | १० | - | १०० |
| मधेसी | १० | - | १०० |
| दलित (कामी) | १० | - | १०० |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका नं. १३बाट के स्पस्ट हुन्छ भने विभिन्न जातजातिमा सम्बन्ध वलियो रहेको पाइन्छ । भने साथै एक जाति वाट अन्य जातिमा चाडपर्वमा बोलाउने, खाने गरेतापनि अन्य जातिको तुलनामा कामी जातिको क्षेत्री/ब्राह्मण र मधेसी जातिको उपस्थिति न्यून रहेको देखिन्छ भने धर्मको हिसावले हिन्दु धर्मका भन्दा अन्य धर्मको धार्मिक कार्यहरुमा जातिय विभेद न्यून रहेको देखिन्छ ।

त्यसैगरी जातजातिहरुमा एक अर्को को संस्कार, चाडपर्वहरुको अवलम्वन गर्ने गरेको पनि पाइन्छ भने विभिन्न जातजातिहरुले जातिय संस्कारहरुलाई अवलम्वन गर्ने सहभागी हुने तथा अन्य जातिहरुको चाडपर्वलाई आत्मसाथ गर्ने गरेको पाइन्छ । यस तालिकाबाट पनि देखाउन हुन सकिन्छ ।

## तालिका १४

## जातिय संस्कारको अवलम्वन

| जातजाति | अवलम्वन गरेको | | अवलम्वन नगरेको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्म्ण/क्षेत्री | २ | २०% | ८ | ८०% | १० | १००% |
| आ. जनजाति | ३ | ३०% | ७ | ७०% | १० | १००% |
| मधेसी | २ | २०% | ८ | ८०% | १० | १००% |
| दलित | २ | २०% | ८ | ८०% | १० | १००% |
| | | | | | ४० | |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

हरेक जातिको आफ्नै जातिय संस्कारहरु, चाडपर्व वैवाहिक कायक्रम, जन्मसंस्कार, मृत्युसंस्कार साथै आफ्नै छुट्टै जातिय, धार्मिक, परम्परागत मौलिक संस्कार हुनुका साथै छुट्टै भाषा शैली, जीवनशैली, रहेको हुन्छ । जसलाई सबै जातिले अवलम्वन गर्न सक्दैन तर गर्दैन पनि हरेक जातजातिलाई आफ्नै जातिय संस्कार, रितिरिवाज, परम्परा मन पर्ने हुनाले अन्य जातिहरुमा धार्मिक तथा जातिय संस्कारलाई अवलम्वन नगर्ने पाइन्छ भने समाजमा धेरै जातिहरुको वाहल्युता भएको कारण हरेक जाति अर्को जातिको जातिय संस्कार तथा चाडपर्व तथावैवाहिक कार्य, निम्न कार्यहरुमा जनसम्पर्कमा रहेको साथै जाने आउने गरेको कारण केहि धार्मिक दशैं, तिहार, रक्षा बन्धन जस्ता चाडपर्वहरुलाई अवलम्वन गर्ने गरेको पाइन्छ भने घरपरिवारमा नगरेतापनि अन्य जाति कहाँ गई उनीहरुको धार्मिक कार्यलाई आत्मसाथ गरेको देखिन्छा भने खानपिन रहनसहनलाई एक वाट अर्को जातिले सजिलै लिने गरेको देखिन्छ जसले गर्दा एक जाति र अर्को जाति वीचको जातिय सम्बन्धको प्रभावको कारण सम्बन्ध सुधारन्मुख भएको देखिन्छ ।

जातिय सम्वन्धलाई हेर्दा हरेक जातजातिले एक अर्को चाडपर्व तथा जातिय संस्कारहरुलाई हरेक जातिमा धेरै थोरै मात्रामा भएपनि अवलम्बन गर्ने गरेको पाइन्छ भने साथै आफ्नै जातिमा एक अर्कोको जातिय संस्कारलाई मान्यता दिने, सम्मानपूर्वक हेर्ने गरेको पाइन्छ साथै आत्मसाथ पनि गरेको देखिन्छ भने अन्य जातिको तुलना धार्मिक र जातिय संस्कार कामी जातिले आत्मसाथ गर्ने गरेतापनि अन्य जातिले धेरै आत्मसाथ गरेको पाइदैन भने एक अर्कोको जातिगत खानपान रहनसहन, लवाई खवाई तथा पशिचमिकरणको जातिय संस्कार लाई पनि अपनाउने गरेको देखिन्छ भने यसरी अवलम्वन गर्नमा अन्य जातिको तुलनामा आ. जनजाति अगाडि रहेको देखिन्छ भने कामी जातिहरु अन्य जातिको तुलनामा धेरै आदिवासी जनजातिको प्रभाव परेको देखिन्छ भने जातिय, धार्मिक, भाषाशैलीमा ब्राह्म्ण/क्षेत्री को वढी प्रभाव परेको देखिन्छ जसले गर्दा अन्य जातिको कामी जाति सँगको जातिय सम्बन्ध रहेको पाइन्छ भने अन्य जातिले कामी जातिको जातिय, धार्मिक कार्यलाई अवलम्बन्भ गरेको न्यून रुपमा रहेको देखिन्छ ।

त्यस्तै हाथिलेट गा. वि. स. का वडा नं. २ का विजयवस्तीका जातजातिमा सामाजिक साँस्कृतिक सहयोगको विवरणलाई तलको तालिकाबाट देखाउन सकिन्छ ।

**तालिका१५**

**जातजातिको आधारमा सामाजिक साँस्कृतिक सहयोग को विवरण**

| जातजाति | शैक्षिक | | धार्मिक | | वैवाहिक | | सामाजिक-साँस्कृतिक | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | |
| ब्राह्म्ण/क्षेत्री | – | – | २ | २०% | ६ | ६०% | २ | २०% | १० | १००% |
| आ. जनजाति | – | – | १ | १०% | ८ | ८०% | १ | १०% | १० | १००% |
| मधेसी | – | – | १ | १०% | ८ | ८०% | १ | १०% | १० | १००% |
| दलित (कामी) | २ | २०% | – | – | ६ | ६०% | २ | २०% | १० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका नं. १५ लाई हेर्दा हरेक जातिले आफ्नो गक्ष अनुसार विभिन्न सामाजिक पक्षहरुमा शैक्षिक, धार्मिक, वैवाहिक सामाजिक-साँस्कृतिक कार्यमा एक अर्का जातिलाई सहयोग गर्ने गरेको देखिन्छ भने धेरै रुपमा हरेक जातिले आ-आफ्नै जातिमा वैवाहिक स्थितिमा आर्थिक सहयोग साथै अन्य गरगहना समेतमा सहयोग गर्नुमा साधै धार्मिक सास्कृतिक कार्यहँरुमा पनि आर्थिक र सामाजिक रुपमा सहयोग गर्ने गरेको देखिन्छ भने केही मात्रामा सामाजिक सांस्कृतिक कार्यहरुमा पनि एक अर्कोको उपस्थिति र सहयोग गर्ने गरेको देखिन्छ । यस्तो एक जाति र अर्को जातिमा विभिन्न पक्षहरुमा सहयोग रुपी गर्नेमा ब्राह्म्ण क्षेत्री र आदिवासी जनजाति वीच हुने गरेको देखिन्छ भने मधेसी जातिले धार्मिक र वैवाहिक पक्ष मा आर्थिक सहयोग र सामाजिक साँस्कृतिमृत्यु संस्कारमा अन्य फलफूल जस्ता सहयोग आफ्नै जातिमा वढी गर्ने गरेको देखिन्छ भने कामी जातिमा अन्य जाति भन्दा आर्थिक स्थिति कमजोर भएकोले आफ्नै जातिलाई सहयोग गर्नुका साथै अन्य जातिहरुले पनि सहयोग आदान प्रदान गर्ने देखिन्छ भने केहिले कामी जातिहरुले पनि अन्य जातिहरुलाई धार्मिक साथै सामाजिक साँस्कृतिक मृत्यु संस्कार मा कार्यहरुमा सहयोग गर्ने गरेको विवरण देखिन्छ ।

यसरी हेर्दा हाथिलेट गाउँ विकास समितिका वडा नं. विजयवस्ती गाउँमा सामाजिक सास्कृतिक कार्यहरुको सहयोग हेर्दा पनि उनीहरुको सम्वन्धमा प्रभाव पर्न गएको देखिन्छ भने हरेक जातिमा समाजमा हुने सामाजिक कार्यहरुमा सहयोग गर्ने तथा एक अर्को जातिलाई वैवाहिक स्थितिमा कार्य सम्पन्न गर्नमा सहयोग, घरको अन्य कार्य साथै सक्नेले आथृिक सहयोग प्राय आ-आफ्नै जातिमा हुने तथा अन्य जातिले पनि गर्ने गरेको देखिन्छ । जसले गर्दा एकअर्को को जातिय संस्कारहरु अवलम्वलन गर्न साथै आत्मसाथ गर्ने, सहयोग, हृदय शैक्षिक सहभागिता, हुनुका साथै यहाँको हरेक जातिहरु वीच केही भिन्नता रहेतापनि एक अर्को जातिको पुरक भएको देखिन्छ । जहाँ एक जाति अन्य जाति सँग घुलमिल हुनुका साथै सम्वन्धलाई सुमधुर बनाउने गरेको देखिन्छ भने कामी जाति पनि अन्य जातिको तुलनामा आफ्नो सम्वन्ध अन्य जाति सँग केही मात्रामा वलियो बनाउदै साथै हरेक कार्यमा उनीहरलाई

भेदभाव, छुवाछुत गर्ने गरेको कमै पाइन्छ भने एक अर्को वीच सम्वन्धलाई समन्वयातमक पारेको देखिन्छ भने केहि साँस्कृतिक कार्यलाई साथै धार्मिक कार्यमा अन्य जातिको तुलनामा उपस्थित कमै रहेको देखिन्छ ।

### ५.१.६ आर्थिक सम्बन्ध

हाथिलेट गाउँ विकास समिति वडा नं. २ का विजयवस्तीको आर्थिक अवस्थालाई हेर्दा यस क्षेत्रका जातजातिहरु विभिन्न पेशाहरु अपनाएको देखिन्छ साथै विभिन्न कार्यहरुमा संलग्नता रहेको पाइन्छ भने कृषी, रोजगारी, ज्यालामजदुरी, वैदेशिक रोजगारलाई अपनाएको साथै धेरै जातिहरु व्यापार/व्यवसाय लाई पेशागत रुपमा अंगालेको पाइन्छ जसले गर्दा उनीहरुको सम्बन्ध एक जाति र अर्को जाति सँग आर्थिक कारोबार। ऋण सापटी लेनदेन तथा आर्थिक रुपमा सहयोग पनि गर्ने गरेको देखिन्छ भने वर्तमान समयमा एक जाति र अन्य जाति वीच समुह, संगठन तथा सहकारी संस्था, गैरसरकारी संस्था जस्ता निकायहरु मा एक जातिको मार्फत अर्को जातिलाई संलग्नता गराउनुको साथै व्याज मार्फत ऋण उपलब्ध गराउने देखिन्छ जसमा काम चलाइदिने तथा ऋण लिने-दिने जस्ता विभिन्न समुह तथा स्वालम्बन जस्ता सामुदायिक समुहले पनि एक अर्को जाति एक अर्कोको सम्पर्कमा आउने जसले गर्दा उनीहरुको वीच सम्बन्ध स्थापना कायम रहेको देखिन्छ । हाथिलेट गा. वि. स. को मुख्या पेशा कृषि भएता पनि कृषिका साथै अन्य पेशामा संलग्नता रहेको देखिन्छ जसलाई हेर्न निम्न तालिका बाट स्पस्ट हुने हुन्छ ।

## तालिका १६
## पेशाको आधारमा जातजातिको पारिवारिक संलग्नताको विवरण

| जातजाति | कृषि | | व्यापार/व्यवसाय | | सरकारी रोजगारी | | वैदेशिक रोजगारी | | ज्यालामजदुरी | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | |
| ब्राह्मण/क्षेत्री | १२ | ५२.१७% | २ | ८.६९% | ७ | ३०.१४% | २ | ८.६९% | – | – | २३ | १००% |
| आ. जनजाति | १२ | ६०% | ३ | १५% | २ | २०% | ५ | २५% | – | – | २० | १००% |
| मधेसी | १ | ५.२६% | १६ | ८४.२१% | – | – | २ | १०.५२% | – | – | १९ | १००% |
| दलित ( कामी) | २ | १०% | – | – | – | – | ३ | ३०% | ६ | ६०% | १० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. १६ का अनुसार हरेक जातिहरु कृषिका साथै अन्य पेशालाई आत्मसाथ हुनुमा साथै संलग्नता रहेको देखिन्छ । परम्परागत रुपमा रहेको कृषि पेशमा ब्राह्म्ण/क्षेत्री ५२.१७% र आ. जनजाति ६०% रुपमा संलग्नता रहेको पाइन्छ भने मधेसी ५.२६% र कामी जाति १०% ले मात्रामा कृषी पेशालाई अपनाएको पाइन्छ । भने व्यापार/व्यवसाय लाई हेर्दा अन्य जातिको तुलना मधेसी जाति (८४.२१) अग्रसरता देखिन्छ भने अन्य जाति ब्राह्म्ण/क्षेत्री (८.६९) र आ. जनजाति (१५%) ले मात्र संलग्नता रहेको देखिन्छ भने अन्य जाति को तुलनामा कामी जातिको न्यूनतना रुपमा देखिन्छ भने सरकारी रोजगारीमा अन्य जातिको तुलनामा ब्राह्म्ण/क्षेत्री (३०.१४%) र आ. जनजाति (२०%) संलग्नता रहेको पाइन्छ । भने मधेसी र कामी जातिको संलग्नता न्यूनता रहेको देखिन्छ । ज्यालामजदुरीको रुपमा हेर्दा अन्य जातिको संलग्नता रहेको देखिदैन भने कामी जातिको ६०%ले वढी मात्रामा संलग्नता रहेको पाइन्छ । यसरी हेर्दा कामी जातिहरुलाई अन्य जातिको प्रभाव वढी रहेको पाइन्छ भने परम्परागत पेशालाई अपनाएको देखिदैन । वढी ज्याला मजदुरी साथै डकर्मी, सिकर्मी, डाइभर जस्ता कार्यहरुमा वढी संलग्नता वाट पनि कामी जातिलाई अन्य जातजातिको प्रभाव वढी मात्रामा परेको देखिन्छ । भने बालिघरे विस्ट प्रथाको पनि अन्त्यै भएको देखिन्छ । वर्तमान समयमा आएर कामी जाति पनि अन्य जातिको सिको गरी वैदेशिक रोजगारी मा जाने अन्य जाति सरह अन्य कार्यहरुमा सहभागी जनाउनुका साथै अन्य जाति सरह आर्थिक रुपमा सबल रहेको र रहन गएको देखिन्छ ।

यसबाट के स्पस्ट हुन्छ भने मानिसहरु परम्परागत कृषी पेशा भन्दा अन्य पेशालाई अँगालेको पाइन्छ भने जसमा कृषी तर्फ आधुनिक साथै सिचाईको मात्रा अभाव हुनका साथै वढी अन्य पेशालाई व्यापार/व्यवसायलाई साथै वैदेशिक रोजगारलाई पनि मुख्य आधार बनाएकोले वर्तमान समयलाई परिवर्तित रुपमा लिनका साथै वैदेशिक रोजगार अन्य पेशाको तुलना राम्रो विकल्प रहेको देखिन्छ । जसमा रोजगारी धेरै ब्राह्मण/क्षेत्री का साथै आ. जनजातिको संलग्नता पाउनाले शिक्षा प्रति अग्रसर रहेको देखिन्छ भने शिक्षाको जनचेतना बढेको पाइन्छ भने कामी जातिहरुमा आफ्ना जातिय पेशालाई छाड्नुमा आधुनिकता साथै नयाँ नयाँ प्रविधिको अभाव

हुनुका साथै अन्य जाति सरह अन्य पेशामा संलग्नता रहेको देखिन्छ भने कामी जाति तथा दमै जातिहरुको पेशालाई अन्य जातिहरुले पनि आत्मसाथ गरेको देखिन्छ भने लुगाा सिलाउने साथै वुटिक खोल्ने जस्ता परिस्कृत रुपमा लिएको देखिन्छ । यसरी हेर्दा सबै जातजातिहरु कृषि साथै अन्य पेशालाई आत्मसाथ गरेको कारण एक अर्को जातिगत सम्पर्क रहने साथै एक आपस रहेको कारण सम्बन्ध बन्ने गरेको देखिन्छ ।

यसरी हेर्दा पेशाको रुपमा सबै जातजातिले विभिन्न पेशालाई अपनाएको साथै एक जाति सँग अर्को जाति ऋण सापटी लिने, दिने, व्याजदर वा पैसा चलाउने जस्ता तथ्यलाई तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका १७**

**जातजातिविच ऋण लेनदेनको विवरण**

| जातजाति | ऋण लिएको | | ऋण नलिएको | |
|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ब्राह्म्ण/क्षेत्री | १० | २५% | - | - |
| आ. जनजाति | १० | २५% | - | - |
| मधेसी | १० | २५% | - | - |
| दलित (कामी) | १० | २५% | - | - |
| | ४० | १००% | | |

श्रोत : स्थलगत सर्वेक्षण

तालिका नं. १७बाट के स्पस्ट पार्न सकिन्छ भने समाज एक्लोमा सिमित नभई सामाजिक साँस्कृतिक आर्थिक राजनितिक शैक्षिक सम्बन्धहरुको एकाई हो । जहाँ हरेक जाति एक अर्कोको जातिगत जातिय संस्कार, धार्मिक संस्कार साथै आर्थिक लेनदेनको माध्यम बाट जनसम्पर्कमा आउनुको साथै एक अर्को जाति विच विभिन्न तत्वहरुको प्रभावले गर्दा उनीहरुको सम्बन्धमा एकरुपता लिने काम गर्दछ । जसबाट जातजाति वीच सम्बन्ध सुमधुर हुदैं सुढृद बन्दे जाने र एकता कायम नहुने गर्दछ । जहाँ अनेकता वीच एकता सिर्जना कायम भई हामी भन्ने भावना बन्ने गरेको देखिन्छ । यसरी हाथिलेट गा. वि. स. वडा नं. २ का विजयवस्तीको आर्थिक ऋण लेनदेनको

विवरण हेदा्र हरेक जाति अर्को जातिबाट ऋण लिने गरेको देखिन्छ । भने ऋण सापटी सँगै एकअर्को जातिलाई आर्थिक सहयोग गर्ने जस्ता पनि पाइन्छ ।

जातिगत हिसावले आर्थिक लेनदेन बढी मात्रामा कुन जातिसँग गर्ने गरेको भन्ने कुरा तलको तालिकाबाट स्पस्ट हुन सकिन्छ ।

**तालिका १८**

**जातजातिको आधारमा ऋण सापटी लिएको विवरण**

| ऋण लेनदेनको विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जातजाति | ब्राह्मण/क्षेत्री | | आ. जनजाति | | मधेसी | | दलित | | जम्मा | |
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | |
| ब्राह्मण/क्षेत्री | ५ | ५०% | ४ | ४०% | १ | १०% | – | – | १० | १००% |
| आ. जनजाति | २ | २०% | ६ | ६०% | २ | २०% | – | – | १० | १००% |
| मधेसी | १ | १०% | २ | २०% | ७ | ७०% | – | – | १० | १००% |
| दलित | १ | १०% | २ | २०% | १ | १०% | ६ | ६०% | १० | १००% |
| | | | | | | | | | ४० | |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

जातजातिको आर्थिक ऋण लेनदेनको विवरण लाई हेर्दा कामी जाति वाहेक अन्य जातजातिमा ऋण लेनदेन हुने गरेको देखिन्छ । जसमा प्राय आफ्नै जाति सँग बढी ऋण लिने दिने गरेको देखिन्छ । ब्राह्मणमक/क्षेत्रीले धेरै आफ्नै जातिसँग ऋण लिने गरेको पाइन्छ भने त्यसपछि आदिवासी जनजाति ४०%सापटी लेनदेन वढी गरेको पाइन्छ साथै मधेसी सँग१०%ले मात्र ऋण लेनदेन गरेको पाइन्छ भने कामी जाति सँग भने ऋण लेनदेन हुने गरेको देखिदैन भने केही मात्रामा न्यून रुपमा एक बाट अर्को जाति सँग ऋण लेनदेन गरेको पाइन्छ भने आदिवासी जनजातिले आफ्नै अन्य जाति सँग६०%ले आर्थिक लेनदेन गरेको पाइन्छ भने ब्राह्मण/क्षेत्री र मधेसीसँग बराबरी रुपमा २०%ऋण लेनदेन गर्ने गरेको देखिन्छ भने अन्य जातिको तुलना मधेसीले पनि वढी रुपमा आर्थिक लेनदेन आफ्नै जाति सँग लिएको देखिन्छ भने

ब्राह्म्ण/क्षेत्री १०सँग भन्दा आ. जनजाति २०% बढी आर्थिक कारोवार लिनेदिने गरेको साथै कामी जाति सँग धेरै कारोवार नगर्ने गरेको पाइन्छ । भने कामी जाति अन्य जाति भन्दा फरक हुनुमा साथै बढी आफ्नै जाति सँग७०%पछि अन्य सबै जातिहर सँग ऋण लिने गरेको पाइन्छ ।

यसरी आर्थिक कारोवारमा हरेक जातिले अर्को जातिसँग ऋण लेनदेन गर्ने साथै आर्थिक सहयोग गर्ने पनि देखिन्छ भने स्थलगत अध्ययनको रुपमा हेर्दा धेरै जनजातिको संङ्ख्या भएको कारण जातिय संस्कार तथा आर्थिक ऋण लेनदेनमा अन्य जातिको. तुलनामा आदिवासी जनजाति सँग बढी ऋण लेनदेन गरेको देखिन्छ । हरेक जातिहरु आर्थिक रुपमा ज्याला मजदुर गर्ने व्यापार व्यवसाय गर्ने वैदेशिक रोजगारीमा जाने जस्ता कार्यहारुको एक जाति र अर्को जाति विच आर्थिक खाडल समानतामा पुरिएको कारणले पनि त्यस क्षेत्रमा आर्थिक कुराहरुलाई लिएर सम्बन्धमा एक रुपता नभएतापनि धेरैथोरै मात्राम समानता पाउन सकिन्छ भने अन्य जाति सँगै कामी जातिले पनि आर्थिक रुपमा सवल हुनुका साथै परम्परागत पेशालाई छाडेर अन्य पेशा अपनाउनु त्यस्तै अन्य जाति सरह व्यापार/व्यवसाय, वैदेशिक रोजगारीलाई अँगाल्नुका साथै अन्य जाति सँगक प्रभावको कारण अन्य जाति सँग सम्बन्धलाई केही मात्रामा अगाडि बढाएको देखिन्छ साथै विभिन्न हाट बजारले पनि त्यस क्षेत्रका जातजातिमा अचात्मनिर्भर हुनुका साथै आर्थिक पक्षमा सवल बनाउने भूमिका खेलेको पाइन्छ । परम्परागत कृषी पेशालाई भन्दा अन्य पेशालाई रोजेको साथै कामी जातिले पनि परम्परागत पेशा (आरन कुट्ने) पेशालाई  छाडेर अन्य जातिलाई सरह अन्य पेशामा सरिक हुनुमा पनि त्यस क्षेत्रमा आर्थिक भेदभावमा कमि आएको पाइन्छ भने वर्तमान तन परिवेशलाई आत्मसाथ गर्दै वैदेशिक रोजगार व्यापार/व्यवसाय लाई बढी प्राथमिकता दिनुले पनि त्यस क्षेत्रमा आर्थिक भेदभावमा कमी आएको पाइन्छ भने वर्तमान परिवेशलाई आत्मसाथ गर्दै वैदेशिक रोजगार व्यापार व्यवसाय लाई बढी प्राथमिकता दिनुले पनि आर्थिक दलदललाई हटाएर एक जाति र अर्को जाति बीच सवल सृदृद सम्बन्धको सिर्जना बन्ने क्रम जारी देखिन्छ जसमा अन्य जाति सरह कामी जाति पनि आर्थिक माथी उकास्न सहयोग गरेको देखिन्छ ।

## ५.२ शैक्षिकसम्बन्ध

वर्तमान अवस्था एउटा शैक्षिकमय बनेको पाइन्छ । जसले गर्दा हरेक जातिहरुले पढने पढाउने गरेको साथै शिक्षाको महत्व बुझ्नुका साथै हरेक जातिले शिक्षालाई गम्भिरता पूर्वक लिएको देखिन्छ । हाथिलेट गा. वि. स. का शिक्षाको आधारलाई हेर्दा सबै जातजातिहरु धेरै थोरै मात्रामा शिक्षामा अग्रसर हुनुका साथै अगि बढेको पाइन्छ । धेरै अग्रसरता ब्राह्मण/क्षेत्री रहेको देखिन्छ भने आदिवासी जनजाति साथै मधेसी रहेको पाइन्छ । यसरी पनि शिक्षा आवश्यक बनेको साथै शिक्षा प्राप्त गर्नु जरुरी रहेको देखिन्छ भने अन्य जातिको तुलनामा कामी जातिको शिक्षाको स्तर कम हुनुमा साथै जनचेतनाको कमी पाइन्छ भने अहिले सरकारी सुधि लार्य प्राप्त गर्नुका साथै नयाँ सोच, विचार हुनुमा अलावा पढाईमा बढ्ने गरेको देखिन्छ । अन्य जाति सरह एउटै स्कुलमा पढ्ने तथा शिक्षाको ज्ञानता प्राप्त गर्ने जनचेतना बढने र अहिलेको सञ्चार माध्यम बाट पनि जनचेतना बढ्नुका साथै विभिन्न घटनाहरुलाई पढ्ने जसको कारणले गर्दा छुवाछुट को भेदभाव घट्दै जाने, जातिय विभेदमा कमी आउने साथै सँगै जाने आउने जस्ता कार्यहरुले पनि जातिय भेदभाव मा कमी आएको देखिन्छ ।

यसरी हाथिलेट गाउँ विकास वडा नं.२ विजयवस्ती का कामी र अन्य जातिहरुको शिक्षाको स्तरलाई निम्न तालिकाबाट हेर्न सकिन्छ ।

## तालिका १९

## शिक्षाको आधारमा जातजातिको पारिवारिक विवरण

| जातजाति | प्राथमिक | | | | माध्यामिक | | | | उच्च | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | | पुरुष | | महिला | | पुरुष | | महिला | | पुरुष | | | |
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | |
| ब्राह्मण/क्षेत्री | ८ | १७.३९ | १० | २१.७३ | ६ | १३.०४ | ८ | १७.३९ | ५ | १०.८६ | ९ | १९.५६ | ४६ | १००% |
| आ. जनजाति | १० | २०.४० | ९ | १८.३६ | ७ | १४.२८ | १० | २०.४० | ५ | १०.२० | ८ | १६.३२ | ४९ | १००% |
| मधेसी | १६ | ४१.०२ | ८ | २०.५१ | ५ | १२.८२ | ६ | १५.३८ | १ | २.५६ | ३ | ७.६९ | ३९ | १००% |
| दलित (कामी) | १० | ५० | ५ | २५ | २ | १० | ३ | १५ | – | – | – | – | २० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण

माथिको तालिका नं. १९लाई हेर्दा प्राथमिक स्तरको शिक्षााई हेर्दा ब्राह्म्ण/क्षेत्री महिलाको संख्या १७.३९% र पुरुषको २१.७३% पाइन्छ जसमा महिलाको भन्दा पुरुषको संख्या बढी रहेको पाइन्छ भने आदिवासी जनजातिमा महिलाको संख्या २०.४०% र पुरुषको १८.३६% रहेको पाइन्छ भने मधेसीमा महिला ४१.०२%र पुरुष २०.५१% रहेको जसमा प्राथमिक संख्या कम रहेको देखिन्छ । कामी जातिमा महिला ५०% र पुरुष २५% रहनुले पनि हरेक जातजातिमा प्राथमिक तहमा पुरुषको तुलनामा महिलाको संख्या बढी रहेको पाइन्छ । त्यस्तै माध्यामिक तहको शिक्षाको स्तरमा ब्राह्म्ण/क्षेत्री महिलाको संख्या १३.०४% र पुरुषको संख्या १७.३९%रहेको पाइन्छ भने आदिवासी जनजातिमा महिला १४२८%र पुरुषको २०.४० %रहेको देखिन्छ । जसबाट माध्यामिक तहमा पुरुषको भन्दा महिलाको संख्यामा कम रहेको देखिन्छ । जसमा पुरुषको साक्षरता बढी पाइन्छ भने महिलाको संख्या कम हुनुमा पुरुषको भन्दा महिलाको साक्षरता कम रहेको देखिन्छ । भने मधेसी महिलामा १२.८२%र पुरुषको १५.३८ % रहेको देखिन्छ साथै कामी जातिमा महिला ५%र पुरुषको संखया रहनुले पनि कामी जातिमा शिक्षाको स्तर पुरुषको तुलना धेरै कम रहेको देखिन्छ भने पढाईको स्तर कम हुनुमा चाडो उमेरमा विवाह गर्नुको जनचेतनाको कमी भएको पाइन्छ भने हरेक जातजातिको शैक्षिक स्तर महिलाहरुको पढाईको स्तर प्राथमिकता वढी देखिन्छ भने माध्यमिकमा न्यून मात्रामा रहेको देखिन्छ भने पुरुषको प्राथमिक का साथै माध्यमिक शैक्षिक स्तर वढी रहेको देखिन्छ भने उच्च शिक्षाको स्तरलार्य हेर्दा हरेक जातजातिमा ब्राह्म्ण/क्षेत्री महिला १०.८६%साथै पुरुष १९.५६% हुनुमा र आ. जनजातिमा महिला१०.२०%र पुरुक्षको संख्या १६.३२%रहेको देखिन्छ भने उच्च शिक्षामा ब्राह्म्ण/क्षेत्री र आ. जनजाति को महिलाहरुमा समानता पाइन्छ भने पुरुषमा केही मात्रामा बढी ब्राह्म्ण/क्षेत्री रहेको देखिन्छ । त्यसै मधेसी जातिमा महिलाको संख्या २.५०%र पुरुषको ७.६९% रहेको देखिन्छ जसले अन्त्य जातिको तुलना कम रहेको देखिन्छ भने चाडै विवाह गर्ने हुदाँ पढाईमा स्तर न्यूतन रहेको देखिन्छ । सानै देखि व्यापार/व्यवसायको संलनताको कारण पढाई वीचना छुट्टने गरेको देखिन्छ भने अन्य जातिको आधारमा कामी जातिको आर्थिक स्थिति का साथै ज्यालामजदुरी गर्ने

साथै जनचेतनाको कमीले पनि शिक्षाको स्तर अन्यको तुलनामा अन्त्यै न्यून रहेको देखिन्छ ।

यसरी हेर्दा वर्तमान अवस्थामा शिक्षाको महत्व हुदाँहुदै पनि कामी जाति मा पढाईको अग्रसरता कमी रहेको देखिन्छ । तर पनि कामी जातिहरु धेरै मात्रामा प्राथमिक सामान्य स्तरमा रहनुमा उनीहरुमा आर्थिक अवस्थाको कमी का साथै सानै उमेरमा ज्याला मजदुरी गर्ने जस्ता देखिन्छ भने स्थलगत अध्ययन पढाईको महत्वलाई बुझेको पाइन्छ भने बढी मात्रामा अग्रसर हुन हरेक जातजातिमा नया पिढीहरुलाई पढ्ने पढाउने साथै एक अर्को जातिलाई हौसला दिने अगि वढ्ने तथा सरकारबाट आएका आरक्षणको महत्वलाई बुझी पढाईमा अगिवढ्ने गरेको देखिन्छ भने कामी जातिलाई सरकार बाट गर्ने सहयोग साथै फी तथा ड्रेस प्राप्त गर्ने हुँदा अन्य जाति सरह पढाईमा केहि मात्रामा भएपनि अगाडी बढ्न गरेको देखिन्छ।

त्यस्तै शैक्षिक आधारमा विद्यालयको विवरण हेर्दा तलको तालिकाबाट बुझ्न सकिन्छ ।

**तालिका२०**

**जातजातिको शैक्षिक आधारमा विद्यालयको विवरण**

| जातजाति | सरकारी | प्रतिशत | निजि | प्रतिशत | | |
|---|---|---|---|---|---|---|
| ब्राह्म्ण/क्षेत्री | ६ | ६०% | ४ | ४०% | १० | १००% |
| मधेसी | ५ | ५०% | ५ | ५०% | १० | १००% |
| आ. जनजाति | ४ | ४०% | ६ | ६०% | १० | १००% |
| दलित | ८ | ८०% | २ | २०% | १० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका नं. २० वाट के स्पस्ट हुन्छ भने हरेक जातजातिको शैक्षिक स्तर हेर्दा ब्राह्म्ण/क्षेत्री, सरकारी स्कुलमा ६०% साथै निजी ४०% ले पढाएको देखिन्छ भने मधेसी५०%ले साथै निजीमा पनि ५०%हुनुका साथै आ. जनजाति सरकारी ४०%मा

साथै निजीमा ६०% ले हुनुका साथै अन्य जातिको तुलना सरकारी ८०% रहेको साथै निजीमा २०% पढाउने गरेको देखिन्छ ।

शिक्षाको स्तरको हेर्दा हरेक जातिमा पढाईको महत्व बुझ्नुका साथै सरकारी का साथै निजी स्कुल मा पनि संलग्नता देखिन्छ ।

## ५.३ राजनितिक स्थिति सम्बन्ध

हाथिलेट गाउँ विकास समितिको राजनितिक सम्बन्धलाई हेर्दा हरेक जाति हरेक राजनितिक पार्टीमा आवद्ध रहेको पाइन्छ भने कुनैपनि जातिमा जातिगत पार्टी हुदैन । पार्टी सबैको जातिको साझेदारी रहेको पाइन्छ । मानिस सामाजिक प्राणी भएकोले मानिसहरु एक अर्को वीच विभिन्न सम्बन्धहरुमा बाधिएर रहेको हुन्छ । यसरी नै समाजमा रहने बस्ने क्रममा समाजमा विभिन्न पक्षहरुमा एक अर्को वीच सम्बन्धहरु रहेको पाइन्छ भने राजनितिक पनि अन्य पक्षहरु जस्तै एउटा महत्वपूर्ण पक्षको रुपमा सामाजिक संस्थाको रुपमा राजनितिक रहेको पाइनछ । यस हाथिलेट गा.वि.स मा बसोवास गर्ने विभिन्न जातजातिहरुमा र यस समाजमा पनि राजनितिक एउटा महत्वपूर्ण रुपमा रहेको पाइन्छ यहाँको सम्पूर्ण जातजातिहरु विभिन्न राजनितिक पार्टीहरुमा आवद्ध रहेको पाइन्छ भने चुनावको बखत यहाँ का जातजातिहरु प्रचार प्रसार र विभिन्न राजनितिक दलहरुलाई सहयोग गरेको तथ्यहरुपनि रहेको देखिन्छ । यस क्षेत्रमा जातजातिहरु विशेष गरि चारवटा राजनितिक पार्टीमा आवद्ध रहेको पाइन्छ र उनीहरुले राजनितिक रुपमा आफ्नो जाति बाहेक अन्य जातिहरु सँगको सहयोग संलग्नता भेदभावपूर्ण व्यवहार प्रभाव, प्रोत्साहन एक अर्को जातजातिहरुमा के कस्तो सम्बनध रहेको छ भन्ने सम्बन्धलाइ्र तालिका द्वारा प्रस्टाइएको छ जुन निम्नानुसार रहेको छ ।

## तालिका २१

### जातजातिको आधारमा राजनितिक पार्टीमा संलग्नताको विवरण

| जातजाति | राष्ट्रिय समाजवादी मधेष | | नेकपा एमाले | | कांग्रेस | | जनमुक्ति | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | |
| ब्राह्म्ण/क्षेत्री | २ | २०% | १ | १०% | ७ | ७०% | | | १० | १००% |
| आ. जनजाति | ६ | ६०% | – | – | – | – | ४ | ४०% | १० | १००% |
| मधेसी | ४ | ४०% | ६ | ६०% | – | – | – | – | १० | १००% |
| दलित | ३ | ३०% | ७ | ७०% | – | – | – | – | १० | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिकानं. २१लाई हेर्दा  हरेक जाति विभिन्न पार्टीमा आवद्ध रहनुका साथै ब्राह्म्ण/क्षेत्रीहरु धेरै कांग्रेस (७०%) पार्टीमा वढी मात्रामा आवद्ध रहेको पाइन्छ भने राष्ट्रिय मधेसी समाजवादी पार्टीमा २०%र नेकपा एमाले १०% आवद्ध रहेको पाइन्छ भने त्यस्तै आ् जनजाति धेरै मात्रामा राष्ट्रिय मधेष समाजवादी (६०%) पार्टीमा संलग्नता रहेको पाइन्छ भने साथै जनमुक्ति ४०% पार्टीमा आवद्ध भएको पाइन्छ भने नेकपा एमाले र कांग्रेसमा न्यून संलग्नता रहेको पाइन्छ । यसैगरी मधेसी धेरै नेकपा एमाले पार्टीमा ६०%संलग्नता रहेको साथै समाजवादी पार्टीमा ४०%रहेकोमा कांग्रेस र जनमुक्तीमा न्यून (शून्य) रुपमा संलग्नता रहेको देखिन्छ ।त्यस्तै काम ी जातिको राजनितिक पार्टीको संलग्नतालाई हेर्दा धेरै मात्रामा नेकपा एमाले ७०%मा आवद्ध छन् भने समाजवादी मधेष पार्टी३०%मा संलग्नता रहेका छन् भने जनमुक्ति र काङ्ग्रेस पार्टीमा संलग्नता शुन्यता रहेको पाइन्छ ।

स्थलगत अध्ययन गर्दा एक जाति अर्को जातिगत पार्टीमा आवद्ध हुनैका साथै पार्टीगत रुपमा सहयोग तथा हौसला प्रोत्साहन दिने गरेको पाइन्छ भने आर्थिक

शैक्षिक सहयोग गर्ने गरेको पाइन्छ भने कामी जातिहरु धेरै मात्रामा नेकपा एमाले पार्टीले साथ सहयोग गर्ने हुदाँ धेरै मात्रामा आवद्ध रहनुका साथै अन्य पाटीमा पनि संलग्नता रहेको पाइन्छ । हरेक पार्टीमा राजनितिक रुपमा एक अर्को जातिलाई सहयोगको आश्वान दिने साथै प्रलोभन जस्ता विषयहरु द्वारा एक जाति अर्को जातिगत पार्टीमा सामेल हुने गरेको पाइन्छ भने कामी जातिहरु अन्य जातिको तुलनामा राजनितिक पहुचमा पुगेको पाइदैन ।

त्यसस्तै विभिन्न जातजातिको वीच पार्टीगत सहयोगलाई वुझ्न निम्न तालिकाबाट स्पस्ट पार्न सकिन्छ ।

**तालिका २२**

**जातजातिको आधारमा राजनितिक पार्टीमा आवद्ध जातिगत सहयोग**

| जातजाति | ब्राह्मण/क्षेत्री | | मधेसी | | आ. जनजाति | | दलित | | | % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | संख्या | % | संख्या | % | | |
| ब्राह्मण/क्षेत्री | ८ | ८०% | १ | १०% | १ | १०% | – | | १० | १००% |
| मधेसी | २ | २०% | १ | २०% | ६ | ६०% | – | | १० | १००% |
| आ. जनजाति | ७ | ७०% | १ | १०% | २ | २०% | – | | १० | १००% |
| कामी | १ | १०% | – | – | ७ | ७०% | १ | १ | १०% | १००% |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका नं. २२ बाट जातिगत राजनितिक पार्टीमा सहयोग हेर्दा सबै जातजाति एउटा मात्र पार्टीमा आवद्ध नहुने हुनाले सबै जातिहरु हरेक राजनितिक पार्टीमा आवद्ध भएको कारण एक अर्को जातिलाई राजनितिक हिसावले सहयोग गर्ने गरेको देखिन्छ भने हरेक जातजातिको पार्टीगत सहयोग मा ब्राह्म्ण/क्षेत्री ले वढी मात्रामा आफ्नै जातिलाइ् ८०% ले सहयोगमा साथै हौसला र प्रोत्साहन दिने गरेको पाइन्छ भने आ. जनजाति र मधेसी २०% जातिमा केही मात्रामा सहयोग गर्ने रेको देखिन्छ भने कामी जातिलाई सहयोग गर्नुका साथै उनीहरुलाई प्रोत्साहनका साथै अगि बढ्नको लागि कामी जातिलाई आवश्न दिने गरेको देखिन्छ । अन्य जातिको तुलनामा आ. जनजातिलाई वढी ब्राह्म्ण/क्षेत्रीले सहयोग गरेको ७०%देखिन्छ भने मधेसी जाति मा २०%र कामी ३०%ले मात्र सहयोग गरेको देखिन्छ ।

कामी जातिलाई अन्य जातिको तुलनामा आदिवासी जनजातिले ७०%वढी सहयोग गर्ने गरेको साथै आफ्नै जातिले १०% सहयोग गरेको पाइन्छ । राजनितिक रुपमा अन्य जाति भन्दा कामी जातिको संलग्नता सहभागिता न्यून रहेको साथै राजनितिक रुपमा पहुँचको मात्रा नरहेको देखिन्छ भने आर्थिक सहयोग प्रलोभन जस्ता कुराहरुलाइ् अन्य जाति ले सहयोग गरेको पाइन्छ राजनितिक रुपमा हामी जाति र अन्य जाति विच सहयोगका साथै सम्बन्धमा सुधार आएको पाइन्छ भने सामाजिक-साँस्कृतिक भन्दा राजनितिकमा विभिन्न जातिहरुको सहभागिता हुनुका साथै जातिगत नभएर राजनितिक पार्टीगत रहेको हुनाले भेदभाव, छुवाछुत जस्ता कुराहरुलाई त्यति स्वीकार्य गर्न गरेको देखिदैन् जसले गर्दा कामी जातिलाई जातिय भेदभाव वञ्चित रहनु परेको साथै अन्य जाति सँग सम्बन्ध सुधारान्मुख बन्ने गरेको पाइन्छ ।

राजनितिक रुपमा एक जातिले अर्को जातिलाई व्यवहारको रुपमा गरिएको भेदभाव गरेको नगरेको विवरणलाई तालिकाबाट स्पस्ट पार्न सकिन्छ ।

## तालिका २३

## राजनितिक रुपमा जातिगत व्यवहारको भेदभाव विवरण

| जातजाति | छ | | छैन | | | |
|---|---|---|---|---|---|---|
| | संख्या | % | संख्या | % | | |
| ब्राह्मण/क्षेत्री | १ | १०% | ९ | ९०% | १० | १००% |
| मधेसी | १ | १०% | ९ | ९०% | १० | १००% |
| आ. जनजाति | १ | १०% | ९ | ९०% | १० | १००% |
| दलित (कामी) | ५ | ५०% | ५ | ५०% | १० | १००% |
| | | | | | ४० | |

श्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका नं. २३ हेर्दा राजनितिक रुपमा धेरै जातजातिको बाहुल्यता भएको कारण पार्टीगत भेदभाव नभएतापनि जातिगत रुपमा आफ्नै पार्टी भित्र पनि एक अर्को जाति विच भेदभाव गर्ने उचनिचको व्यवहार गर्ने जस्ता कार्य देखिन्छ । अन्य जातिको तुलनामा कामी जातिले भेदभाव गरेको अनुभव पाएको देखिन्छ । जसले गर्दा छुवाछुतको भेदभाव रहेको पाइन्छ भने अन्य जातिले केही मात्रामा मात्र हेपेको दवाएको पाइन्छ । यसरी हेर्दा राजनितिक रुपमा एक अर्को जातिलाई प्रभाव पर्नुका साथै उनीहरुको सम्बन्धमा विस्तार आएको देखिन्छ । भने अन्य सामाजिक सांस्कृतिक पक्षमा भन्दा राजनितिक पार्टीमा भेदभाव हेप्ने तथा छुवाछुट्टको व्यवहार कम मात्रामा हुने गरेको देखिन्छ ।

यसरी हेर्दा राजनितिक पक्षलाई हाथिलेट गा. वि. स का धेरै जातिहरु राजनितिक रुपमा लागेका कारण धेरै ब्राह्मण/क्षेत्रीहरु साथै आ. जनजातिहरु राजनितिक पार्टीमा सक्रिय रुपमा लागेको पाइन्छ भने राजनितिक पार्टीको कुनै एउटा जातिगत समर्थन नहुने हुदाँ एउटा पार्टी भित्र धेरै जातिहरुको वाहुल्यता हुने भएको कारण उनीहर हरेककार्य तथा विभिन्न कार्यक्रमहरुमा सम्पर्कमा आउने साथै एक अर्को जातिलाई हौसला प्रोत्साहन र्गे भएको कारण जातजातिवीच सम्बन्ध बन्दै गएको पाइन्छ ।

# अध्याय ६

## साराशंर निष्कर्ष

### सारांश

यो शोधकर्ताको मुख्य उद्देश्य महोत्तरी जिल्ला हाथिलेट गाउँ विकास समितिका कामी जाति र अन्य जातिहरुको सामाजिक आर्थिक राजनितिक तथा शैक्षिक सम्बन्ध एकजाति ले अर्को जातिमा पारेको प्रभाव विश्लेषणमा आएको परिवर्तनको अध्ययन गर्नु हो। नेपालमा रहेका विभिन्न समुदाय जस्तै कामी समुदायमा पनि आफ्नै किसिमका मौलिक संस्कृति जातिय पहिचान रहेको हुन्छ ।कामी समुदाय र अन्य जातजाति सँग सम्बन्धित विभिन्न तथ्याङ्क संकलन गर्दा प्राथमिक विधि अन्तर्गत सहभागि अवलोकन प्रश्नावली प्रमुख जानकर व्यक्तिहरु सँगको अर्न्तवार्ता र द्वितिय विधि अन्तर्गत सरकारी एंव गैर सरकारी प्रशासन सामग्री प्रयोग गरियो यस्ता तथ्याङ्कहरु अनुसन्धानको उद्देश्य अनुरुप उनीहरुको सामाजिक-सांस्कृतिक, शैक्षिक तथा राजनितिकका विभिन्न पक्षहरुमा सम्बन्धमा तथ्याङ्क प्राप्त गरियो ।

यस हाथिलेट गाविस वडा २ विजयवस्तीको ४० घरपरिवारमा कामी जाति र अन्य जातजाति रहेको छ । दलित अन्तर्गत पर्ने कामी जाति एक जाति हो । नेपालमा पूर्व मेची देखि पश्चिम महाकाली सम्म बसोवास गर्ने यो जाति अन्य जातिको तुलनामा शिक्षा  तथा जनचेतनाका विषयमा अन्त्यै पिछ्राडिएको देखिन्छ ।समग्रमा कामी र अन्य जातिको सम्बन्ध अन्य जातिले गर्ने व्यवहार एक जाति वाट अर्को जातिमा परेको प्रभाव को खोजी अध्ययन अन्त्यै कम भएको अवस्था मा दलित आयोग गठन भएतापनि कामी जातिको आर्थिक, शैक्षिक, राजनितिक रुपमा उल्लेखनिय प्रगति नदेखिएको साथै दलित आयोगबाट पनि समग्र दलित तथा कामी जातिकाअन्य जातजाति सँगको सम्बन्ध प्रभाव खोज अध्ययन भइनसकेको अवस्थामा कामी जातिको अध्ययन गर्नुपर्ने भएकोले यस क्षेत्रमा जातजातिको सम्बन्धलाई सिमित क्षेत्र र तहमै पुरा गर्ने उद्देश्य लिएर यो अध्ययन गरिएको हो ।

प्रस्तुत अध्ययन हाथिलेट गा.वि.स वडा नं. २ का विजयवस्तीका कामी जाति र अन्य जातजातिमा गरिएको छ । यस अध्ययनको मुख्य उद्देश्यको रुपमा कामी जाति र अन्य जातजाति सँग भएका सामाजिक-सांस्कृतिक, आर्थिक, राजनितिक तथा शैक्षिक सम्बन्ध र कामी जाति र अन्य जातजाति वीचको विविध सम्बन्धमा एक अर्कोलाई परेको प्रभाव विश्लेषण गरी उनीहरुको सम्बधको अवस्थालाई प्रकाश पर्नु रहेको छ । अध्ययनको उद्देश्यलाई हेर्दा कामी जाति र अन्य जातजातिहरु वीच सामाजिक साँस्कृतिक अवस्थामा उनीहरुले आफ्नो संस्कार, चाडपर्व, धर्म आदि पक्षहरु साथै एक जाति र अर्को जाति वीच अन्तजातिय विवाह सम्बन्ध र सामाजिक रुपले स्वीकार्य गरेको नगरेको जस्ता पक्षहरुमा अन्य जातजातिहरुको सहयोग स्वीकार्य जातजातिहरुको पारिवारिक संरचना, शैक्षिक, अवस्था, राजनितिक अवस्था, आर्थिक क्रियाकलापमा सहयोग लेनदेन जस्ता अवस्थाको बारेमा प्रकाश पार्न रहेको छ । अध्ययनको महत्व सम्बन्धमा यस अध्ययन क्षेत्रमा जातजातिहरु वीचको सम्बन्धको अवस्थालाई कहि कतैवाट अध्ययन नगाडिएको यस अध्ययन क्षेत्र छनौट गरिएको छ ।

नेपालको भौगोलिक बनावट अनुसार विभिन्न जातजातिहरुको आ-आफ्नै भाषाशैली संस्कृति जीवनशैली र धार्मिक संस्कार रहेका छन ।यी विविधतायुक्त जातिगत समुदायहरुको एकता नै अध्ययन क्षेत्रको एकता कायम भएको छ । सन्दर्भ साहित्यको समिक्षागर्ने क्रममा इतिहासकार, विद्वान, वर्ग समाजशास्त्री मानवशास्त्रीहरुले हाल विभिन्न जातजातिको अध्ययन अनुसन्धन निस्कर्ष र भनाईहरु तथा कामी जाति तथा अन्य जाति सम्बन्धी लेख रचनाहरुलाइृ समावेश गरिएका छ । यस अध्ययनलाई पूर्ण रुप दिन विभिन्न तरिकाबाट तथ्याङ्क संकलन गरिएको छ । अध्ययन क्षेत्रमा  वर्णनात्मक अनुसन्धान विधि सहभागी स्थलगत अवलोकन विधि प्रयोग गरिएका छ भने प्राथमिक श्रोत्र प्रश्नावली, अन्तवार्ता, प्रमुख जानकर व्यक्ति सँग शोधपुछ गर्नुका साथै द्वितीय श्रोतबाट सरकार एवम् गैर सरकारी प्रशासन लेख रचना, साहित्य स.कलन गरिएको छ भने नमुना छनौटका आधारमा कुल घर संख्या ४० घरलाई  अध्ययनको रुपमा लिइएको छ । यसरी हेर्दा ४० घरका घरमुलीहरुलाई घर गन्ती आधारमा तयार पारिएको निर्मित प्रश्नावली सुची प्रयोग गरी तथ्याङ्क

संकलन गरिएको छ । संकलित तथ्याङ्कलाइृ विभिन्न तातिकामा तालिकिकरण साथै विश्लेषण समेत गरिएको छ । यस अध्ययन क्षेत्रमा विभिन्न जातिहरुको वसोवास रहेकाले एक अर्को जातिको विभिन्न पक्षहरु सम्बन्धको अध्ययन गरी प्रभाव र विश्लेषणलाई प्रस्टाइएको छ ।

यस क्षेत्रमा जातजातिहरुको सामाजिक सांस्कृतिक अध्ययन गर्दा यहाँको जातजातिहरुको आ-आफ्नै संस्कार भाषा शैली जविनशैली रहनसहरन परम्परागत मौलिकता रहेको पाइन्छ भने सबै जातजातिहरु नेपाली भाषा बोल्ने र बुझ्ने गरेको पाइन्छ । एक जाति र अर्को जातिको जन्म र विवााह संस्कार, जातिय संस्कार द्वारा जाने बोलाउने गरेको देखिन्छ भने यस क्षेत्रमा अन्तर जातिय विवाहलाई पनि मान्यता दिनुका साथै आत्मसाथ गर्ने गरेको देखिन्छ भने हरेक जाति अर्को जाति सँग विवाह वन्धनमा बाधिएको पाइन्छ भने मृत्यु संस्कार एक अर्को जातिवीच सहयोग उपस्थिति लाई हरेक जातिको राम्रो मान्ने गरेको पाइन्छ भने आफ्नो जातिगत संस्कार अनुरुप नै आफ्नै जातिका रुपमा मृत्यु संस्कारका साथै अन्य संस्कार गरेको देखिन्छ । त्यस्तै यस क्षेत्रमा धेरै जातिहरुको वाहुल्यता भएको कारण धेरै हिन्दु धर्मालम्वी रहेको पाइन्छ भने वर्तमान समयमा आत्मसाथ गर्दै अन्य धर्महरु क्रिश्चियन बौद्ध आत्मज्ञान, ओमशान्तिधर्मलाई सबै जातिहरुले मान्ने-लिने गरेको देखिन्छ भने धार्मिक कार्यहरुमा एकजाति अर्को जातिको जाने बोलाउने गर्ने गरेको देखिन्छ भने क्रिश्चियन केही मात्रामा जाने साथै आदिवासी जनजाति जसमा (मगर जाति) बौद्ध धर्म लेखाएतापनि भन्ने गरेको भएतापनि सबै हिन्दु धर्मालम्बीको संस्कारलाई अपनाएको देखिन्छ । चाडपर्वको आधारमा हेर्दा हरेक जातजातिले एक अर्कोको चाडपर्वलाई अपनाएको साथै केहि अवलम्बन गरेको देखिन्छ । भने एक अर्कोको जातिगत रहनसहनलाई पनि अपनाएको देखिन्छ । त्यस्तै एक जातिले अर्को जातिको भाषा बोल्ने-बुझ्ने गरेको पाइन्छ भने अन्य जातजाति र मगर (मधेसी) को आ-आफ्नै भाषा रहेतापनि वढी नेपाली भाषा बोल्ने तथा कामी जाति ले नेपाली भाषा र रहनसहन ब्राह्मण/क्षेत्री सँग मिल्ने गरेको साथै कथ्य फरक भएतापनि लेख्य एउटै रहेको पाइन्छ ।

सामाजिक साँस्कृतिक दृष्टिकोणले उनीहरुको जन्म संस्कार, विवाह, चाडपर्व तथा मृत्यु संस्कार फरक भएतापनि हरेक जातिले आ-आफ्नै किसिमले आफ्नो धर्म संस्कृतिलाइ जोगाइराखेको हुनाले पनि यस गाउ एउटा नमुनायुक्त रहेको देखिन्छ । छुवाछुतको भेदभावलाई जातिय रुपमा क्षेत्री/ब्राह्मण मधेसीले अन्य जातिको तुलना छुवाछुत जस्ता व्यवहार लाई लिएतापनि पहिला जस्तो कठोर व्यवहार नगर्ने जस्ता पाइन्छ भने आदिवासी जनजातिमा भने केहि लचिलोपन देखिन्छ । हरेक जातिले एक अर्कोलाई सहयोग गर्ने कार्य सघाउने तथा सम्वन्धलाई सुदृढ पारेको पाइन्छ भने वर्तमान समयमा आएर कामी जाति र अन्य जातिवीच सामाजिक साँस्कृतिक सम्बन्धमा धेरै मात्रामा सुधार आएको र अझ आउने क्रम जारी रहेको पाइन्छ ।

त्यस्तै आर्थिक सम्बन्धम अध्ययन गरेर हेर्दा हरेक जातजातिमा कृषी पेशा मुख्य तथा केही आंशिक रुपमा रहेको पाइन्छ भने धेरै जातिले व्यापार र व्यवसाय मधेसी जातिले अपनाउको पाइन्छ भने रोजगारीमा ब्राह्मण/क्षेत्री के अग्रसरता देखिन्छ भने व्यापार/व्यवसाय र वैदेशिक रोजगारलाई आदिवासी रहेको देखिन्छ । यसरी हेर्दा वर्तमान समयम कृषि पेशालाई भन्दा अरु पेशालाई जोड दिएको पाइन्छ । व्यापार व्यवसायलाई वढी आत्मसाथवाट पनि कृषि लाई छाड्ने क्रममा साथै आकाशको भरोसा रहनुले पनि समस्या देखिन्छ । सबै जातिहरु वैदेशिक रोजगारीलाई पनि अपनाएको देखिन्छ भने कामी जातिहरुमा परम्परागत पेशालाई छाडेको पाइन्छ अन्य पेशालाई वढी आत्पसाथ गरेको देखिन्छ । ज्याला मजदुरी तथा वैदेशिक रोजगारीमा वढी संलग्नता रहेको कारण कामी जाति र अन्य जाति वीचको आर्थिक सम्बन्धमा हरेक जातजाति वीच ऋण सापटी लिने दिने व्याज तथा अचौ-पचौ दिने लिने गरेको देखिन्छ । वढी मात्रामा आफ्नै जातीगत रुपमा सापटी दिने तथा दिने गरेता पनि वढी मात्रामा आदिवासी जनजाति सँग ऋण लिनेदिने गरेतापनि अन्य जातिको तुलना मा कामी जाति सँग आर्थिक कारोवार धेरै मात्रामा नगर्ने गरेको देखिन्छ । हरेक जाति वैदेशिक रोजगार तथा ज्याला मजदुरी गरेर पनि आर्थिक रुपमा सवल हुनुका साथै विभिन्न समुह तथा संगठन जस्ता सरकारी, गैरसरकारी संस्थाले पनि सुलभ तरिकाबाट व्याज दिने तथा ऋण माग गर्न पाउने हुदाँ जातिगत रुपमा आर्थिक

सम्बन्ध राम्रो हुनुका साथै कामी जातिले परम्परागत पेशा (आरन कुट्ने, विस्टको प्रथा) लाई छाडेर वढी अन्य पेशालाई वैदेशिक रोजगार ज्यालामजदुरी सिकर्मी, डकर्मी पेशामा वढी संग्लता हुनुका साथै आर्थिक स्तरमा सुधार रहेको कारण अन्य जाति सँग आर्थिक सम्बन्ध राम्रो हुन गएको पाइन्छ ।

समाज मानवीय सम्बन्धको जालो हो । हरेक समाजमा शिक्षा एउटा आवश्यक तत्व रहेको पाइन्छ । शैक्षिक सम्बन्धलाइ ब्राह्मण/क्षेत्री को संलग्नता वढी रहेको देखिन्छ भने आदिवासी जनजाति र मधेसीको मात्रा रहेको देखिन्छ भने कामी जाति अन्य जातिको तुलनामा उच्च शिक्षाको स्तरमा न्यून रहेको पाइन्छ भने शिक्षाको महत्व बुझ्तेतापनि पढाईमा अगि वढ्नु नसक्नु लाई आर्थिक स्तरलाई मान्न सकिन्छ भने वर्तमान समयमा आएर हरेक जातिले सरकारी र निजि स्तरमा पढाएको देखिन्छ भने जनजातिले आरक्षणलाई बुझ्नु, मधेसी तथा कामी जातिले सरकार बाट पाउने आरक्षणलाई साथै पिछडिएको जातिको कारणले पनि अहिले आएर पढाईमा अग्रसरता वढाएको पाइन्छ । कामी जाति र अन्य जातिको रुपमा कमी रहेतापनिएक अर्को जाति वीच सानो ठूलो भेदभाव नरहेको साथै हरेक जातिले अर्को जातिलाई पढ्नु प्रोत्साहन, हौसला गर्ने शैक्षिक रुपमा सहयोग गर्ने  गरेको साथै सामाजिक शैक्षिक कार्यहरुमा एक अर्को जातिगत रुपमा सहयोग गर्ने गरेको देखिन्छ । वर्तमान अवस्थामा शिक्षाको जनचेतनाका कारण तथा परिवर्तन र प्रभाव सँगै त्यस क्षेत्रमा अन्य जातजातिहरुमा कामी जातिलाई लिएर सकारात्मक सोच, भेदभाव विहिन विचार रहेको पाइन्छ । कामी जाति पनि अन्य जाति सरह पढ्नु पर्छ भन्ने अघि बढ्नु उनीहरु पनि अन्य जाति जस्तै समाजको हिंसा हो जस्ता कुराहरु प्रति सकारात्मक सोच रहेको साथै पछिल्लो पुस्ताहरुमा व्यवहारित पूर्ण भेदभाव हटेर गएको पाइन्छ ।

त्यस्तै राजनितिक सम्बन्धको अध्ययन गर्दा हरेक जातजाति एक जाति र अर्को जातिगत रुपमा पार्टीमा आवद्ध रहेको पाइन्छ । राजनितिक पार्टी एउटा जातिमा मात्र सिमित या यस जातिको मात्र हो भन्ने भावना नरहेको जातजातिमा रहेको देखिन्छ । जसमा ब्राह्मण/क्षेत्री कांग्रेस र राष्ट्रिय मधेष पार्टीमा रहेको छ भने आदिवासी जनजाति धेरै राष्ट्रिय मधेष पार्टीमा रहेको छ भने जनमुक्ती पार्टीमा पनि संलग्ना

पाउन सकिन्छ भने मधेसी जनमोर्चा पार्टीमा रहेको देखिन्छ । कामी जाति धेरै मात्राम जनमोर्चा रहेको देखिन्छ । जसमा हरेक पार्टीका मानिस वा जाति अर्को जातिहरुलाई सहयोग राजनितिक सहयोग, आर्थिक सहयोग साथै कामी जातिलाई शैक्षिक सहयोग गर्ने गरेको देखिन्छ । राजनितिक रुपम धेरै जातिहरुको सहभागिता भएको कारण एक अर्को जातिलाई सम्बन्ध बलियो बन्ने गरेको पाइन्छ भने एक जाति अर्को जातिलाई हेर्न दृष्टिकोण बद्लिएको पाइन्छ । अन्य पक्ष जस्तै राजनितिक एक सम्बन्धकोरुपमा बलियो पक्ष रहेको् साथै पारिवारिक सहयोग परिवार र सदस्य सबै दुवै पार्टीमा आवद्ध हुने तथा एकले अर्को जातिलाई सहयोग गर्ने तथा आर्थिक, शैक्षिक अन्य विविध रुपमा सहयोगात्मक भावना राख्ने गरेको पाइन्छ भने सबै जाति एकै हुन् भन्ने भावनामा भेदभाव नराख्ने, छुवाछुत जस्ता कु संस्कार प्रथालाई नमान्ने जस्ता कार्यहरुले कामी जाति र अन्य जातिको राजनितिक सम्बन्ध वलियो बन्ने रहेको पाइन्छ ।

मनमुटाव हुने समाजमा मानिसहरु मिलेर बसेतापनि केहि न केही रुपम मनमुटाव हुने पाइन्छ भने विभिन्न जातजाति र उनीहरुको जातिगत विचार, रहनसहन, भाषाशैली,जीवनशैली, परम्परागत सोच विचार फरक-फरक जातिगत रुपमा रहेको हुन्छ । समाज विभिन्न जातजाति र उनीहरुको विभिन्न जातिय संस्कारको जालो पनि भन्न सकिन्छ ।जसमा जातजाति वीच जातिय संस्कारको माध्यमबाट सम्पर्कमा आएको देखिन्छ भने छिमेकी समाज र समुदाय बन्ने क्रममा सामाजिक सोचको परिवर्तन रुपमा रहेको साथै जातिगत रुपमा एक जाति र अर्को जाति प्रति भावात्मक सम्बन्ध रहनुका साथै द्वन्द्वाात्मक रुपमा पनि समाज अगि वढेको पाइन्छ भने जातिय पहिचानको खोजी साथै मनमुटाव हुने कहिलेकाही अन्य जाति सँगपनि हुने गरेको पाइन्छ भने समाजमा बसेपछि एक अर्को वीच कहिलेकाहि मनमुटाव हुनु स्वभाविक मान्ने गरेको साथै उनीहरुको सम्बन्ध लामो समयसम्म मनमुटाव नरहने गर्दा मनोवैज्ञानिक तवरले एक जाति र अर्को जाति सँग समवयात्मक सम्बन्ध रहेको देखिन्छ ।

## निष्कर्ष

यस अध्ययनमा ४० घरधुरीलाई उत्तरदाताको रुपमा लिएको छ यस क्षेत्रमा सबै जातजातिहरुको वढी मात्रामा एकात्मक परिवार रहेकाछन् । यस अध्ययन क्षेत्रका जातजातिहरु मा साक्षरता दर सबैभन्दा मधेसी र कामी जातिमा साक्षरता दर न्यून रहेको देखिन्छ । जसको कारण छिटो विवाह, जनचेतनाको कमी र आर्थिक रुपमा रहेको देखिन्छ । त्यस्तै सामाजिक-सास्कृतिक रुपमा समाजमा विभिन्न चाडपर्व मेलापर्व, दिन-दुःख पर्दाको बखतमा यहाँका सम्पूर्ण जातजातिहरुले एक अर्को जातिले सहयोग गर्ने गरेको देखिन्छ भने अन्य जातिको कायृहरुमा सरिक रहेतापनि कामी जातिको संस्कारमा अन्य जातिको उपस्थिति धेरै मात्रामा नहुने गरेको देखिन्छ । यस क्षेत्रमा रहेको जातजातिको शैक्षिक वैवाहिक, धार्मिक पक्षहरुमा जातजातिले सहयोग गर्ने गरेको देखिन्छ भेन वैवाहिक समारोहमा धेरै जाति साथै वढी मात्रामा आफ्नै जातिका ले आर्थिक साथै अन्य कार्यहरुमा सहयोग गरेको देखिन्छ विभिन्न साँस्कृतिक समारोहमा एक जातिले अर्को जातिको उपस्थितिलाई राम्रो मान्नुका साथै जातिय संस्कार, चाडपर्व, भाषाशैली, जीवनशैली लाई अन्य जातिले आशिंक रुपमा अवलम्वन गरेको देखिन्छ भने धार्मिक कुरिति, कुप्रथा, भेदभावपूर्ण छुवाछुत, तल्लो जाति, माथिल्लो जाति भन्ने भावनालाई एक जाति र अर्को जातिमा हटाएको पाइनुका साथै केही जातिमा (ब्राह्म्ण/क्षेत्री/मधेसी) आशिंक रुप रहेको देखिन्छ भने आर्थिक पक्षमा ऋण सापटी सहयोग पनि वढी मात्रामा आफ्नो जातिमा आदान प्रदान गर्ने गरेतापनि अन्य जाति सँग पनि ऋण लेनदेन गरेको पाइन्छ भने गाउँमा आमा समुह, सामुदायिक स्कुल, सामुदायिक बजार बसाल्नुले पनि त्यहाँको जातजाति वीच सामाजिक रुपमा एकरुपता रहेको पाइन्द्ध । यहाँको जातजातिको मुख्य पेशा कृषी भएता पनि कृषिका साथै कृषीका साथै अन्य पेशा लाई वढी अंगालेको पाइन्छ । धेरै मात्रामा व्यापार व्यवसायमा लागेको देखिन्छ । वैदेशिक रोजगारी लाई पनि सबै जातिमा सहभागिता रहेको देखिन्छ भने कामी जाति ज्यालामजदुरी वढी मात्रामा संलग्नता रहेको देखिन्छ ।

राजनितिक रुपमा यहाँका जातजातिहरु मध्ये वढी सक्रिय जाति ब्राह्म्ण/क्षेत्री र आदिवासी जनजाति साथै मधेसी र कामी जातिको पनि सक्रियता रहेको देखिन्छ ।

हरेक जाति जातिगत रुपमा मात्र आवद्ध नभएर सबै पार्टीगत रुपमा आवद्धता रहेको देखिन्छ भने त्यस क्षेत्रमा मुख्य गरी ४ वटा राजनितिक पार्टीमा जातजातिको संलग्नता रहेको देखिन्छ । राजनितिक रुपमा वढी दविएको जाति कामी रहेको साथै अन्य जातिले हेपेको दवाएको लाग्ने महसुस गरेको छ भने आर्थिक प्रलोभन साथै शैक्षिक अन्य विविध पक्षहरुमा सहयोग गरिदिने आशावदी को रुपमा रहेको देखिन्छ यस्तो हुनुमा अन्य जातिको तुलनामा शैक्षिक साक्षरता कम जनचेतनाको कर्मा , आर्थिक स्तरको कमजोर रहेको देखिन्छ यस्तो हुनुमा अन्य जातिको तुलनामा शैक्षिक साक्षरता कम जनचेतनाको कमी आर्थिक स्तरको कमजोर रहेको देखिन्छ । त्यस्तै हरेक समाजमा मिलन मात्र नभई द्वन्द्व पनि गरेको साथै समाजमा जातजाति वीच राम्रो एकात्मक रुपमा रहेर वसोवास गरेतापनि धेरै थोरै मात्रामा द्वन्द्व पनि रहेको देखिन्छ जसमा आर्थिक लेनदेन जातियता भेदभाव केही मात्रामा देखिन्छ सबै जातिहरु सँग मेलमिलाप नहुन पनि सकिन्छ ।

यसरी समग्रमा यस अध्ययन क्षेत्रमा जातजातिहरुको कामी जाति र अन्य जातिहरुको विचको सामाजिक-साँस्कृतिक आर्थिक, धार्मिक शैक्षिक तथा राजनितिक सम्बन्धलाई विश्लेषण गर्दा यहाँ जातजातिहरु वीच प्रकार्यात्मक सम्बन्ध हुदाँ यस क्षेत्रको समाजको अस्तित्व रहिरहेको र समाजलाई निरन्तरता दिएको पाइन्छ भने अध्ययन क्षेत्रमा रहेको जाताजाति मध्ये ठूलो सङ्ख्या आदिवासी जनजातिहरुके रहेको हुनाले प्राय भाषाशैली र जातिय संस्कार ले अन्य जातिहरुमा प्रभाव पारेको पाइन्छ । आदिवासी जनजाति क्रिश्चियन बौद्ध धर्म हुनुमा साथै जातिय संस्कारहरुमा परिवर्तन आएको देखिन्छ भने कामी जातिय संस्कारहरुमा परिवर्तन आएको देखिन्छ भने कामी जातिहरु क्रिश्चियन धर्म हुनु ले पनि वर्तमान अवस्थामा धर्मलाई लिएर कुनै पनि भेदभाव धार्मिक संस्कार एक अर्को धर्म वीच द्वन्द हुने गरेको देखिदैन भने कामी जाति र अन्य जातिमा प्रत्यक्ष रुपमा सम्पत्तिमा अधिकार महिलाहरुमा देखिदैनभने। अरु जातिमा जस्तै कामी जातिमा पनि जग्गा जमिन पुरुषको नियन्त्रणमा रहेको देखिन्छ भने धरको मुल मानिस पछि मात्र महिलाको नाममा रहन्छ कामी समुदाय अरु जातिको तुलनामा आर्थिक तथा अन्त्यै पिछडिएका हुनाले सम्पत्तिमा अधिकार शुन्य

मात्रामा रहेको देखिन्छ । धार्मिक रुपमा हिन्दू धर्मलाइ मुख्य धर्म मानि आएका कामी तथा अन्य जातिहरु अन्य धर्मको  पनि प्रभाव परेको देखिन्छ । वर्तमान समयमा आएर अन्य जातिका प्रभावको कारण कामी जातिका युवाहरु विद्यालय विभिन्न सञ्चार माध्यमहरुको प्रभाव परि जातिय संस्कारका साथै लवाई खुवाई बोलिचालीमा उल्लेखनिय परिवर्तन आएको देखिन्छ भने छुवाछुत जस्ता कुरितिहरु सार्वजनिक सभा समारोह, हाट बजार, धारा पनि आदि स्थलहरुको उपभोग गर्न धेरै सहजता भएको देखिन्छ यसरी छुवाछुत जस्तो जातिय विभेद र कट्टरपन धार्मिक संस्कारमा पनि क्रमिक रुपमा परिवर्तन आएको साथै कामी जाति र अन्य जाति वीच समाजमा सकारात्मक प्रभाव पर्न गएको छ भने अन्तरजातिय विवाहलाई मान्यता दिएको साथै एक अर्को जाति विच प्रेम विवाह गरेको पाइयो ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने हाथिलेट गा. वि. सका कामी जाति र अन्य जाति विचको सम्बन्ध, अवस्था सुधार गर्नका निर्मित समामजिक सास्कृति आर्थिक शैक्षिक साथै राजनितिक स्थितिलाई महत्व दिइएको खण्डमा अन्य सम्पुर्ण कुरामा सुधार आउने अपेक्षा गर्न सकिन्छ ।

## सन्दर्भसामग्री


आहुती (२०६७), नेपालमा वर्ण व्यवस्था र वर्ण संघर्ष सम्पादक राजेन्द्र महर्जन प्रकाशन समता फाउन्डेसन पुल्चोक नेपाल ।

घरधुरी सर्वेक्षण, आधार वर्ष २०७२, हाथिलेट गा.वि.स ।

नेपाल अधिराज्य संविधान, २०४७, जनसुविधा प्रकाशन काठमाण्डौ, २०६५ ।

नेपालको अन्तरिम संविधान, २०६३ पाचौ संशोधन काठमाडौँ : बौद्धिक दर्पन , २०६५ ।

नेपालको अन्तरिम संविधान, २०६३, बाह्रौ संशोधन काठमाडौँ शीतल -सुलभ प्रकाशन, २०६९ ।

बराल, बासु (२०४४), हिन्दु सामाजिक संगठनको प्रारुप, काठमाडौँ : साझा प्रकाशन ।

मिश्र, चैतन्य (२०६७), दलित समस्या र राजनितिकध र अर्थशास्त्र प्रकाशक समता फाउण्डेसन, ललितपुर ।

मुलुकी ऐन २०२०, काठमाडौँ, कानुन किताव व्यवस्था समिति ।

राष्ट्रिय जनगणना (२०६८) जनगणना पकेटिङ्ग बुक, केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौँ ।

विश्वकर्मा, टि.आर (२०३०) नेपाल जन विकास परिषदको कार्यक्रम नितिर, राष्ट्रियस्तरको कार्यकर्ता गोष्ठि, जनकपुर प्रशिक्षण केन्द्र ।

हरियो नेपाल (२०६१) हाथिलेट गा.वि.स संस्था ।

Bista, D.B. 1976"People of Nepal" : Pustak Bhandar: Kathmandu

Bista, D.B. 2055'Sabbai Jaat Ko Fulbari'. 7th ed. Kathmandu: Sajha Publication.

Caplam L. 1970.'Land and Social Change in East Nepal: A Study of Hindutribal Ralations', Kathmandu: Himal Books Centre, 1970.

Caplam, A.P. 1972 'Priests and Cobblers: A Study of Social Change in a Hindu Village in Western Nepal', London Intertext.

Nepali, GS. 1965'The Newars', Bombay: United Asian Publication.

Parajuli, Dhirendra B. 2008 'The Process of Sankritization A many the Bishwokarma in Baglung Municipality Area', Journal on Sociology and Anthropology, Patan Multiple Campus. 2002.

Sharma, Khagendra, 1994 'A Modest Study Of Current Socio-economic Situation of Lowest Status Caste and Tribal Groups in Nepal.'A report submitted to the save the children, usa, 1994.

Sharma, Pragya Raj. 1997'Caste of Social Mobility and Saskritilization: A Study of Nepal's Old Legal Code', Kailash Magazine 1977, vol.4, p 2778-299.

His Majesty's Government, N.P.C., Nepal, 2002. Tenth Plan 2002-2007 Nepal.

# अनुसूची

## शोधपत्रका लागि प्रयोग गरिएको अन्तर्वाता सूची

१. व्यक्तिगत विवरण

क. नाम :

ख. उमेर :

ग. पेशा :

घ. शिक्षा :

ङ. धर्म :

च. लिंङ्ग :

२. पारिवारिक विवरण

| क्र.श. | नाम | लिङ्ग | उमेर | शिक्षा | वैवाहिक स्थिति | पेशा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

३. तपाईको परिवारको ढाँचा कस्तो छ ?

क. संयुक्त ख. एकल ग. बृहत

४. तपाईको परिवारको साक्षरताको स्तर कस्तो छ ?

| क्र.श | शैक्षिक योग्यता | महिला | पुरुष | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साधारण साक्षर | | | | |
| २ | प्राथमिक तह सम्म | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | निम्न माध्यामिक तह सम्म | | | | |
| ४ | माध्यामिक तह सम्म | | | | |
| ५ | उच्च शिक्षा | | | | |

५. तपाइको घरको सदस्यहरु कुन कुन पेशामा संलग्न हुनुहुन्छ ?

| क.श | मुख्य पेशा | संख्या |
|---|---|---|
| १ | कृषि | |
| २ | व्यापार-व्यवसाय | |
| ३ | जागिर | |
| ४ | बैदेशिक रोजगार | |

## सामाजिक सांस्कृतिक सम्बन्धका प्रश्नहरु

१. कुन उमेरमा विवाह गर्न उपयुक्त मात्रहुन्छ ?

क. १५ वर्ष अघि ख.१५-२० वर्ष सम्म ग. २०-३० वर्ष सम्म

घ. ३०-४० वर्ष सम्म

२. तपाइले कस्तो किसिमको विवाह गर्नुभएको हो ?

क. प्रेम विवाह ख. मागि विवाह ग. भागी विवाह

घ. विधवा विवाह ङ. अन्य

३. तपाईको परिवारमा अन्तरजातिय विवाह भएको छ ?

क. छ ख. छैन

४. तपाईको समुदायमा अन्तरजातिय विवाहलाई मान्यता दिईएको छ ?

क. छ ख. छैन

६. अन्तरजातिय विवाह भएको हो भने कुन जातिसँग भएको हो ?

क. ब्राह्मण ख. क्षेत्री ग. मगर

घ. मधेसी ङ. दलित

५. यदि सहर्ष स्वीकार गरेनन् भने कति समयपछि स्वीकार गरे ?

क. ६ महिना ख. १वर्ष अगावै ग. १ वर्ष पछि

६. तपाईले मनाउने मुख्य चाडपर्वमा अन्य जातिलाई बोलाउनु हुन्छ ?

क. बोलाउछु　　　　　　ख. बोलाउदिन

७. तपाइको घर दु:ख, मेला-पर्व हुँदा ॠन्य जातिहरुले सहयोग गर्छन कि गर्दैनन् ?

क. गर्छन　　　　　　ख. गर्दैनन्

८. यस्ता कार्यक्रमहरुमा कस्तो खालको व्यवहार पाउनुभएको छ  ?

क. सबैलाई समान व्यवहार　　　　　　ख. भेदभावपुर्ण व्यवहार गरेको

ग. ठिकै प्रकारको व्यवहार गरेको

९. तपाइ कुन भाषा बोल्नु हुन्छ ?

क. नेपाली भाषा　　　　　　ख. मगर भाषा　　　　　　ग. मैथली भाषा

१०. तपाइको जातिको संस्कार, रितिरिवाजहरुलाई, अन्य जातिले अवलम्बन गरेका छन् ?

क. गरेका छन्　　　　　　ख. गरेका छैनन्　　　　　　ग. थोरै गरेका छन्

११. तपाइको परिवारको मुख्य आम्दानीको स्रोतहरु के के हुन् ?

क. कृषि　　　　　　ख. व्यापार-व्यवसाय　　　　　　ग. जागिर

घ. वैदेशिक रोजगार　　　　　　ङ. अन्य

१२. तपाइलाई आर्थिक रुपमा कुन जातिले बढी सहयोग गर्ने गरेको छ ?

क. ब्राह्मण　　　　　　ख. क्षेत्री　　　　　　ग. मगर (जनजाति)

घ. मधेसी　　　　　　ङ. दलित　　　　　　च. अन्य

१३. तपाइले बढी मात्रामा कुन जातिसँग ऋण सापटी लिने गर्नुहुन्छ ?

क. ब्राह्मण　　　　　　ख. क्षेत्री　　　　　　ग. मगर (जनजाती)

घ. मधेसी　　　　　　ङ. दलित　　　　　　च. अन्य

१४.तपाइको आयस्रोतबाट अन्य जातिको सामाजिक सांस्कृतिक कार्यक्रमहरुमा तपाईले कुनैबेला आर्थिक सहयोग गर्नु भएको छ ?

क. छ　　　　ख. छैन

१५. यदि छ भने कस्तो सामाजिक सांस्कृतिक कार्यक्रममा सहयोग गर्नु भएको छ ?

क. शैक्षिक　　　　ख. धार्मिक　　　　ग. वैवाहिक

घ. सामाजिक संगठनहरु　　　　ङ. अन्य

## राजनितिक सम्बन्धका प्रश्नहरु

१. तपाइ कुन संस्था वा राजनितिक पार्टीसँग आबद्ध हुनुभएको छ ?

क. छ　　　　ख. छैन

२. यदि छ भने कुन संस्था वा राजनितिक पार्टीमा आबद्ध हुनुहुन्छ ?

क. ..........................

ख. ............................

ग. ............................

३. तपाइलाई त्यस संस्था वा राजनितिक पार्टीमा आबद्ध हुन कुन जातिका मानिस/व्यक्तिले प्रोत्साहन गरेका थिए ?

क. ब्राह्म्मण　　　　ख. क्षेत्री　　　　ग. मगार (जनजाती)

घ. मधेसी　　　　ङ. दलित　　　　च. अन्य

४. राजनितिक पार्टी भित्र तपाइलाई वढी मात्रामा कुन जति समुदायले हेपेकोवा हतोत्साहित गरेको पाउनुहुन्छ ?

क. ब्राह्म्मण　　　　ख. क्षेत्री　　　　ग. मगर (जनजाति)

घ. मधेसी　　　　ङ. दलित　　　　च. अन्य

## धार्मिक सम्बन्धका प्रश्नहरु

१. तपाइ कुन धर्म मान्नुहुन्छ ?

क. हिन्दु　　　　ख. बौद्ध　　　　ग. क्रिश्चियन　　　　घ. अन्य

२. तपाईको समुायमा बढी मात्रामा कुन धर्मावलम्बीहरुको बसोबास छ ?

क. हिन्दु ख. बौद्ध ग. क्रिश्चियन घ. अन्य

३. तपाइको धार्मिक कार्यक्रममा अन्य जाति उपस्थित हुन्छन् ?

क. हुन्छन् ख. हुदैनन्

**शैक्षिक सम्बन्धका प्रश्नहरु**

१. तपाइका छोराछोरीलाई कुन स्कुलमा पढाउनुहुन्छ ?

क. निजि ख. सरकारी ग. अन्य

२. तपाइलाइ अन्य जातिका व्यक्ति वा समुदायले शिक्षामा अग्रसर हुन प्रोत्साहन गरेको छ ?

क. छ ख. छैन

३. सरकारले शिक्षामा दिएको आरक्षणको व्यवस्थालाई यसबाट वञ्चित समुदायबाट ( ब्राह्मण/क्षेत्री) कस्तो धारणा पाउनुभएको छ?

क. राम्रो ख. नराम्रो

४. सरकारले छुट्टयाएको शैक्षिक आरक्षणलाई कुन जातिले बढी मात्रामा सदुपयोग गरेको पाउनुभएको छ?

क. जनजाति ख. मधेसी ग. दलित घ. अन्य

५. तपाइको समुदायमा बढीमात्रामा शैक्षिक अग्रसरता कुन जाति रहेको छ ?

क. ब्राह्मण ख. क्षेत्री ग. मगर (जनजाति)

घ. मधेसी ङ. दलित च. अन्य

६. विद्यालयमा तपाइका छोराछोरी र अन्य जातिका केटाकेटीविच शिक्षकहरुले भेदभाव गरेको पाउनुभएको छ ?

क. छ ख. छैन